सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका



लभगुरू

## रेखा थापा

पाठकहरूको समस्या समाधान गर्दैछिन्

पृष्ठ ११ मा

• वर्ष १२ • अंक १८ • काठमाडौं, शुक्रबार, भदौ ३०, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, Sep. 15, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-

# पानीको संसार



• अश्विनी कोइराला

यता पानी, उता पानी । कालो बादल मडारिएर आकाशबाट दर्किरहेको पानीमा नुहाउने कि झरनाबाट झरेको पानीमा नृत्य गर्ने ? मधुर सङ्गीतको आनन्दमा बहने पानीमा नुहाउने कि समुन्द्रको छालमा हुत्तिने ? अब विश्वका विकसित देशका मानिसहरूले पानीमा लिने सबै किसिमका आनन्दमा नेपालीहरू पनि रमाउन पाउनेछन् । पौडीपोखरीमा नुहाउने कला मात्र जानेका सहरी पुस्तालाई आकर्षित गर्दै नेपालमा पानीका थरीथरीका खेल भित्र्याइएको छ ।

गत साता काठमाडौंबाट धादिङ पुगेका एक दर्जन मोडल, केही पत्रकार, व्यवसायी तथा सयौं मानिस पानीको उक्त संसारमा अघाउन्जेल उफ्रिए । काठमाडौंबाट नजिक भए पनि दुई पहाडको खोचमा स्थित पीडा गाविसमा तापक्रम ३२ डिग्री सेल्सियस थियो । यो गर्मीको फाइदा उठाउँदै मोडलहरू पानीको छहरामुनि ओत लाग्न थाले । पत्रकारहरू भने मोडलहरूले रमाइलो मानी-मानी पानीसँग जिस्किएको तस्बिर कैद गर्न थाले । आठवटा विभिन्न शैलीका पोखरीमा भएको एक लाख लिटर पानीसँग करिब पाँच घण्टा लहसिँदा पनि कसैको धीत मरेको थिएन । 'हाम्रो सपनाले साकार रूप लिन्छ जस्तो लाग्यो ।' करिब २ सय जनाले रमाई-रमाई ती पोखरीमा पौडी खेलेको देखेर वाटर वर्ल्डका सञ्चालक ओमप्रसाद पाण्डेले साप्ताहिकसँग भने– 'योजनाको प्रारम्भमै मानिसको यो उत्साहले हामीलाई हौसला दिएको छ ।'

प्रदूषणले दिक्क भएका काठमाडौंवासीहरूका लागि बिदा मनाउने स्थानका रूपमा पानीको संसार विकसित गरिएको यसका बजार व्यवस्थापक कैलाश क्षेत्री बताउँछन् । वि.सं. २०५४ देखि काम सुरु भएको वाटर किङ्डमले भर्खर मात्र साकार रूप लिन थालेको छ । काठमाडौंदेखि ६१ किलोमिटर टाढा धादिङमा रहेको पानीको यो संसारलाई वाटर किङ्डम नाम दिइएको छ । मुम्बईको एक्सेल वर्ल्डको शैलीमा विकसित गर्न लागिएको यो क्षेत्र धादिङको ऊष्ण क्षेत्रमा पर्छ । वर्षको १० महिना दैनिक १० घण्टा पानीमा नुहाउन सकिने क्षेत्र भएकाले नै यो क्षेत्रलाई पानीको संसारका रूपमा विकसित गर्न लागिएको यसका सञ्चालकहरू बताउँछन् ।

वाटर किङ्डम एक सय रोपनीमा फैलिएको छ । वाटर किङ्डमलाई जिस्क्याउँदै छेवैमा त्रिशूली नदी बग्छ । त्रिशूली नदी किनारदेखि पृथ्वी राजपथसम्मका अग्ला-होचा डाँडालाई मिलाएर आकर्षक रूप दिइएको छ ।

बाँकी पृष्ठ ३ मा

## के हो वाटर किङ्डम ?

**विश्वका धेरैजसो मुलुक समुन्द्रले घेरिएका छन् । ठूला-ठूला सहर पनि समुन्द्रका किनारमा छन् । सहरको एकनासको जीवनबाट वाक्क भएकाहरू कहिलेकाहीँ समुन्द्रको लहरसँग जिस्कने, तातो बालुवामा सुतेर घामको किरणमा 'नुहाउने' चलन छ । सानै उमेरदेखि पानीसँगको सामीप्यताका कारण विकसित मुलुकमा पौडीपोखरीमा समय बिताउने चलन निकै लोकप्रिय छ ।**

**मानिसको यही कमजोरीको फाइदा व्यवसायीहरूले उठाउँछन् । समुन्द्रको पानी मात्रै देखेका सहरवासीलाई कृत्रिम खोला, झरना, पौडीपोखरी, बर्खाको पानी, कृत्रिम समुन्द्रको छाल आदि एकै स्थानमा बनाएर पानीमा लामो समय काट्न सक्ने व्यवस्था उनीहरूले मिलाएका हुन्छन् । यस्ता वाटर किङ्डममा चुम्बन, नृत्य, दौड प्रतियोगिता, नाउ चलाउने आदि अनेक प्रतियोगिता सञ्चालन गरिन्छ भने जापान, अमेरिका तथा स्वीडेनमा नवविवाहिताहरूको विभिन्न प्रतियोगिता पनि हुन्छ ।**


**अधिकांश भू-भागमा गर्मी हुने भएकाले भारतमा वाटर किङ्डम लोकप्रिय हुँदैछ । भारतमा मात्र वाटर किङ्डमको संख्या ५ हजार पुगेको अनुमान गरिन्छ । ठूलो लगानी तथा नयाँ सोचको कमीले नेपालमा भने यस्तो अवधारणा भर्खर मात्र भित्रिँदैछ ।**

सब्रिनाका अन्य आकर्षक तस्बिर आज दिउँसो १२ बजेपछि लभ्ली पोखरा डट कममा पनि हेर्न सकिनेछ ।






# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर मिल्नेछ। सोच्ने शक्ति बढ्नेछ। व्यवसायमा वृद्धि हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। विद्यार्थीहरूका लागि समय अनुकूल रहनेछ। धार्मिक कार्यमा मन जानेछ भने घरेलु समस्याले सताउने तथा समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्ने योग छ।

### सिंह

सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। अरुबाट सहयोग पनि प्राप्त होला। प्रसन्नता बढ्नेछ। मान तथा भोजन प्राप्तिको अवसर मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग भए पनि सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्नसक्छ।

### धनु

सोच्ने शक्ति बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। व्यवसायमा सोचेजस्तै सफलता प्राप्त होला। धार्मिक कार्यमा रुचि बढ्नेछ। मानसम्मान एवं आफन्तहरूको उचित सहयोग पाउन सकिन्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्नथाल्नेछन्। सोमबारदेखि स्वास्थ्यमा समस्या देखापर्ने, काममा बाधा खडा हुने तथा चिन्ता बढ्ने योग छ।

### वृष

विवाद एवं चिन्ता बढ्नेछ। घरेलु समस्याले पनि सताउन सक्छ। आफन्त बनेर धोका दिने एवं कुरा काट्नेहरू प्रशस्तै हुनेछन्। आइतबार, सोमबार तथा मंगलबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। मानसम्मान मिल्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। शत्रुदेखि सावधान रहनुहोला।

### कन्या

सुरुमा मानसम्मान मिल्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। सोच्ने शक्ति बढ्नेछ। खर्च बढे पनि आम्दानी पनि उत्तिकै हुनेछ। ठूला व्यक्तिको मन जित्न सकिनेछ। तपाईंमाथि महत्त्वपूर्ण जिम्मेवारी आउन सक्छ। प्राप्त जिम्मेवारीलाई सजिलै पूरा गर्न सकिनेछ। बुधबार तथा बिहीबार खर्च एवं विवाद बढ्नेछ।

### मकर

परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ। अरूको विश्वास जित्न सकिनेछ। व्यवसायमा सोचेस्तै सफलता मिल्नेछ। यात्रा गर्ने अवसर पनि प्राप्त होला। भेटघाटमा रमाउने बेला छ। धार्मिक कार्यमा रुचि बढ्नेछ। बुधबार तथा बिहीबार स्वास्थ्यमा समस्या देखापर्ने एवं चिन्ता बढ्ने योग छ।

### मिथुन

मानसम्मान एवं भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ। बौद्धिकता बढ्नुका साथै अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ। जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। अधुरा कामहरू पूरा हुनेछन्। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनुका साथै उक्त जिम्मेवारी सजिलै पूरा गर्न सकिनेछ। सोमबार तथा मंगलबार विवाद एवं चिन्ता बढ्नेछ।

### तुला

सुरुमा नैराश्यता एवं उदासिनताले सताउनेछ। कुरा काट्नेहरूका साथै खर्च तथा विवाद पनि बढ्नेछ। पतिपत्नीबीच मतभेद उत्पन्न हुनुका साथै व्यवसायमा उतारचढाव आउन सक्छ। कामको बीचमा अवरोध खडा गर्नेहरू सक्रिय हुनेछन्। आइतबारपछि मानसम्मान प्राप्त हुने योग छ। सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा कामहरू पूरा हुनेछन्।

### कुम्भ

सुरुमा गलत विचार बढ्नेछ। काममा अवरोध पनि खडा हुन सक्छ। स्वास्थ्यमा समस्या देखापर्नाले हात परेको काम फुत्कन सक्छ। कुरा काट्नेहरू बढ्नेछन्। शरीरमा चोटपटक लाग्न सक्ने देखिन्छ। व्यावसायिक क्षेत्रमा समस्या उत्पन्न होला। पतिपत्नीबीच पनि मनमुटाव देखापर्न सक्छ। सोमबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। प्रसन्नता पनि बढ्नेछ।

### कर्कट

सुरुमा खर्च तथा विवाद बढ्नेछ। कामको बीचमा अवरोध खडा हुन सक्छ। कुरा काट्नेहरू बढ्नेछन्। स्वास्थ्यले पनि साथ दिनेछैन। मन दुविधाग्रस्त रहनेछ। घरेलु समस्याले सताउन सक्छ। सोमबार, मंगलबार तथा बुधबार काममा सफलता मिल्ने योग छ। मानसम्मान पनि प्राप्त हुनेछ।

### वृश्चिक

सुरुमा स्वास्थ्यमा समस्या देखापर्नेछ। मनमा दुविधाग्रस्त रहनेछ। कुरा काट्नेहरू बढ्नेछन्। तपाईंको आलोचना पनि हुनेछ। शरीरमा चोटपटक लाग्न सक्छ। अध्ययनमा अवरोध आउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। बुधबार तथा बिहीबार प्रसन्नता एवं सोच्ने शक्ति बढ्ने तथा धन आर्जन गर्ने अवसर मिल्नेछ।

### मीन

घरेलु समस्याले सताउनुका साथै मन दुविधाग्रस्त रहनेछ। अरूले आलोचना पनि गर्नेछन्। स्वास्थ्यमा आउने समस्या यथावत् रहनेछ। गलत विचार पनि बढ्न सक्छ। अरूबाट आलोचित पनि हुनुपर्नेछ। बुधबार तथा बिहीबार परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर मिल्नेछ। व्यवसायमा लाभ प्राप्तिका साथै यात्रा हुने योग छ।

## यो साताको पञ्चाङ्ग

असोज १ गते विश्वकर्मा पूजा

## आगामी कार्यक्रम

– दसैंको आगमनलाई स्वागत गर्दै राजधानीमा विगत ११ वर्षदेखि आयोजना भैरहेको 'काठमाडौं उत्सव' भदौ २९ गते प्रारम्भ भएको छ। आयोजक एभरेस्ट एक्जिविसनले जनाएअनुसार यस पटकको १२ औं काठमाडौं उत्सवलाई दस दिनसम्म अर्थात् असोज ७ गतेसम्म सञ्चालन गरिनेछ। 'विविधतामा सुन्दरता' शीर्षकमा आयोजना गर्न लागिएको यस पटकको काठमाडौं उत्सव दसैं किनमेलको आकर्षक थलो हुनुका साथै विभिन्न दस जना डिजेका कारण डान्स पार्टीमय हुनेछ। उत्सवमा 'डिजे नेक्सस' शीर्षकको डिजे सेसन उत्सव अवधिभर सञ्चालन गरिनेछ भने सोही अवधिमा 'फेस एन्ड फेसन हाउस' शीर्षकमा फेसन सो पनि सञ्चालन गरिनेछ।

– हङकङमा बसोबास गरिरहेका तामाङहरूको संस्था तामाङ घेदुङको चौथो महाधिवेसन असोज १ गते हुने भएको छ। स्थानीय नाचघरमा सम्पन्न हुने उक्त कार्यक्रम बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म चल्नेछ।

– ए एन्ड एच बिजनेस हाउसको आयोजनामा भदौ ३१ गते शनिबार राजधानीको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा 'मिस टिन गुरुङ २००६' सम्पन्न हुँदैछ। नेप्लिज फेसन होमको व्यवस्थापनमा सम्पन्न हुने उक्त प्रतियोगिताको अन्तिम चरणमा सहभागि हुनका लागि २६ जनाको छनौट भैसकेको छ।

– विश्वव्यापी रूपमा मनाइने 'सफ्टवेयर फ्रिडम डे' नेपालमा भदौ ३१ गते तेस्रो पटक मनाइने भएको छ। ओपन अपरेटिङ सिस्टमलाई आत्मसात् गर्दै आएका प्रयोगकर्ताहरूको सक्रियतामा यो दिवस मनाउने गरिएको छ। प्रोपाइटरी सफ्टवेयरको विकल्पमा निःशुल्क सफ्टवेयरको उपयोग गर्न पाउनुपर्छ भन्ने उद्देश्यका साथ विश्वभरका ओपन सोर्स कम्युनिटीहरूले यो दिवस मनाउँदै आएका छन्। कार्यक्रममा विभिन्न आईटी कलेज, इन्स्टिच्युट तथा औद्योगिक संस्थाहरूले सहभागिता जनाउनेछन्। ६० भन्दा बढी राष्ट्रका २ सयभन्दा बढी समूहको सहभागिता हुने उक्त कार्यक्रममा ओपन सोर्स सफ्टवेयरका बारेमा विभिन्न जानकारी प्रदान गरिनेछ।


– भदौ ३१ अर्थात् भोलि शनिबार झापाको बिर्तामोडस्थित कन्काई कलेजमा दसैंविशेष सांगीतिक कार्यक्रम आयोजित हुँदैछ। ज्योति म्युजिकको विशेष सहयोगमा सम्पन्न हुने यो कार्यक्रममा राजधानीबाट गायक-गायिकाहरू हेमन्त शर्मा, मिङ्मा शेर्पा, अभिनाश घिसिङ, नारद खतिवडा, प्रतीक थापा, हिमाल सागर, प्राश्ना शाक्य, जुना प्रसाईं तथा हास्यकलाकार गोपाल नेपाल फिस्टे सहभागी हुँदैछन्।

– भदौ ३१ अर्थात् भोलि शनिबार लिक्विड लञ्जमा एउटा आकर्षक डान्स पार्टी आयोजित गरिँदैछ। 'समर अफ ३६०' शीर्षक राखिएको उक्त डान्स पार्टीलाई 'ब्ल्यास्ट द नाइट' उप-शीर्षक प्रदान गरिएको छ। यो पार्टी दिउँसो साढे दुई बजे प्रारम्भ भएर रातिसम्म जारी रहनेछ।

– नेपाली गायक-गायिकाहरूको एक समूहले यही भदौ ३१ गते अर्थात् भोलि शनिबार अष्ट्रेलियाको मेलबर्नमा अष्ट्रेलिया टुर, असोज ७ शनिबार सिड्नीमा सिड्नी टुर तथा असोज १५ गते आइतबार हङकङमा डेस्टिनेसन हङकङ २००६ शीर्षकका तीनवटा सांगीतिक कार्यक्रम प्रस्तुत गर्दैछ। अष्ट्रेलियाका दुवै कार्यक्रम हेल्प नेपाल नेटवर्क तथा हङकङको कार्यक्रम नेप्लिज युथ क्लब हङकङले आयोजना गर्न लागेका हुन्। सांगीतिक कार्यक्रममा निमा रुम्बा, दीपक बज्राचार्य, सरुन ताम्राकार, जेम्स प्रधान, योगेश्वर अमात्य, सुजिल, गायिका मौसमी गुरुङ तथा गायक/संगीतकार न्ह्यू बज्राचार्य सहभागी हुँदैछन्। नेपाली कलाकारहरूको यो समूह हिंजो बिहीबार नै अष्ट्रेलियातर्फ प्रस्थान गरेको छ।

– पोखरास्थित गण्डकी कलेज अफ इन्जिनियरिङमा आगामी मंगलबार तथा बुधबार अर्थात् असोज ३ र ४ गते 'जिसिइएस आइटी महोत्सव २००६' आयोजित हुँदैछ। कम्प्युटर तथा सफ्टवेयर अवेयरनेस, टेक्निकल टक लगायत कम्प्युटर तथा सूचना प्रविधिसम्बन्धी विविध प्रदर्शन रहनेछ।

–दसैंको अवसर पारेर आगामी असोजको पहिलो साता भारतको दार्जिलिङ तथा कालिङ्पोङमा नेपाली साँस्कृतिक कार्यक्रम आयोजित गरिँदैछ। दुई दिनसम्म चल्ने उक्त कार्यक्रममा गायकहरू सुमित खड्का, प्रवलदीप विश्वास, पारस थापा, खगेन्द्र सिंह, मेघ लामाको गायन तथा भानु कला केन्द्र विराटनगरका कलाकारहरूले नृत्य प्रदर्शन गर्नेछन्। कार्यक्रममा नेपालकै अग्ला व्यक्ति राजन अधिकारीको समेत सहभागिता रहने आयोजक एसपी एड इभेन्टले जनाएको छ।



तस्बिर : एचके नेपाल डटकम

– हङकङ नेपाल बडी बिल्डिङ एसोसिएसनले आयोजना गर्न लागेको 'मिस्टर हङकङ नेपाल २००६' मिति तय भएको छ। आयोजक संस्थाले दिएको जानकारीअनुसार यो प्रतियोगिता आगामी असोज ८ गते आइतबार सम्पन्न हुनेछ। स्थानीय कारितास कम्युनिटी सेन्टरमा साँझ ७ बजे प्रारम्भ हुने यो प्रतियोगितामा ट्यालेन्ट हन्ट समूहका मोडलहरूले फेसन सोसमेत प्रदर्शन गर्नेछन्।

– द एरो मोडलिङ एजेन्सीले आगामी असोज ६ गते शुक्रबार बालबालिकाहरूको सौन्दर्य प्रतियोगिता 'लिटिल क्विन तथा मास्टर किङ अफ नेपाल– २००६' आयोजित हुँदैछ। प्रतिस्पर्धामा २० जना बालक तथा २० जना बालिका सहभागी हुने कुरा कार्यक्रमका आयोजक तथा कोरियोग्राफर सिद्धान्त घिमिरेले साप्ताहिकलाई जानकारी दिएका छन्। प्रतिस्पर्धामा काठमाडौंलगायत पोखरा, बुटवल तथा बनेपाका बालबालिकाहरू सहभागी हुँदैछन्।




SLC फेल No चिन्ता
प्राइभेट
SLC तयारी कक्षा
अन्तिम भर्ना खुल्यो
★ online education तथा CD को माध्यमबाट पढाइने,
★ Science/Math/Health को Practical कक्षाहरु तथा Project workको व्यवस्था,
★ प्रत्येक वर्ष १००% पास गराउन सफल
www.himalayan.edu.np
हिमालयन ओपन स्कूल
पुरानो बानेश्वर
Phone : 4470444, 2313251

## मुखाले

संविधानसभाले राजा राखे पनि हामी राजा मान्दैनौं ।

**वामदेव गौतम, नेता, नेकपा (एमाले)**

माओवादीहरू हतियार देखाएर सरकारसँग बार्गेनिङ गर्दैछन् ।

**केपी ओली, उपप्रधानमन्त्री**

हतियार व्यवस्थापन नभै वार्ता हुँदैन ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

नेपाली सेनाबाट प्रजातन्त्रप्रति घात हुँदैन ।

**रुक्मांगत कटुवाल, प्रधान सेनापति**

काङ्ग्रेस एकीकरण देश र जनताको माग हो ।

**कृष्णप्रसाद भट्टराई, संस्थापक नेता, नेपाली काङ्ग्रेस**

माओवादीहरूले तेस्रो जनआन्दोलनको तयारी गरिरहेका छन् ।

**जेम्स एफ मोरियार्टी, अमेरिकी राजदूत**

# आफैले बुनेको जालमा फस्यो माओवादी

**साप्ताहिक समाचार**

काठमाडौं, सरकारले नागरिक बेपत्ता पारेको भन्दै एक महिनादेखि माओवादीका कार्यकर्ताहरू देशकै सबैभन्दा संवेदनशील स्थानमध्ये एक मानिने सैनिक हेडक्वाटर अगाडि धर्ना र जुलुसमा छन् । माओवादी 'जनयुद्ध' का क्रममा आफ्ना तर्फबाट करिब एक हजार मानिस बेपत्ता बनाएको आरोप माओवादीको छ । अर्कातिर माओवादीले बेपत्ता पारेका नागरिकहरूको चासो पनि बढेको छ । एक साताअघि माओवादी अध्यक्ष प्रचण्डले कान्तिपुर टेलिभिजनलाई अन्तर्वार्ता दिंदै आफूले एक महिनाभित्रमा माओवादीद्वारा बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा जानकारी दिने प्रतिबद्धता व्यक्त गरे । यसले सरकार तथा माओवादी दुवैलाई चाँडोभन्दा चाँडो बेपत्ता नागरिकहरूको स्थिति सार्वजनिक गर्न दबाब परेको छ । प्रचण्डको अन्तर्वातालगत्तै राष्ट्रिय मानव अधिकार आयोगले माओवादीद्वारा १० वर्षमा १ सय ५२ जना मानिस बेपत्ता पारेको दस्तावेज बुझायो । बेपत्ता नागरिक सार्वजनिक गर्ने विषयमा सरकारले समयसीमा नतोक्केको अवस्थामा माओवादीलाई आफूले बेपत्ता पारेका नागरिकलाई सरकारले भन्दा अघि नै सार्वजनिक गर्नु पर्ने बाध्यता खडा भएको छ । पहिलो पटक माओवादीका सुप्रिम कमान्डरले सार्वजनिक सञ्चारमाध्यमबाट गरेको प्रतिबद्धताका कारण माओवादीले यसलाई महत्त्व दिएको बताइएको छ । यद्यपि माओवादी अध्यक्षले तोकेको समयसीमाका कारण माओवादी आफैले सार्वजनिक गरेको प्रतिबद्धतामा असफल हुने सङ्केत देखिएको छ । जानकारहरू भन्छन्, 'माओवादी आफैले बुनेको जालमा आफै फस्यो ।'

माओवादीका एकजना भूतपूर्व कार्यकर्ता १० वर्षअघिदेखि बेपत्ता नागरिकका बारेमा महिना दिनभित्र सार्वजनिक गर्ने कुरा असम्भव हुने बताउँछन् । करिब ७ वर्ष माओवादीभित्र काम गरिसकेका ती कार्यकर्ताका अनुसार माओवादीले बेपत्ता पारेका सबै नागरिकको जानकारी पाउन सम्भव छैन । दर्जनौं निर्दोष नागरिकलाई हत्या गरिसकेपछि आफूलाई कारबाही हुने डरले कतिपय माओवादी कार्यकर्ता पार्टी हेडक्वाटरमा रिपोर्ट बुझाउनुअघि नै भारत पलायन भएका छन् । कतिपय व्यक्तिहरू भारत हुँदै खाडी मुलुक पलायन भएका छन् भने नाम परिवर्तन गरेर कपितय युरोपियन मुलकमा शरणार्थीका रूपमा बस्दै आएका छन् । पार्टी हेडक्वारमा पलायन भएका कार्यकर्ताका सम्बन्धमा पछिल्लो जानकारी राख्ने चलन माओवादीभित्र नभएकाले महिना दिनभित्र ती कार्यकर्तालाई भेट्न तथा उनीहरूबाट जानकारी लिन सम्भव छैन । 'जति सजिलो तरिकाले प्रचण्डले बेपत्ता नागरिक सार्वजनिक गर्ने कुरा गरे, त्यति नै अप्ठ्यारो ती नागरिकका बारेमा यथार्थ जानकारी प्राप्त गर्न गाह्रो छ ।' माओवादीका ती पूर्व कार्यकता भन्छन्, 'सरकारलाई दबाब दिने हिसाबले गरिएको कुरामा प्रचण्ड आफै फसेका छन् ।'

प्राप्त जानकारी अनुसार प्रचण्डले आफ्नो अन्तर्वार्ता प्रसारण भए लगत्तै पार्टीका कमिसारहरूलाई आफ्ना तर्फबाट भएका अपहरण तथा त्यसमार्फत् बेपत्ता भएका नागरिकहरूका बारेमा १५ दिनभित्र जानकारी गराउन सर्कुलर जारी गरेका छन् । गत बुधबारसम्म माओवादीले २७ जना व्यक्तिको स्थिति फेला पारेको जनाइएको छ । बाँकीको रिपोर्ट १५ दिनभित्र आउने विस्वास पनि माओवादी हेडक्वाटरले राखेको छ ।

गत सोमबार संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यलयले युद्धविराम घोषणा गरेयता माओवादीले गरेको मानव अधिकार उल्लंघनका घटनाहरूप्रति गम्भीर चासो व्यक्त गरेको छ । उक्त कार्यालयका इन्चार्ज डेभिड जोन्सनद्वारा बुझाइएको पत्रमा गम्भीररूपमा भैरहेका मानव अधिकार उल्लंघनका घटनाका सम्बन्धमा सचेत हुन आग्रह गर्दै जबरजस्ती चन्दा असुल नगर्न नेकपा (माओवादी) द्वारा जारी गरिएको सर्कुलरको स्वागत गर्दै त्यसलाई कार्यान्वयन गर्न अनुरोध गरेको छ । माओवादी नेतृत्वले मानव अधिकारबारे प्रतिबद्धता व्यक्त गरे पनि बालबालिका एवं सर्वसाधारणलाई जवर्जस्ती सेनामा भर्ती गरेको सूचना आइरहेकाले उच्चायुक्तको कार्यालयको चासो बढेको जनाएको छ ।

अर्कातर्फ राष्ट्रिय मानव अधिकार आयोगले पनि गत सोमबार नै माओवादीका तर्फबाट १० वर्षमा भएका मानव अधिकार उलंघनका घटनाका सम्बन्धमा स्पष्टीकरण दिन माओवादी नेतृत्वलाई आग्रह गरेको छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि माओवादीले बेपत्ता पारेका नागरिकहरूको स्थिति सार्वजनिक गरेपछि मात्र सरकारले बेपत्ता भएका नागरिकको स्थिति सार्वजनिक गर्ने बताएका छन् । यसरी सरकार, संयुक्त राष्ट्रसंघ तथा मानव अधिकार आयोगसमेतले एकैपटक माओवादी अध्यक्ष प्रचण्डद्वारा व्यक्त प्रतिबद्धतालाई पूरा गर्न आग्रह भएपछि माओवादीभित्र बेपत्ता नागरिकहरूको खोजी कार्य तीव्र भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको तथ्यांकअनुसार राज्यद्वारा बेपत्ता पारिएका नागरिकको सङ्ख्या ७ सय ६३ छ भने माओवादीद्वारा बेपत्ता हुने नागरिकको सङ्ख्या १ सय ५२ छ ।

## साता संक्षेप

भदौ २३ –नागरिकताविहीन नेपालीलाई संविधानसभाअघि नागरिकता वितरण गर्न गृहकार्य प्रारम्भ ।

– मास हिस्टेरियाका कारण लेखनाथ नगरमा ३० छात्र बेहोस, गाउँलहरूद्वारा झारफुक ।

भदौ २४– स्वास्थ्य सहायकहरूको हड्तालका कारण देशभर जनस्वास्थ्य कार्यालय ठप्प ।

– शान्तिवार्ताका विषयमा सरकार तथा संयुक्त राष्ट्रसंघ टोलीबीच वार्ता ।

– माओवादीद्वारा लमजुङमा एक सर्वसाधारणको हत्या, गाउँलेद्वारा १३ जना माओवादी नियन्त्रण ।

भदौ २५– मध्य तथा पश्चिमी नेपालमा भारी वर्षा तथा बाढीपहिरोमा परी ५ को मृत्यु, ७ बेपत्ता ।

– प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा प्रधान सेनापतिलाई दर्ज्यानी चिह्न प्रदान, रुक्मांगत कटुवाललाई प्रधान सेनापतिमा नियुक्त गरिएकोमा प्रतिनिधिसभामा आलोचना ।

– नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा ट्रेड युनियन महासंघका पदाधिकारीहरूलाई सहरी जनविद्रोहका लागि तयार रहन निर्देशन ।

भदौ २७– नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला एवं संस्थापक नेता कृष्णप्रसाद भट्टराईबीच वार्ता, काङ्ग्रेस एकीकरणको टुङ्गो ।

– दैनिक बन्द-हड्काललाई निरुत्साहित गर्न उपप्रधानमन्त्री अमिक शेरचनको संयोजकत्वमा उच्चस्तरीय समिति गठन ।

– मानवअधिकार आयोगद्वारा माओवादीद्वारा बेपत्ता पारिएका १ सय ५२ व्यक्तिको जानकारी माग ।

भदौ २८– निजी विद्यालयमा १० प्रतिशत छात्रवृद्धि, ८० हजार विद्यार्थी लाभान्वित हुने सरकारको भनाइ ।

– पाल्पामा भएको सवारी दुर्घटनामा ४० यात्रु घाइते ।

– राजामा रहेको लालमोहर अधिकार पूर्णतः कटौती ।

– अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीद्वारा १४ जिल्लाको भ्रमण, स्थानीय नेताहरूसँग माओवादी गतिविधिका सम्बन्धमा छलफल ।

– कोरियामा नेपाली विद्यार्थी रामकुमार फुयाँल कोरिया विश्वविद्यालय प्रथम ।

– सैन्यसामग्रीसहित ४० ट्रक पूर्वी सीमाबाट नेपाल भित्रिएको आशङ्कामा माओवादीद्वारा यातायात अवरुद्ध ।

# संसार पानीको

पृष्ठ १ बाट जारी

यो डिजाइनले रिसोर्टको सम्झना गराउँछ । 'हामीले यसलाई रिसोर्टकै शैलीमा विकास गर्न लागेका छौं,' क्षेत्री भन्छन्– 'दिनभरि पानीमा रमाउने राति आराम गर्ने अनि भोलिपल्ट काठमाडौं पुग्ने जोडीहरूका लागि यस्तो योजना अघि सारिएको हो ।' मूल सडकको छेवैमा ३० वटा गाडी पार्किङ गर्न सकिन्छ । गाडीबाट ओर्लेर हलुका नास्ता गरेपछि पानीको जात्रा सुरु हुन्छ । पानीमा रमाइलो गर्नेहरूको आनन्दमा कुनै कमी नहोस् भन्ने अभिप्रायले दुई जना एमजे (म्युजिक जंकी) ले पौडी खेल्नेहरूको मुडअनुसार म्युजिक बचाउँछन् । भोक लागेको अवस्थामा आफूलाई मन पर्ने परिकार पौडी खेल्दाखेल्दै पनि मगाउन सकिन्छ ।

हरेक व्यक्तिको इच्छा फरक हुने भएकाले पौडीपोखरीलाई आठ खण्डमा विभाजन गरिएको छ । भर्खरै विवाह गरेका हनिमुन जोडी वा युगल जोडीहरूका लागि भिन्दै पोखरीको व्यवस्था छ । उनीहरूको रमाइलोमा कुनै कमी नआओस् भन्ने अभिप्रायले छुट्टै हनिमुन बेड पनि तयार पारिने जानकारी यसका सञ्चालकहरूले दिए । सामूहिक एवं बालबालिकाहरूका लागि भिन्दै पोखरीको व्यवस्था छ भने अन्य फरक शैलीका पोखरीमा आफ्नो इच्छाअनुसार नुहाउन सकिन्छ ।

बालबालिका तथा युगल जोडीका लागि रमाइलो गर्ने नयाँ निर्माण पनि सुरु भैसकेको सञ्चालकहरू बताउँछन् । ती योजनामध्ये बालबालिकाका लागि मोटर रेस तथा रात बिताउने स-साना कोठाहरूको निर्माण प्रमुख छन् । काठमाडौं उपत्यकाको भीड र एकरसको जीवनबाट वाक्क भएकाहरूलाई लक्षित गरिएको वाटरवर्ल्ड पूर्णतः व्यावसायिक प्रतिष्ठान भए पनि यसले शारीरिक एवं मानसिक राहत दिने पक्का छ । विशेष गरी साताभरि काम गरेर थाकेकाहरूलाई शुक्रबार साँझ पुग्ने, शनिबार दिनभरि नुहाउने अनि साँझ रमाइलो गरी भोलिपल्ट फर्कनका लागि यो प्याकेज उपयुक्त हुन सक्छ ।

विकसित देशका ठूला सहरका बासिन्दालाई लक्षित गरी बनाइने रमाइलो प्याकेजको शैलीमा विकास गरिएको वाटर किङ्डमको सोच जति राम्रो छ त्यो सोचले पूर्णता पाउन सञ्चालकहरूले थप परिश्रम गर्नुपर्ने देखिन्छ । भारतका विभिन्न सहरमा विकसित वाटर वर्ल्डको शैलीमा विकास गर्ने योजना रहेको बताइए पनि अहिलेको यसको स्वरूप निकै सानो छ । पहाडी क्षेत्रमा रहेको राजधानीका मध्यम वर्गलाई लक्षित गरिएको उक्त प्रोजेक्ट पहाडमै छ । नेपालमा पानीको संसारसँग त्यति अभ्यस्त नभएका मानिसहरूलाई समुन्द्रमा खेल्ने बानी भएका मानिसहरूको दाँजोमा पुऱ्याउन पनि कठिन छ । यति हुँदाहुँदै पनि रमाइलो गर्न मन लाग्नेहरूका लागि पानीको यो सानो संसारले पक्कै पनि केही फरक स्वाद दिनेछ । पहिलो नेपाली वाटर वर्ल्डको विधिवत् शुभारम्भ भोलिदेखि हुँदैछ ।





दशैं आयो ! मिठो खाने होइन ?
१ हप्ते दशैं स्पेशल कोर्षमा भर्ना खुल्यो
विदेश पठाइने व्यवस्था
गंगाबु चोक 016214510 4442957 BMTC
लगनखेल 5532964 MMTC

Admission Open
for complete
Airhostess Training
Classes are run by the established professionals.
Course Includes:
• Swimming • Excursion
• Uniform • Airport Familarization
For detail informations: Call 4465653 or Visit
The Flying Institute Pvt. Ltd.
Arniko Bhawan, N.K. Sing Marg Minbhawan, New Baneshwor, Kathmandu

होटल तालिम
BMTTC 2040782 RMDTTC 464720 9851093629

आवश्यकता

प्राइमेट Test/SLC एक्जामेड
अग्रिम भर्ना
लगनखेल गोंगबु चोक
016214510, 4442957 9841-207258
Small Heaven Academy BMTC Academy

होटल तालिम
प्राइमेट/एक्जामेड SLC - 2063
अग्रिम भर्ना

# नयाँ सन्दर्भको नयाँ बालदिवस

वर्षौंदेखि भदौ ४ गते राष्ट्रिय बालदिवस मनाउँदै आएका नेपालीहरूले नयाँ सन्दर्भमा हिजो भदौ २९ गते राष्ट्रिय बालदिवस मनाए । यसअघि राजाकी आमाको जन्मदिनलाई राष्ट्रिय बालदिवसका रूपमा मनाइन्थ्यो, तर लोकतन्त्र स्थापनापछि बदलिएको राजनैतिक परिदृश्यमा मुलुकमा राजतन्त्र रहने वा नरहने भन्ने विषयमा देखा परेको व्यापक बहसका आधारमा लोकतान्त्रिक सरकारले परम्परागत रूपमा भदौ ४ गते मनाइँदै आएको बालदिवसलाई खारेज गरेर भदौ २९ गते मनाउने निर्णय गरेको हो । सरकारको यो निर्णय अप्रत्याशित भए पनि भदौ २९ गते नै बालदिवस मनाउनुपर्ने ठोस कारण छ । धेरै नेपालीलाई अहिले हेक्का नहुन सक्छ– यसै दिन नेपालले संयुक्त राष्ट्रसंघले सन् १९८९ नोभेम्बर २० का दिन पारित गरेको बाल–अधिकारसम्बन्धी महासन्धिमा हस्ताक्षर गरेको थियो । बालबालिकाहरूसँग सम्बन्धित सबै किसिमका राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनहरूको आधार मानिने उक्त महासन्धिले संसारका सबै मुलुकलाई आ–आफ्ना बालबालिकाहरूको न्यूनतम र आधारभूत अधिकारहरूको संरक्षण गर्न आग्रह गर्दै त्यसका लागि प्राथमिक सर्तहरूसमेत तोकिदिएको छ । यो सन्दर्भमा नेपालले निर्धारण गरेको नयाँ बालदिवसलाई तर्कसंगत र सान्दर्भिक मान्नुपर्छ ।

बालअधिकारसम्बन्धी महासन्धि नेपालमा भएको २०४६ सालको जनआन्दोलनपछि गठन भएको प्रजातान्त्रिक सरकारले हस्ताक्षर गरेको पहिलो अन्तर्राष्ट्रिय महत्त्वको महासन्धि हो । सन् १९९० को सेप्टेम्बर महिनामा संयुक्त राष्ट्रसंघले आयोजना गरेको बालबालिकाका निम्ति विश्व शिखर सम्मेलनका अवसरमा नेपालले उक्त महासन्धिमा हस्ताक्षर गरेको थियो । उक्त महासन्धिमा हस्ताक्षर भएको १६ वर्षभन्दा बढी समय बितिसकेको छ । यो अवधिमा नेपालको राजनीतिमा पनि थुप्रै आरोह–अवरोहहरू देखा परिसकेका छन् । यसै अवधिमा नेपालमा माओवादी जनयुद्ध प्रारम्भ भयो । नेपालीहरूले कहिल्यै कल्पना नगरेको तर अन्यत्र हुन्छ भनेर सुन्दै आएका बालसैनिकको उपस्थिति आफ्नै आँगनमा देख्नुपर्‍यो । बालबालिकालाई कुनै पनि किसिमको सैनिक प्रयोजनका निम्ति प्रयोग गर्नबाट यो महासन्धिले प्रतिबन्ध लगाएको छ । महासन्धिको परिभाषाअनुसार १८ वर्ष नपुगेका सबै व्यक्ति बालबालिकाको परिभाषाभित्र पर्छन् तर जनयुद्धका क्रममा हजारौं बालबालिकालाई सैन्य प्रयोजनमा प्रयोग गरेर माओवादी पक्षले उक्त महासन्धिको खिलाफमा आफूलाई उभ्यायो । त्यति मात्र नभै विद्यालय बन्द गर्ने, विद्यार्थीहरूको अपहरण गर्नेजस्ता क्रियाकलापमा पनि माओवादी संलग्नता देखियो । अहिले मुलुकमा दोस्रो जनआन्दोलन– २०६३ ले लोकतन्त्रको स्थापना गरे पनि बालबालिकाहरूको यस्तो अवस्थामा कुनै तात्त्विक परिवर्तन देखिएको छैन ।

महासन्धिमा हस्ताक्षरका बाबजुद नेपाली बालबालिकाहरूको अवस्थामा खासै सुधार नदेखिनुमा माओवादी मात्र नभै यस अवधिका सरकारहरू पनि त्यत्तिकै जिम्मेवार देखिएका छन् । जुनसुकै राजनैतिक दलले जस्तोसुकै सरकार बनाए पनि बालबालिकाहरूको न्यूनतम हितका लागि महासन्धिले निर्दिष्ट गरेका प्रावधानहरू लागू गर्न कञ्जुस्याइ देखाए । कतिपय ग्रामीण बालबालिकाले प्राथमिक शिक्षा पाउनुपर्ने आफ्नो अधिकारसम्म पहुँच कायम गर्न सकेनन् भने मुलुकमा व्याप्त गरिबीका कारण उचित पोषण र स्वास्थ्यसेवा पाउनबाट पनि धेरै नेपाली बालबालिकाहरू वञ्चित गरिए । नेपालको सन्दर्भमा एउटा कुरा के देखिएको छ भने नेपालले सबै किसिमका अन्तर्राष्ट्रिय सन्धि–सम्झौतामा हस्ताक्षर गर्न जुन हतारो देखाउँछ सोही अनुरूपको प्रतिबद्धतालाई व्यवहार लागू गर्न सकेको छैन । यस्तो अवस्था बालबालिकाको पक्षमा पनि देखिएको छ, जुन दुःखद् कुरा हो । अहिले नेपालको राजनैतिक परिदृश्य बदलिएको छ । नेपालले बदलिँदो परिस्थितिअनुसार बालदिवस मनाउने तिथिमा पनि परिवर्तन गरेको छ । हामी आशा गरौं, अबका दिनमा नेपाली बालबालिकाहरूले बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिले निर्दिष्ट गरेका उनीहरूका अधिकारहरू एकपछि अर्को गर्दै उपभोग गर्न पाउनेछन् ।

# अविस्मरणीय सन्ध्या




मिति थाहा भएन, तर मास भदौ नै हो– सिक्किमका महाकवि मोहन दुखनसित परिचय भएको मास । छ महाकाव्यका स्रष्टा, अरू गद्य र पद्यहरूको ठूलो, डरलाग्दो परिमाणका जनक मोहन दुखन, तर म निपट अज्ञानी दुखनको काम, नाम र धामबारे । म आमन्त्रित भएकाले महाकविसित सत्संग हुन्छ भन्ने आशामा गएको थिएँ । भेट भयो, शुष्क नमस्कारको मौन आदानप्रदान भयो । मभन्दा पहिले कवि-लेखकहरू त्यो सानो कोठामा नअटाउने गरी उकुस-मुकुसभन्दा बढी उत्साहित बसिरहेका थिए– मोदनाथ प्रश्रित, हिरण्य भोजपुरेलगायत अरू धेरै नाम बिर्से अहिले : सिक्किमका सापेक्षतः एक युवा कविले सानो भूमिका दिएर केही सुन्दर कविताहरूको वाचन सुन्दर स्वर र शैलीमा गर्नुभयो । प्रथम श्रवणमा नै म उहाँको पाठबाट मोहित भएँ । त्यसपछि महाकवि मोहन दुखनको पालो आयो आफ्नो काव्यसाधनाबारे बोल्ने । दुखनले भाषण दिन सुरु गर्नुभयो । धेरै लामो कालसम्म सुनें उहाँको आत्मवृत्तान्त । समयको लम्बाइ बढ्दै गयो, श्रोताहरूको धैर्यमा शिथिलता आउँदै गयो ।

मोहन दुखनलाई अत्तोपत्तो छैन श्रोता मनोविज्ञानबारे । धेरै सानो क्षेत्रफल भएको कोठाभित्र, मबाहेक, नेपालका मूर्धन्य कवि-लेखकहरू जिज्ञासापूर्ण र धैर्यपूर्ण भएर मोहन दुखनको आत्मविवेचना, आत्मश्लाघा सुन्नमा तल्लीन देखिन्थे । समय र स्थानअनुसार निकै लामो कालसम्म सुनें मोहन दुखनको धाराप्रवाह आत्मचर्चा । थाहा पाएँ कि दुखन एक असामान्य प्रतिभा सम्पन्न कवि रहेछन्– उनकै वाणी र भङ्गिमालाई केही मौनतामा, केही आफ्नै सरल चित्त रेस्पोन्सको सीमाभित्र मनन गर्दा दुखनको सुखी साहित्यिक उत्पादनबारे ज्ञान पाएँ । उनी आत्मबखान गर्दै थिए, श्रोताहरू ध्यान दिएर सुनेजस्तो देखाउँथें तर भित्रभित्रै धैर्यहीन हुँदै गैरहेका थिए । नेपाली साहित्यप्रेमीहरूको शान्त, अविचलित श्रवण-क्षमता अनुभव गर्दै मोहन दुखनको अन्तरहृदय उल्लसित हुँदै गैरहेको देखिन्थ्यो । कविवर मोहन दुखनको नाम पहिलो पटक सुनेकाले होला, मेरो बुचो कल्पनामा दुखनमा साँच्ची नै भावकुताको प्रधानता थियो– कल्पनामा ।

तर बात उल्टो रहेछ : हार्टमाथि इन्टलेक्टको, हृदयमाथि बुद्धिको प्रभुत्व रहेछ । जब बुद्धिमानहरू सम्यक् समय सीमाभन्दा धेरै लामो बोलिरहनुमा आनन्द लिन थाक्दैनन्, तब म त्यो स्थान र त्यो वायुमण्डलबाट टाप ठोकिहाल्छु । मोदनाथजीले आफैं एक ख्यातिप्राप्त कवि हुनुभएकाले र साथै 'दुखन'का पुराना परिचित मित्र हुनुभएकाले स्वादसित मोहन दुखनको प्रवचन सुनिरहनुमा बढी अर्थवत्ता भेट्टाउनुभयो होला । अरू सापेक्षतः कनिष्ट, उदियमान कविहरू मोहनजीलाई प्रश्न गर्नुभन्दा पनि बढी आ-आफ्नो कविताहरू आ-आफ्नै समधुर लय र स्वरमा सुनाउने प्रतीक्षामा धैर्यशील भएर पर्खिरहेका थिए । स्मरणीय रह्यो त्यो घडी मेरो अनुभूति श्रृंखलाहरूभित्र ।

नेपाली साहित्यिक मूल्य-पद्धतिभित्र महाकाव्य रचयिताहरू सबै महाकवि कहलिने तृष्णामा हुन्छन् भन्ने मेरो केही अनुमान छ, केही अनुभूति छ । विशाल आकार भएका दुई महाकाव्य हुन्– 'सिंजावाला' र सीतायन' । मेरो दृष्टि सीमानाभित्रका महाकाव्यहरू । नेपाली साहित्यकारहरूको एक खूदिलो जनसंख्या अति उत्प्रेरित र अति उत्साहित देखिन्छ साहित्य सिर्जना गरेर अमर हुने, अन्तर्राष्ट्रिय भूगोलमा फैलिने । तृष्णा आफैंमा केही दोष छैन तर आकारको स्थूलता र कथ्यको स्थूलताको बलमा मात्र आफैंलाई महाकवि भन्ने दुस्साहस, धृष्ठता अत्यन्त आदिम रुचि र जड संवेदनशीलताको स्पष्ट परिचय दिन्छ । कुनै लेखकलाई सायद थाहा छैन कि कागजको मौलिक स्रोत वनस्पति नै हो, रूखहरू हुन् । जति बढी कागजको दुरुपयोग हुन्छ त्यति नै बढी खतरा पर्यावरणले बेहोर्नुपर्ने हुन्छ । मोहन दुखनका महाकाव्यहरूको गुणधर्मबारे म विल्कुलै अनभिज्ञ छु । उहाँको भौतिक रूप र उहाँको भाषणबाट प्रभावित भएको छु ।

नेपाली भाषाले भारतमा मान्यता पाएको समय लामो भैसकेको छ । नेपाली मूलका भारतीय नेपाली साहित्यकारहरूमध्ये केहिले साहित्य एकेडेमी पुस्कार पाउनुभएको छ । ती थोरै साधकहरूमध्ये एक मोहन दुखन पनि हुनुहुन्छ भन्ने ज्ञान पनि मैले त्यही दिन प्राप्त गरें । प्रत्येक खूदिलो पुरस्कारले सामान्यतः प्राप्तक वा प्राप्तकर्ताको कालबद्ध हर्षमा वृद्धि ल्याइदिन्छ । यदि संवेदनशीलता वा मूल्यदृष्टि फितलो छ भने अहंकारमा पनि वृद्धि गरिदिन्छ । उच्चकोटिका प्रतिभाहरूलाई खास प्रभावित गर्न सक्दैन । मदर टेरेसा, नेल्सन मन्डेला, आइन्सटाइन, हेमिङ्वे, बर्नाड शा आदिजस्ता प्रतिभाहरू एकदमै स्थितप्रज्ञ नभए पनि पुरस्कारप्राप्तिको दम्भ र रुग्ण चेतनाबाट मुक्त हुन्छन् । ज्याँ पाल सार्त्रले दम्भको कारण नोबेल पुरस्कार नलिएको होइन, आफ्नै धारणा र मूल्य दृष्टिको चापमा आएर त्यत्रो सम्मान अस्वीकार गरेका हुन् । सतही दृष्टिपातमा सार्त्रको सतप्रतिशत अहंकार परिलक्षित हुन्छ, तर सत्य त्योभन्दा पर जान्छ ।

मोहन दुखन स्पष्टतः सचेत, सेल्फकन्सस देखिनुहुन्थ्यो आफूले प्राप्त गरेको पुरस्कारबारे । उहाँको बोलाइ संकेत दिन्थ्यो– उहाँ चानचुने लेखक हुनुहुन्न । देवकोटालाई सम्झँदै भन्नुभयो– उहाँ छ महिना मन्त्री, म बढी लामो कालसम्म एमएलए, उहाँले महाकाव्य लेख्नुभयो, मैले पनि महाकाव्य लेखें......।' उहाँले अर्को नाम उच्चारण गर्नुभयो रामकृष्ण शर्माको । शर्मा दुखनका कृतिहरूका प्रशंसक हुनुहुन्थ्यो भन्ने उहाँको आशय मात्र होइन, स्पष्ट वाणी नै थियो । मलाई पनि रामकृष्ण शर्माको समालोचनात्मक पक्ष रुचिकर लागेको थियो सुरुका दिनहरूमा– करिब तीस-पैंतीस वर्षपहिले । अहिले पनि निभ्रान्तिको अनुभव गर्न सकेको छैन ।

नेपाली साहित्य मिमांसाको परिवेशभित्र स्व. रामकृष्ण शर्मा एक आकर्षक समालोचक हुन् भन्ने मेरो पनि ठहर छ । बंगाली साहित्यको परिचय प्रमुख कारण हुन सक्छ रामकृष्णको समालोचनात्मक गहनताका । वस्तुतः नेपाली साहित्यलोकमा गहन, विश्लेषणात्मक समालोचनाको कष्टकर अभाव छ भन्नुमा अत्युक्ति नहोला । पाश्चात्य समालोचना, पूर्वीय समालोचना र साहित्यको चर्चा गर्नु धेरै दुरुह उद्योग होइन : हिन्दीबाट लाजै नमानीकन हुबहु सार्न सक्यो भने बौद्धिक रूपले विपन्न नेपालमा ठूलो विद्वान् हुन पाइँदो रहेछ । सम्यक् मात्रामा अंग्रेजी नजान्नेहरू पनि अंग्रेजीबाट प्रभावित भएर मैले आफ्नै मौलिक ढंगले समालोचनाको सिद्धान्त लेखेको हुँ भन्ने ब्राह्मणहरूको एक सानो समूह छ यो देशमा । गैरब्राह्मण विद्वान्हरू पनि त्यही नक्कल गर्छन् ।

मोहन दुखन र साथीहरूको स्वागत समारोह सीमित कालसम्म सम्झनामा आइरहनेछ । समय व्यर्थ बितेको अनुभव भएन । अर्को युवा सिक्किमी कविका कविताहरू मीठा थिए– नाम बिर्सें तिनको । मोहनजीको मुहार चिनियाँहरूको जस्तो देखिए पनि त्यो मुहारमा आर्य-वाङ्मयप्रतिको मोह महान् थियो । सामान्य मनोविज्ञान भन्छ, सामान्यतः मानिस विपीरततिर आकर्षित हुन्छ । म नाकचुच्चे बाहुन मोहन मुहारतिर त्यसै आकर्षित भैहालें, त्यसमाथि उहाँको धाराप्रवाह प्रवचनबाट अरू बढी मुग्ध भए । धेरै बेरसम्म श्रवण आनन्द लिइसकेपछि उहाँको प्रवचन दुई-तीन घन्टा अरू लम्बिनेछ भन्ने भयले म आफ्नो इच्छाको विपरीत घरतिर भागें र मनन गर्न थालें मोहन दुखनको सम्पूर्ण आभा र प्रभावमाथि । तर्क गरें : स्वाभाविकै हो सिक्किमबाट काठमाडौं आएको बेलामा लामो भाषण दिएर यहाँका उत्सुक साहित्यप्रेमी श्रोताहरूलाई नबिर्सने गरेर मन्त्रमुग्ध गर्न खोज्नु । म मन्त्रमुग्ध भएपछि कसैलाई नसोधी घर फर्कें ।

**पो.ब.नं. २९७४**

## नीति-नियम




के काम गर्न हुन्छ, के काम गर्न हुँदैन ? त्यसको जानिफकारलाई नै प्रतिनिधि भनिन्छ । सबै कार्यको निरीक्षण गर्ने व्यक्ति प्रधान र सैन्य सञ्चालन–सम्बन्धी कार्य गर्न जान्ने व्यक्तिलाई 'सचिव' भनिन्छ ।

हृदयको भावना र चेष्टा बुझ्न सक्ने, उत्तम स्मरणशक्ति भएको, देशकालअनुरूप काम–कर्तव्यको जानकारी भएको, सन्धि, विग्रह, मान, आसन, द्वैधभाव (शत्रुसँग दुस्मनी राख्ने तर बाहिर मिलेजस्तो देखाउने) सबलको आश्रय लिने, यी सबैको विषयमा उचित विचारको जानकारी भएको, बोल्नमा चतुर तथा निडर व्यक्तिलाई नै दूत भन्छन् ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा



## चि ठी प त्र

### समायोजनको सार्थकता

गत साता साप्ताहिकको प्रथम पृष्ठमा प्रकाशित 'रात्रिजीवनका किन्नरीहरू' शीर्षकको समाचारले गम्भीर तुल्यायो । उक्त फिचरमा परापूर्व कालदेखि नामकरण गरिँदै आएको शब्द 'किन्नरी' को उचित अर्थ भेटिएको जस्तो लाग्यो । पछिल्लो समयमा तेस्रोलिङ्गीका रूपमा चिनिँदै आएका ती किन्नरीहरूको आर्थिक पहुँच भने कम आँक्न सकिँदैन ।

शारीरिक बनौट एक किसिमको भए पनि भावनामा विपरीत लिङ्गीको पाइनु उनीहरूको प्रमुख विशेषता हो । काठमाडौं उपत्यकाका अतिरिक्त मुलुकका अन्य ठाउँमा पनि उनीहरूलाई भेट्न सकिन्छ । सबैलाई एकत्रित गरी एकै ठाउँमा समायोजन गर्नुपर्छ ताकि सामाजिक मान-मर्यादाजस्ता क्रियाकलापमा खलल नपुगोस् ।

ग्रामीण भेगमा हातमुख जोर्नसमेत धौ-धौ पर्नेदेखि लिएर राजधानीका रातहरूमा मासिक करिब २० हजारदेखि एक लाखसम्म आर्जन गर्नेहरूको बीचमा सामञ्जस्यता भेटिनुपर्छ, तब मात्र संविधानसभामार्फत उनीहरूको उचित व्यवस्थापन सम्भव छ, नकि एकाध किन्नरीले भन्दैमा समस्याको चुरो भेटियोस् ।

**–विजय उत्सव, स्नातकोत्तर तह, पृथ्वीनारायण क्याम्पस, पोखरा**

### थोत्रा गाडी रोक्नुपर्छ

उपत्यकामा गुडिरहेका कवाडी तथा थोत्रा सवारी साधनहरूले राजधानीलाई व्यंग्य गरिरहेको सहजै अनुमान गर्न सकिन्छ । यस्ता थोत्रा सवारी साधनले मानिसको स्वास्थ्यमा प्रतिकूल असर पार्नुका साथै सवारी दुर्घटना बढाउने सम्भावना हुन्छ । स्वास्थ्य मन्त्रालय, महानगरपालिका, ट्राफिक कार्यालय, यातायात विभाग, सडक विभाग, जिविसजस्ता जिम्मेवार निकाय यस्ता कुरामा किन मौन छन् ? चक्रपथभित्र र वरिपरिको क्षेत्रबाट यस्ता सवारी साधन हटाउन नागरिकहरूले आवाज उठाउन ढिलो भैसकेको छ । यस्ता सवारी साधनबाट सहरको शोभा घट्ने भएकाले त्यस्ता सवारी साधनलाई उपत्यका बाहिर लान सम्बन्धित निकायले चाँडै पहल गर्नु आवश्यक छ । जसरी केही वर्षअघि डिजल टेम्पो र थोत्रा बसहरूलाई राजधानी बाहिर पठाइयो, त्यसैगरी यस्ता थोत्रा सवारी साधनहरूलाई पनि हटाउन पहल गर्नुपर्छ । सर्वसाधारण नागरिकले यस्ता थोत्रा सवारी साधनहरूबाट निस्किएको विषालु धूवाँ कहिलेसम्म खाइरहने ?

चक्रपथवरिपरि बालुवा लिएर बसेका ट्रक र थुपारेका बालुवाले दुर्घटना निम्त्याइरहेको पनि प्रस्ट देखिन्छ । चक्रपथवरिपरि बालुवा बोकेका ट्रक यसरी पार्किङ गर्न नपाइने नियमको बेवास्ता भैरहेको छ । चक्रपथका सीतापाइला, बालाजु, कुसुन्ती, गोंगबु, कोटेश्वर, सातदोबाटोजस्ता स्थानमा रहेका क्रसर, बालुवा प्रशोधन केन्द्र, बालुवा बोकेका ट्रक तथा सडक किनारमा थुपारिएका बालुवाले यात्रुहरूलाई पारेको प्रत्यक्ष वा अप्रत्यक्ष असरका सम्बन्धमा कसले ध्यान दिने ?

**–विष्णुकुमार श्रेष्ठ**

### लोकतन्त्रमा ट्राफिक

लोकतन्त्रको प्रत्यक्ष प्रभाव राजधानीको सडकमा अनि त्यसलाई प्रयोग गर्ने नेपाली जनतामा परेको छ । दसौं लाख नेपाली सहभागी भएको जनआन्दोलन भाग २ पछि लोकतन्त्रको आगमन भएको हो । लोकतन्त्रको आगमन तथा नेपाल सरकारको निर्माणले नेपाली जनताका विभिन्न समस्याको समाधान गरे पनि ट्राफिक समस्या भने विकराल बन्दै गएको छ । सडकमा हुने गैरजिम्मेवार व्यवहारबाट नेपाली जनताले लामो समयको जाम बेहोर्नुपरेको छ । ट्राफिक समस्याले गर्दा बिरामीहरू समयमा अस्पताल पुग्न नपाई अकालमै आफ्नो ज्यान गुमाउन बाध्य छन्, कोही आफ्नो महत्त्वपूर्ण बैठकमा सहभागी हुन नपाएर करोडौंको क्षति बेहोर्न बाध्य छन् । यो समस्याले गर्दा लोकतन्त्रपछि पनि जनतामा भ्रम पार्न केही प्रतिगामी शक्तिले सडकलाई प्रयोग गरेर लोकतन्त्रलाई बदनाम गर्न खोजेको अनुमान सहजै गर्न सकिन्छ । त्यसैले सडकमा हुने चक्का जामजस्ता ट्राफिक समस्या सुल्झाउन के गर्नुपर्ने हो, चाँडै नै त्यसको थालनी हुनुपर्छ ।

**– श्यामकृष्ण भण्डारी, नैकाप**

## तीतो सत्य

- काँडा जति नै तिखो भए पनि आफ्नो बोटलाई घोच्दैन ।

**देवराज घिमिरे**

- सुरुकै तीतो मीठो हुन्छ, पछिको तीतोले फाटो ल्याउन सक्छ ।

**कृष्णजी थापा**

- मानिसले सुखबाट जति शिक्षा पाउँछ दुःखबाट पनि उत्ति नै शिक्षा पाउँछ ।
- अरूलाई खसाउनु भनेको आफैं खस्नु हो ।

**अर्जुनकुमार सुवेदी**

- लडाउने खुट्टाहरू धेरै हुन्छन् तर सहारा दिने हात विरलै भेटिन्छन् ।
- जहाँ प्रयास गरिन्छ, त्यहाँ आश हुन्छ ।
- मन त्यस्तो वस्तु (चिज) हो, जहाँ वचनरूपी वाण लाग्यो भने मानिस भुतुक्कै हुन्छ ।
- मानिस जति धनी हुँदै जान्छ, लोभ पनि त्यति नै बढ्दै जान्छ ।

**अशोक महत, पनौती**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

# शिक्षामा अन्तहीन अराजकताको रहस्य

*त्रिभुवन विश्वविद्यालय नेतृत्वविहीन छ । प्राज्ञहरूको थलो केन्द्रीय शिक्षालय अव्यवस्थित छ । परीक्षा-प्रणालीको तालिका सार्वजनिक नभएका कारण प्रवीणता प्रमाणपत्र तहदेखि स्नातकोत्तरसम्मका विद्यार्थीको जीवन दिशाहीन छ । क्याम्पसप्रमुखको नियुक्तिमा ढिलाइ भएका कारण देशका ठूला क्याम्पसमा अध्ययन-अध्यापन हुन छाडेको छ । आंशिक प्राध्यापकहरूको माग पूरा नहुँदै विद्यार्थी आन्दोलनले तीव्रता पाएको छ । आखिर शिक्षामा भैरहेको यो अन्तहीन अराजकताको रहस्य के हो ? यसको सामाधान कसरी हुन सक्छ ?*

**विप्लव ढकाल**
**अध्यापक, त्रिचन्द्र क्याम्पस**



नेपालको समग्र शैक्षिक क्षेत्र अराजक र विसङ्गतिको केन्द्र बन्दै गएको छ । राजनैतिक सङ्क्रमणको वर्तमान अवस्था एवं नेतृत्वतहको अदूरदर्शिताका कारण उच्च शिक्षाको क्षेत्रमा कहालीलाग्दो अवस्था देखिएको छ ।

यसका धेरै कारण भए पनि त्रिभुवन विश्वविद्यालयमा पदाधिकारीको चयन हुन नसक्नु प्रमुख कारण हो । देशकै सबैभन्दा ठूलो शैक्षिक प्रतिष्ठान नेतृत्वविहीन र अनाथ हुनु यो संस्थासँग जोडिएका सम्पूर्ण विद्यार्थी, कर्मचारी एवं प्राध्यापकहरूका लागि मात्र होइन, देशकै लागि दुर्भाग्य हो । यो स्थितिको अन्त्य गर्न प्राध्यापक एवं विद्यार्थीहरू आन्दोलनरत छन् तर सुनुवाई भैरहेको छैन । आंशिक प्राध्यापकहरूलाई करारमा नियुक्ति गर्ने सरकारी निर्णयलाई सही एवं न्यायपूर्ण ढङ्गले व्यवस्थापन गर्न पनि सरकार असक्षम बनेको छ । निर्णय गर्ने तर कार्यान्वय गर्न नसक्ने सरकारबाट शिक्षाक्षेत्रमा लागेका हामीजस्ता गैर-राजनैतिक मानिस दुःखी भएका छौं ।



प्राज्ञिक क्षेत्रलाई कमसेकम सत्ता राजनीतिको नाङ्गो हस्तक्षेपबाट मुक्त तुल्याएर शिक्षाको गुणस्तर कायम गर्दै मर्यादित, नियमित एवं व्यवस्थित ढङ्गले अघि बढाउनु नै आजको चुनौती हो । उच्चशिक्षामा देखिएका यस्ता खालका विकृति एवं अराजकता क्रमशः संस्थागत हुँदै जानुमा राजनैतिक क्षेत्र मात्र होइन, प्राज्ञिक जगत् पनि जिम्मेवार छ । राजनैतिक भागबन्डाका आधारमा भन्दा विश्वविद्यालयलाई कुशल नेतृत्व प्रदान गर्दै २१ औं शताब्दीका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय चुनौतीलाई सामना गर्न सक्ने प्राज्ञिक दक्षता भएका पदाधिकारीहरू नियुक्ति गर्न अब पनि ढिलो गर्ने हो भने हाम्रो शैक्षिक क्षेत्र अझ दर्दनाक कालखण्डबाट गुज्रन विवश हुनेछ ।

**इर्साद अन्सारी**
**केन्द्रीय सदस्य, नेविसंघ**

माघ १९ पछि राजाले आफ्नो राजनैतिक अभीष्ट पूरा गर्न त्रिभुवन विश्वविद्यालयलाई आफ्नो राजनैतिक प्रचारको थलो बनाउने प्रयास गरे । त्यसैले त्रि.वि.को नेतृत्व परिवर्तन गरियो र उनको राजनैतिक उद्देश्य अनुकूल काम गर्ने मानिसलाई भर्ना गरियो । जनआन्दोलनपछि लोकतान्त्रिक सरकारले उनीहरूलाई हटाउनु समयको माग थियो, कारण लोकतन्त्रको उद्देश्य माघ १९ को निरन्तरता होइन, चाहे राजनैतिक क्षेत्रमा होस् वा शैक्षिक क्षेत्रमा । राजाबाट नियुक्त गरिएका सबै पदाधिकारी लोकतान्त्रिक सरकारले हटाउनु जायज हो । शिक्षाक्षेत्रमा लोकतान्त्रिक सरकारले गर्नुपर्ने पहिलो काम गरेर देखायो । यद्यपि लामो समयसम्म खाली भएको पदमा लोकतान्त्रिक विचार भएका पदाधिकारीको नियुक्ति गर्न नसक्नु सरकार असक्षम भएको प्रमाण हो । सयौं प्राज्ञिक व्यक्तिमध्ये त्रि.वि. हाँक्ने एउटै व्यक्ति फेला नपर्नुको कारण जनताले खोज्न थालेका छन् । यसले लोकतान्त्रिक सरकार, विशेष गरी प्रधानमन्त्री एवं शिक्षा मन्त्रीको पोल खुल्न थालेको छ ।

त्रिभुवन विश्वविद्यालय न्यून आय भएका अभिवावकका छोराछोरीले अध्ययन गर्ने संस्था हो । यहाँ अध्ययन गर्ने विद्यार्थी नै देशको विकास गर्ने जमात हो । यसमा हेलचेक्र्याइँ गर्नु भनेको देशप्रति गद्धारी गर्नु हो । हजारौं विद्यार्थीको भविष्यमाथि खेलबाड गर्ने अधिकार विश्वविद्यालयमा चलखेल गर्न खोज्ने तत्त्वलाई छैन । यो कुरा शिक्षामन्त्री एवं प्रधानमन्त्रीले बुझ्नुपर्छ । बढ्दै गएको अराजकतामा काबु पाउन खाली पदहरूमा तुरुन्त नियुक्ति गरिनुपर्छ । जनताको आन्दोलन तथा सहिदको रगतले बनेको सरकारमा बस्नेहरूले यो कुरा बिर्सनु हुँदैन । यदि बिसंदै जाने हो भने फेरि पनि देशले दुर्भाग्य खेप्नुपर्छ र त्यसको दोष फेरि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला एवं मन्त्रिमण्डलका सदस्यहरूले लिनुपर्छ ।

**वीनकुमार विश्वकर्मा**
**सदस्य, युथ पार्लियामेन्ट**



त्रिभुवन विश्वविद्यालयमा बढ्दै गएको अराजकताको पहिलो कारण भागबण्डा हो । सीधा रूपमा भन्ने हो भने शिक्षामन्त्री एमालेले प्राप्त गरेको तथा प्रधानमन्त्री नेपाली कांग्रेसका तर्फबाट भएकाले नेपाली कांग्रेस तथा एमाले भागबण्डाको लडाइँ गरिरहेका छन् । एमालेले शिक्षासेवा आयोगको अध्यक्ष आफ्नो मान्छे हुनुपर्ने कुरामा जोड दिइरहेको छ भने नेपाली कांग्रेसले रजिस्टारको पद आफ्नो मानिसले पाउनुपर्ने कुरामा जोड दिइरहेको छ । यो कुरामा एमालेका नेताहरूले विमति जनारहेका छन् । उनीहरू शिक्षामन्त्री आफ्नो दलबाट भएकाले सबै पदमा एमालेका मानिस हुनुपर्ने कुरामा जोड दिइरहेका छन् । यो भागबण्डा नै अहिलेको अराजकताको पहिलो कारण हो ।

जनआन्दोलनपछि राजाबाट कुलपतिको पद खोसियो । प्रधानमन्त्रीलाई नै विश्वविद्यालयको कुलपति बनाउने विधेयक प्रतिनिधिसभामा पेस भयो । उक्त विधेयक पास भैसकेकाले विश्वविद्यालयमा नियुक्ति हुन नसकेको कारण देखाइँदैछ । मेरो विचारमा त्यो भागबण्डाको झगडा बाहिर आउला भनेर प्रचार गरिएको बहाना मात्र हो । प्राध्यापक एवं कर्मचारीहरूले सञ्चयकोषको रकम निकाल्न पाएका छैनन् । कतिले महिनौंदेखि तलब-भत्ता पाएका छैनन् ।

अर्को राजनीति संस्कृत विश्वविद्यालय तथा पूर्वाञ्चल विश्वविद्यालयमा भएको छ । असोज १८ पछि बनेको शेरबहादुर देउवाको सरकारका पालामा पूर्वाञ्चल एवं संस्कृत विश्वविद्यालयमा एमालेका तर्फबाट पदाधिकारी नियुक्त भएका थिए । पछि माघ १९ को घटनामा ती पदाधिकारीले राजाको कदमको स्वागत गर्दै आ-आफ्नो पदमा बसेर काम गरे । राजाको कदमको स्वागत गर्ने त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरू पदबाट हट्दा उनीहरूलाई एमालेका मन्त्रीले हरियो झन्डा देखाए । यसले लोकतन्त्रको अपमान गर्‍यो । त्यसैले अहिले विद्यार्थी एवं शिक्षक आन्दोलित छन् । यो नाजायज पनि होइन । एउटै अपराध गरेकामध्ये कसैलाई दण्ड र कसैलाई पुरस्कृत गर्नु नाजायज हो ।

यी र यस्तै कारणले सरकारको ८५ प्रतिशत अनुदान पाएको त्रि.वि.का शिक्षक, कर्मचारी एवं विद्यार्थीहरू आन्दोलित भएका हुन् । यसलाई सुधार गर्न सबैभन्दा पहिले विश्वविद्यालयलाई स्वायत्त बनाउनुपर्छ । हिजोको बन्द परिवेशमा आफ्ना गतिविधि सञ्चालन गर्न राजनैतिक दललाई विश्वविद्यालयको भरथेग चाहिएको थियो, तर आजको खुला परिवेशमा नेताहरूले विश्वविद्यालयलाई च्यापेर राख्नु समयपछाडिको कुरा हो । अब त्रिभुवन विश्वविद्यालय शुल्कलाई समयअनुसार परिवर्तन गरी आफ्नो खुट्टामा उभिने उपाय अपनाउनुपर्छ । सरकारले त्रि.वि.लाई राजनैतिक भर्तीकेन्द्र बनाउनुको साटो विद्यार्थी र देशको शिक्षाप्रति चिन्ता गर्नुपर्छ । अर्को कुरा त्रिभुवन विश्वविद्यालयको नीति-निर्माण तहमा अहिलेसम्म नेवार, बाहुन तथा मधिसेको वर्चस्व रह्यो । त्यसैले यसको चरित्र एकाङ्गी हुन पुग्यो । यसलाई परिवर्तन नगरेसम्म देशको शिक्षाको अवस्था सप्रँदैन ।

**दीपक भट्टराई**
**स्ववियु सभापति, त्रिचन्द्र क्याम्पस**

लोकतान्त्रिक परिवेशमा मात्रै कुनै पनि राष्ट्रको शिक्षाले सही गन्तव्य समात्न सक्छ । नेपालको इतिहास हेर्दा सबै निरङ्कुश शासकहरूले शिक्षामा प्रहार गरे । हाम्रो देशको बिडम्वना के भयो भने लोकतान्त्रिक भनिएको सरकारले पनि शिक्षामै प्रहार गरेको छ । फलस्वरूप शिक्षाले विकास ल्याउनुको साटो यसमा विकार आएको छ ।



अहिले शिक्षाक्षेत्र व्यवस्थित नहुनुको मुख्य कारण शिक्षाको व्यापारीकरण हुनु पनि हो । शिक्षा दिने नभई किन्ने र बेच्ने वस्तुमा परिणत भयो । शिक्षा कस्तो लिने भन्ने विषय विद्यार्थीको प्रतिभाले होइन, उसको अविभावकको आर्थिक हैसियतले निर्धारण गर्न थाल्यो । यो रोग त्रिभुवन विश्वविद्यालयमा पनि देखिएकाले स्थिति अराजक हुन थालेको मेरो अनुभव छ । त्रि.वि.भित्र शैक्षिक माफियाहरूको उपस्थितिका कारण उनीहरू कुनै न कुनै रूपमा त्रि.वि.लाई अस्तव्यस्त बनाउन चाहन्छन् । जसको अप्रत्यक्ष फाइदा शिक्षालाई आर्थिक लाभको माध्यम बनाइरहेका व्यक्ति तथा संस्थालाई पुगिरहेको छ ।

अहिलेको स्थितिमा सुधार नआउनुको जिम्मेवारी सरकारले लिनुपर्छ, तर यसको जिम्मेवारीबाट विद्यार्थी संगठनहरूले पनि पन्छिन मिल्दैन । पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदा सडक तताउने विद्यार्थी संगठनहरू किन आफ्नो मुख्य चासोभित्र पर्ने शिक्षाक्षेत्रको अस्तव्यस्ततातर्फ आँखा चिम्लिरहेका छन् ? किनभने शिक्षाक्षेत्र राजनैतिक कार्यकर्ता भर्तीकेन्द्र भएको छ । प्राज्ञिकताले राजनीतिलाई डोर्‍याउन सकेको छैन । जानेर-नजानेर विद्यार्थी संगठनहरू राजनैतिक दलका हतियार भएका छन् । यो विद्यार्थी संगठनहरूका लागि लाजमर्दो विषय हो ।

युरोप-अमेरिकातिर कुनै प्रोफेसरलाई मन्त्री बन्न आग्रह गर्‍यो भने ऊ रिसाउँछ, किनभने प्राज्ञिकहरूका लागि मन्त्री बन्नु वा राजनैतिक नियुक्ति पाउनु अपमानित हुनु हो । नेपालका प्राज्ञहरू राजनैतिक नियुक्तिको दौडमा छन् । यो नै हाम्रो विडम्बना हो । यस्तै कारणले हाम्रो शैक्षिक क्षेत्र अस्तव्यस्त छ ।

**प्रस्तुति : अश्विनी कोइराला**

## चर्चामा तीन वृत्तचित्र

**साप्ताहिक समाचार**

काठमाडौं– लोकतन्त्रको प्राप्तिपछि वृतचित्रका निर्माताहरू निकै जुर्मुराएका छन् । वृत्तचित्रको निर्माणमा पुराना निर्माताहरू मात्रै होइनन्, नयाँ अनुहारहरू पनि देखिन थालेका छन् । हालैमात्र राजधानीका विभिन्न स्थानमा तीनवटा वृतचित्र प्रदर्शन गरियो ।

**स्वदेशभित्र हराएको नागरिक** : देशका विभिन्न स्थानमा आएको प्रलयकारी बाढीले हजारौं जनता घरवारविहीन भए । यसै बेला वृवचित्र निर्देशक विमल पौडेलले मकवानपुरको मनोहरीमा आएको बाढीमा बेपत्ता भएका नागरिकहरूका बारेमा एउटा वृत्तचित्र बनाएका छन् । 'स्वदेशभित्र हराएको नागरिक' शीर्षकको उक्त वृत्तचित्र हालै काठमाडौंको सांगला गाविसमा स्थानीय जनतासमक्ष प्रदर्शन गरियो । १ घण्टा १२ मिनेट लामो उक्त वृत्तचित्रको छायाङ्कन तथा सम्पादन राजु केसीले गरेका हुन् भने यसका निर्माता सञ्जयबाबु ढकाल हुन् । वृत्तचित्र देशभरि प्रदर्शन गरिने निर्देशक पौडेल बताउँछन् ।

**अ ट्र्याजिटी फर द लिबर्टी** : २०६२ चैत २४ गते आरम्भ भएको जनआन्दोलनको १९ दिनको अवधिमा देशका लागि ज्यान दिएका सहिद तथा तिनका परिवारको वर्तमान अवस्थाका बारेमा तयार गरिएको वृतचित्र 'अ ट्र्याजिटी फर द लिबर्टी' हालै गुरुकुलमा प्रदर्शन गरियो । निर्माता तथा निर्देशकद्वय अञ्जना बूढाथोकी तथा सुवास थापामगरले तयार पारेको उक्त वृतचित्रमा सहिदका परिवारले खेप्नुपरेको दुःख र पीडालाई निकै मार्मिक ढंगले प्रस्तुत गरिएको छ । वृतचित्रको प्रस्तुति क्याट्स आई मिडियाले गरेको हो ।

**ग्रेटर नेपाल इन क्वेस्ट अफ बाउन्ड्री** : हाम्रा पुर्खाहरूले नेपालको सिमाना पूर्व टिष्टादेखि पश्चिम काँगडासम्म पुर्‍याएको इतिहासलाई आधार बनाएर निर्देशक मनोज पण्डितले वृत्तचित्र 'ग्रेटर नेपाल इन क्वेस्ट अफ बाउन्ड्री'को निर्माण गरेका छन् । तत्कालीन अंग्रेज फौजसँगको पराजयपछि भएको सुगौली सन्धिमा नेपालको सिमाना खुम्चिएको थियो । निर्देशक पण्डितको वृत्तचित्र 'ग्रेटर नेपाल इन क्वेस्ट अफ बाउन्ड्री' को प्रथम प्रदर्शन मंगलबार



राजधानीमा गरियो । सय मिनेट लामो उक्त वृत्तचित्र बनाउन आफूलाई दुई वर्ष लागेको पण्डितले जनाएका छन् । दुई खण्डमा बाँडिएको वृत्तचित्रको पहिलो खण्डमा त्यही ग्रेटर नेपाल फिर्ता पाउनुपर्ने माग उठाइएको छ भने दोस्रो खण्डमा भारतसँगको सिमानामा यतिबेला चलिरहेको विवादलाई देखाइएको छ ।

के तपाई SLC मा असफल हुनु भयो?
कक्षा ८ पास भएर तपाईंको पढाइ रोकियो?
तपाईंलाई सफल गराई तपाईंको पढाइलाई निरन्तरता दिन
SLC Exampted
Private Test/SLC
को विशेष तयारी कक्षाहरूमा भर्ना खुल्यो ।
SEA PUBLIC OPEN SCHOOL
Thamel Ktm Ph 4420537
Email - seapublic@enet.com.np



# फेसनको पढाइ नेपालमै

काठमाडौं– आजको गतिशील, प्रगतिशील एवं परिवर्तनशील समयमा फेसन व्यक्तित्वको परिचायक बनेको छ। खानु राम्रो आफ्ना लागि र लगाउनु राम्रो अरूका लागि भन्ने भनाइ समयानुकूल एवं सार्थक भएको देखिन्छ। व्यक्तिको व्यक्तित्व, शारीरिक बनावट, मौसम, वातावरणजस्ता थुप्रै कुरालाई ध्यानमा राखेर आफ्नो प्रतिभा एवं कल्पनाले फेसन सिर्जना गर्ने डिजाइनर तथा फेसन डिजाइनिङ क्षेत्रले बदलिँदो परिस्थितिमा व्यावसायिक स्वरूप पनि लिन थालेको छ। राजधानीमा महिनैपिच्छै बढ्दै गएका बुटिकले पनि यही कुरालाई प्रस्ट पार्छन्।

आममानिसको फेसनप्रतिको बढ्दो लगाव, यस क्षेत्रमा विद्यमान अवसर एवं सम्भावनालाई आत्मसात गर्दै पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा नमुना कलेज अफ फेसन टेक्नोलोजी (एनसीएफटी) ले फेसन विषयमा अध्यापन प्रारम्भ गरेको थियो, जुन मुलुककै एक मात्र र पहिलो फेसन कलेज हो। फेसन डिजाइनिङको क्षेत्रमा तीन दशकभन्दा लामो समयको अनुभव सँगालिसकेकी ज्ञानीशोभा तुलाधर, संस्थापक/प्रिन्सिपल रहेको नमुना कलेज बुढानीलकण्ठ सडक, बाँसबारीमा छ। सत्तरीको दशकको अन्ततिर भारतको महाराष्ट्रस्थित झारपकर टेलरिङ इन्स्टिच्युटमा पुगेर फेसन एवं टेलरिङसम्बन्धी अध्ययन तथा प्रशिक्षण लिएकी तुलाधरले उतिखेरै नेपालमा फेसन कलेजको सञ्चालन गर्ने परिकल्पना गरेकी थिइन् तर प्रतिकूल परिस्थितिका कारण उनको कल्पनाले मूर्तरूप पाउन करिब तीन दशक लाग्यो। नाम, दाम र कामको समिश्रण तथा सिर्जना र प्रतिस्पर्धाको थलो भएकाले फेसन डिजाइनिङ क्षेत्र रोजगारमूलक, व्यावहारिक एवं व्यावसायिक बन्न पुगेको छ। फेसन र टेक्सटाइल डिजाइनिङमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिलाएर दक्ष फेसन डिजाइनर जन्माउने कार्यमा तल्लीन रहेको नुमना कलेजको स्थापना सन् २००२ मा भएको हो। नमुना कलेजका भाइस प्रिन्सिपल जीवेश्वरलाल प्रधानका अनुसार ६ जना विद्यार्थी तथा ४ जना स्टाफबाट प्रारम्भ भएको नमुना कलेजमा हाल ५५ जना विद्यार्थीहरू अध्ययनरत छन् जसमध्ये १६ जनाले फेसन डिजाइनिङमा स्नातक गरिरहेका छन्।

नमुना कलेजमा फेसन डिजाइनिङसम्बन्धी तीनवर्षे स्नातक गराइन्छ। यहाँ दस जोड दुई वा सोसरहको अध्ययनमा कम्तीमा ३५ प्रतिशत अंक ल्याई उत्तीर्ण गरेका विद्यार्थीले अध्ययनका लागि आवेदन दिन पाउँछन्। नमुना कलेजमा अध्यापन गराइने स्नातक तहको फेसन डिजाइनिङ अध्ययनलाई बी.एफ.डी. अर्थात् ब्यालचर अफ फेसन डिजाइन भनिन्छ। जसलाई प्रत्येक वर्ष ६-६ महिनाको दुई सेमेस्टर गरी तीन वर्षमा ६ सेमेस्टरमा पूरा गरिन्छ। नमुना कलेजमा बी.एफ.डी. को अध्ययनका लागि जम्मा लाग्ने शुल्क २ लाख ४ हजार १ सय रुपैयाँ हो, जसअन्तर्गत पहिलो वर्षको पहिलो सेमेस्टरमा ५१ हजार २ सय, दोस्रोमा २५ हजार ५ सय, दोस्रो वर्षको पहिलो सेमेस्टरमा ३८ हजार २ सय, दोस्रोमा २५ हजार ५ सय तथा तेस्रो वर्षको पहिलो सेमेस्टरमा ३८ हजार २ सय र दोस्रोमा २५ हजार ५ सय रुपैयाँ बेहोर्नुपर्ने हुन्छ।

पूर्वाञ्चल विश्वविद्यालयको समयतालिकाभित्र आफ्नो शैक्षिक पात्रो बनाएको नमुना कलेजमा शनिबारबाहेक सातामा ६ दिन बिहान ७:३० देखि दिउँसो १:३० सम्म ६ घन्टा अध्यापन गराइन्छ। व्यवस्थापन संकायअन्तर्गत अध्यापन गराइने बी.एफ.डी. कोर्समा विद्यार्थीले अध्ययन गर्नुपर्ने विषयहरू स्केचिङ, मर्केन्डाइजिङ, अपेरल डिजाइनिङ, गार्मेन्ट टेक्नोलोजी, ड्रेपिङ एन्ड ग्रेडिङ आदि पर्छन् भने प्रिन्सिपल अफ म्यानेजमेन्ट, इन्टर प्रिमियरसिप, फेसन मार्केटिङ, करिअर डेभलपमेन्ट जस्ता व्यवस्थापनका विषयहरू पनि पर्छन्।

व्यावहारिक ज्ञान आवश्यक भएकाले कलेजले विद्यार्थीका लागि संवाद, अन्तर्क्रिया कार्यक्रम, सेमिनार, वर्कसपको आयोजना गर्छ। विद्यार्थीलाई सम्बद्ध क्षेत्रमा पारंगत बनाउनका लागि फेसन सोको माध्यमबाट फोटोग्राफी, कोरियोग्राफी, मोडलिङ जस्ता क्षेत्रका पनि ज्ञान दिलाउनेछ। सीएडी, फेसन स्टुडियो जस्तो अत्याधुनिक सफ्टवेयर प्रणालीमा प्याटर्न तथा स्केचिङ बनाउन सिकाइने यो कलेजले आवश्यकता अनुसार सुविधासम्पन्न पुस्तकालय, कम्प्युटर ल्याब, प्राथमिक उपचार, यातायात, छात्रावास तथा क्यान्टिनको पनि सुविधा उपलब्ध गराउँदै आएको छ।

विद्यार्थीले हासिल गरेको शिक्षाको मूल्याङ्कन उसको कक्षामा उपस्थिति, व्यावहारिक कार्य, शैक्षिक सत्रको परीक्षा, अन्तिम परीक्षा तथा शोधपत्रका आधारमा गरिन्छ। अन्तिम सेमेस्टरका विद्यार्थीले आफूले अध्ययन गरेको विषयसम्बन्धी प्रदर्शनी गर्न फेसन सोभा आफूले सिर्जना प्रस्तुत गर्नुपर्ने हुन्छ। शैक्षिक सत्रको अन्तमा ग्रेड प्वाइन्ट तथा विभिन्न विषयमा प्राप्तांकका आधारमा ग्रेड दिइन्छ। 'ए ग्रेड' ८० भन्दा बढी अंक, 'बी ग्रेड' ६० देखि ७९ अंक, 'सी ग्रेड' ५० देखि ५९ अंक, 'डी ग्रेड' ४० देखि ४९ अंक, ४० भन्दा कम ल्याउनेलाई अनुत्तीर्ण भएको मानिन्छ। वार्षिक परीक्षा प्रणालीको अन्तिम परीक्षामा सहभागी हुने विद्यार्थीले कम्तीमा ८० प्रतिशत कक्षामा उपस्थिति जनाएको हुनुपर्छ।

रोजगारी, अवसर तथा व्यावसायिक पक्षको त्रिवेणी बन्न थालेको फेसन डिजाइनिङको नमुना कलेजको अध्ययनले बुटिक सञ्चालन गर्न, फ्रिलान्स डिजाइनर बन्ने अवसर त दिन्छ नै एकेडेमिक करिकुलम भएका कारण यो कलेजको अध्ययनपश्चात् विद्यार्थीका लागि कस्ट्युम डिजाइन, फेसन फोरकास्टर, फेसन स्टाइलिस्ट, डिजाइन म्यानेजर, एसेसरिज डिजाइनर, फेसन ट्रेन्ड मेकर, इम्ब्रोइडरी डिजाइनर, टेक्सटाइल डिजाइनर, मर्केन्डाइजर, गार्मेन्ट टेक्नोलोजिस्ट, ग्राफिक डिजाइनर, कोरियोग्राफर, इन्टरप्रेनर, फेसन इन्डस्ट्रियालिस्ट आदि अवसर सिर्जना हुन्छन्।

**– रोजिन शाक्य**

# आन्तरिक सजावटको अध्ययन





कुनै पनि स्थानलाई आफूले चाहेअनुरूप सजाउने, व्यवस्थित गर्ने तथा सुसज्जित गर्ने विधिलाई आन्तरिक सजावट भनिन्छ। व्यक्तिगत घर होस् वा बैठक कोठा, कार्यालय होस् वा ठूला सपिङ कम्प्लेक्स विशेष रूपले सजाउने प्रचलन बढ्दै गएको छ।

घर तथा कार्यालयको आकार-प्रकारअनुसार रंग-रोगनदेखि विभिन्न सामानहरूको सजावट एवं व्यवस्थापनमा वैज्ञानिक पद्धतिको प्रयोगका सम्बन्धमा अध्ययन गर्न सकिने भएकाले अर्को एक रोजगारमुखी विषयका रूपमा विकसित भएको छ। समयसँग चल्न एवं त्यसअनुसार ढल्न आफूसँग भएको परम्परागत ज्ञान तथा सीपमात्र पर्याप्त हुँदैनन्, त्यसका लागि आन्तरिक सजावट आधुनिक प्रविधिहरूको जानकारी राख्न यससम्बन्धी छोटा कोर्ष मात्र नभई विशिष्ट शैक्षिक तथा व्यावसायिक कोर्स गर्नैपर्छ।

व्यावसायिक रूपमा रोजगारीको प्रशस्त अवसर एवं नेपालमा इन्टेरियर डिजाइनरको खाँचो पूरा गर्न तथा यससँग सम्बन्धित जनशक्ति उत्पादन गर्न पूर्वाञ्चल विश्वविद्यालयले यो विषयको पाठयक्रम तयार पारेर सम्बन्धन दिएको छ। पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा कान्तिपुर होटल म्यानेजमेन्ट एन्ड इन्टेरियर डिजाइन कलेज, बुद्धनगरले तीन वर्षे ब्याचलर इन इन्टेरियर डिजाइन कोर्स उपलब्ध गराउँदै आएको छ। कलेजका अनुसार नेपालमा इन्टेरियर डिजाइनसम्बन्धी शैक्षिक कोर्स अध्यापन गराउने यो मात्र एक कलेज हो। यसको अध्ययनका निम्ति प्रवीणता अथवा प्लस टु उत्तीर्ण गरेको हुनुपर्छ। यसका निम्ति कलेजले ३० वटा सिट उपलब्ध गराएको छ। तीन वर्षको अध्ययनका निम्ति १ लाख ६२ हजार खर्च लाग्छ। भर्नाको क्रमदेखि १२ वटा किस्ताबन्दीमा १३ हजार ५ सयको दरले तिरिन्छ। अर्धवार्षिक रूपमा ६ वटा नियमित परीक्षा सञ्चालन हुन्छन्, जसमा सैद्धान्तिक पत्र, प्रयोगात्मक, आन्तरिक मूल्यांकन गरी अङ्क प्रदान गरिन्छ। अंग्रेजी, बिल्डिङ मेटिरियल, आन्तरिक सजावटको इतिहास सहित ८० सैद्धान्तिक, २० प्रयोगात्मक एवं आन्तरिक सजावट स्टुडियो, ग्राफिक एन्ड ड्राफ्टिङसँग सम्बन्धित १ सय पूर्णाङ्कको प्रयोगात्मक विषयहरू अनिवार्य गरिएका छन्। यस बाहेक फिजबल आर्ट, इन्टेरियर डिजाइन, मोडलिङ, कलर, फर्निचर डिजाइन, लाइटिङ, फोटोग्रफी, अबम इलेक्ट्रिकल, क्लाइमेटोपोलोजी, वाटर सप्लाइ स्यानेटरी सिस्टमजस्ता विषयहरू १ सय प्रयोगात्मक, ८० सैद्धान्तिक, २० प्रयोगात्मक, ८० सैद्धान्तिक, २० प्रयोगात्मक २० प्रयोगात्मक पत्रका आधारमा मूल्यांकन हुन्छ। पहिलो तथा चौथो अर्धवार्षिकभन्दा अघिसम्मका विषयहरूभन्दा पाँचौं तथा अर्धवार्षिकमा पूर्णरूपले रिपोर्ट तयार पार्न आन्तरिक सजावटकर्तासँग विभिन्न ठाउँमा कार्य गर्नुपर्छ र अन्त्यमा प्रतिवेदन तयार गरिन्छ। छैटौं अर्धवार्षिकमा चाहिं बाह्य मूल्यांकन गरिन्छ, छैटौं अर्धवार्षिकमा व्यवस्थापन, अर्थशास्त्र, कस्ट एन्ड इस्टिमेसन, इन्टेरियर ल्यान्डस्केपिङजस्ता विषय पनि समावेश छन्।

इन्टेरियर डिजाइनरहरू नेपालमा आवश्यक मात्रामा छैनन्। आन्तरिक सजावटको प्रशिक्षण प्राप्त गरेका व्यक्तिहरूले रोजगारी प्राप्त गर्ने सम्भावना बढी छ। उनीहरूले विशेषगरी आन्तरिक सजावट कार्यालय, फर्निसिङ सोरुम, भवन, निर्माण कम्पनी, आर्किटेक्ट कन्सल्टेन्सी आदि स्थानका साथै होटेल, रेस्टुराँ तथा स्टेज एवं प्रदर्शनीस्थलहरूमा समेत आफ्नो कार्यकुशलता प्रदर्शन गर्न सक्छन्। आन्तरिक सजावटका प्रशिक्षार्थीहरूले एनसीआईडीक्यू नामक परीक्षा उत्तीर्ण गर्न सके अमेरिका, क्यानाडाजस्ता मुलुकका अन्तर्राष्ट्रिय रूपमा परिचित व्यावसायिक संघसंस्थाहरूमा कार्य गर्न सक्छन्।

नेपालमा यो विषयको भविष्य राम्रो भएकाले आन्तिरिक सजावटका इन्स्टिच्युटहरूमा युवती तथा गृहिणीहरूको पनि भीड बढ्न थालेको जानकारहरू बताउँछन्। त्यसैले आईसीसीले अगामी वर्षदेखि एड्भान्स डिप्लोमा इन इन्टेरियर डिजाइनको शैक्षिक कोर्सलाई अघि बढाउँदै छ। केही वर्षअघिसम्म आन्तरिक सजावटतर्फ कसैको ध्यान गएको थिएन। अझै पनि यो क्षेत्रमा दक्ष जनशक्तिको खाँचो छ। नेपालमा इन्टेरियर डिजाइनरहरूको संख्या थोरै भएकाले अहिले नेपालमा विदेशीहरूले बढी अवसर पाइरहेका छन्, त्यसैले पनि नेपाली डिजाइनरहरूका लागि यो क्षेत्रमा थुप्रै अवसर छ। नेपालमा एसएसी उत्तीर्ण गरेका विद्यार्थीलाई आन्तरिक सजावटको अध्ययन गराइन्छ। त्यसो त विद्यार्थी मात्र नभएर यो विषय अध्ययन गर्न इच्छुक जोसुकैलाई पनि आन्तरिक सजावटसम्बन्धी दुई किसिमको तालिम दिइन्छ।

अहिले एक दर्जनको हाराहारीमा त्यस्ता इन्स्टिच्युटहरूमा छ महिनाको बेसिक तथा एक वर्षको एड्भान्स तालिम दिइन्छ। त्यस्ता इन्स्टिच्युटहरूमध्ये आइसीसी बागबजार, रमेश एन्ड कन्सर्न इन्टेरियोर डिजाइन, एनआइएफटी कुपन्डोल, एक्स्टेरियर-इन्टेरियर थापाथली, साइड डिजाइन एकेडेमी सातदोबाटो प्रमुख छन्। स्वतन्त्र रूपमा खोलिएका निजी संस्था भएकाले विभिन्न इन्स्टिच्युटहरूले फरक-फरक अध्ययन शुल्क राखेका छन्। जसमा बेसिक कोर्सका लागि २ हजार रुपैयाँ खर्च लाग्छ भने एड्भान्स कोर्सका लागि ३५ सय रुपैयाँ जति लाग्ने गरेको छ।

**–संगीता कटुवाल**

## अवसर

-ललितपुरस्थित एक रेस्टुराँका लागि १० जना वेटर र ५ जना कुकको आवश्यकता छ। इच्छुक व्यक्तिले रेस्टुराँको फोन नम्बर ५५२३६४८ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक वर्कसपका लागि एसएलसी उत्तीर्ण १० जना सेल्स ब्वाइज र १० जना डेलिभरी ब्वाइजको आवश्यकता छ। इच्छुक व्यक्तिले वर्कसपको फोन नम्बर २१७१७८२ मा सम्पर्क राख्नुहोला।

- काठमाडौंस्थित एक माध्यमिक विद्यालयका लागि निम्न माध्यमिक तहमा अंग्रेजी, गणित, कम्प्युटर शिक्षक र प्राथमिक तहमा नेपाली र विज्ञान शिक्षकको आवश्यकता छ। अनुभवी तथा मेहनती व्यक्तिले विद्यालयको फोन नम्बर ४४६७१६१ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक एकाउन्टिङ/अडिटिङ फर्मका लागि न्यूनतम बीबीएस/बीबीए/बीकम/सीए फाउन्डेसन उत्तीर्ण गरेका व्यक्तिबाट एकाउन्ट, अडिट असिस्टेन्स आदिको आवश्यकता छ। योग्य व्यक्तिले ७ दिनभित्र आइपुग्ने गरी पोस्ट बक्स नम्बर ७२० मा सिभीसहित आवेदन दिनुहोला।

-जापानको नेगोया सहरस्थित एक कम्पनीका लागि १ सय २० जना महिला तथा १ सय २० जना पुरुष म्यानुफ्याक्चरिङ वर्कर (फ्याक्ट्री वर्कर) को आवश्यकता छ। न्यूनतम एसएलसी उत्तीर्ण नेपाली नागरिकले कम्पनीको नेपालस्थित प्रतिनिधिसँग फोन नम्बर ४४४४०४८ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक व्यावसायिक समूहका लागि मार्केटिङ तथा सेल्स एक्जुकेटिभको आवश्यकता छ। योग्य तथा अनुभवप्राप्त व्यक्तिले समूहको पोस्ट बक्स नम्बर २८६१ मा आवेदन दिनुहोला।

-गैरसरकारी संस्थाहरूको छाता संगठन गैरसरकारी संस्था महासंघ नेपालका लागि एक जना प्रोजेक्ट म्यानेजर र एक जना प्रोग्राम अफिसरको आवश्यकता छ। योग्य तथा अनुभवी व्यक्तिले महासंघको पोस्ट बक्स नम्बर ७७६८ मा आवेदन दिनुहोला।

-काठमाडौंस्थित एक कलेजका लागि प्रिन्सिपल, फाइनान्स अफिसर, स्कुल युनिटको प्रिन्सिपल, म्यानेजर तथा पर्सनल असिस्टेन्सको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा दक्ष तथा अनुभवी व्यक्तिले कलेजको फोन नम्बर ४४२४४३१ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक मेडिकल सेन्टरका लागि व्यवस्थापन संकायमा स्नातक उत्तीर्ण एकाउन्टेन्टको आवश्यकता छ। इच्छुक व्यक्तिहरूले मेडिकल सेन्टरको फोन नम्बर ४४२९०२३ मा सम्पर्क राख्नुहोला।

-युएईको अबुधाबी सहरस्थित एक सुरक्षा कम्पनीका लागि आई.ए. उत्तीर्ण दुई जना सेक्युरिटी सुपरभाइजर तथा एसएलसी उत्तीर्ण ५० जना सेक्युरिटी गार्डको आवश्यकता छ। इच्छुक व्यक्तिले नेपालस्थित प्रतिनिधिलाई फोन नम्बर ४४८३३४५ मा सम्पर्क राख्नुहोला।

-काठमाडौंस्थित एक सफ्टवेयर कम्पनीका लागि केही सफ्टवेयर प्रोग्रामर्सको आवश्यकता छ। योग्य व्यक्तिले पोस्ट बक्स नम्बर १०६२६ मा आवेदन दिनुहोला।

-काठमाडौंस्थित एक प्राइभेट कम्पनीका लागि एमबीए उत्तीर्ण सेल्स म्यानेजरको आवश्यकता छ। योग्य व्यक्तिले कम्पनीको फोन नम्बर ४२४२४६५ मा सम्पर्क गर्नुहोला।

## साइबर समाचार

### डाटा चोरीविरुद्ध १ अर्ब ३० करोड

आईबीएमल नाम विश्वप्रसिद्ध कम्प्युटर फार्मले डाटा चोरी गर्नेहरूको विरुद्धमा सुरक्षा प्रणाली विकिसित गर्न रु. १ अर्ब ३० करोड डलर खर्च गर्ने भएको छ। आफ्ना ११ हजार ग्राहकको डाटा, कम्प्युटर नेटवर्क तथा इन्टरनेट प्रणालीको सुरक्षाका लागि उक्त रकम खर्च गर्न लागेको उल्लेख गरेको छ। आईबीएमले भाइरस पठाएर महत्त्वपूर्ण डाटा चोरी गर्ने समस्या व्यापक हुँदै गएकाले यो समस्यासँग जुध्न बेलैमा उपाय अपनाउनुपरेको बताएको छ। आईबीएमका ११ हजार ग्राहकमध्ये १७ वटा ग्राहक विश्वका ठूला बैंक नै छन्।

### ब्रोड ब्यान्ड इन्टरनेट प्रयोगकर्ताको संख्या बढ्यो

बेलायतको राष्ट्रिय तथ्याङ्क प्रतिष्ठानले गरेको सर्वेमा हरेक चार घर-परिवारमा तीन घर-परिवारले ब्रोड ब्यान्ड इन्टरनेट प्रयोग गरिरहेको देखाएको छ। बेलायतमा करिब ७३ प्रतिशत घरमा ब्रोड ब्यान्ड इन्टरनेट सुविधा पुगेको छ। ब्रोड ब्यान्ड इन्टरनेट सुविधा भनेको एकैचोटि धेरै प्रवाहित हुने टेलिफोन डायलअप विहीन इन्टरनेट सुविधा हो जहाँ इन्टरनेट धेरै नै तेज गतिमा चल्ने वेबसाइटहरू चाँडै खुल्ने र डाटाहरू डाउनलोड गर्न सकिन्छ। सर्वेक्षणका क्रममा पहिलो पटक उत्तरी आयरल्यान्डका घरहरूलाई पनि समेटिएको थियो। बेलायतमा कारफोन, वारहाउस, बीटी तथा बीस्काईबी नामक संख्थाहरूले प्रमुख रूपमा इन्टरनेट सुविधा उपलब्ध गराउने काम गर्दै आएका छन्। सस्तो एवं विश्वसनीय सेवा उपलब्ध गराएकाले यी संस्थाहरूको लोकप्रियता बढ्दै गएको सर्वेक्षणमा देखिएको छ।

# पेट्रोलियमको विकल्प खोज्ने क्रम बढ्दै छ

## अब रूखबाट पेट्रोल

वनस्पति मानवजीवनका अभिन्न अंगजस्तै हुन्। वनस्पतिले सृष्टिको कालदेखि अक्सिजन दिएर मानवजातिलाई ठूलो गुण लगाउँदै आएको छ। केही वर्षयता अमेरिकाको 'नेसनल साइन्स इन्स्टिच्युट' मा काम गर्ने वैज्ञानिकहरूले यस्ता बोटबिरुवा पत्ता लगाएका छन्, जसबाट पेट्रोल रडिजलजस्ता रासायनिक ऊर्जा निकाल्न सकिन्छ। 'नेसनल साइन्स इन्स्टिच्युट' ले विश्वभरिका करिब ६ हजार बोटबिरुवाको रासायनिक परीक्षण गर्दै आएको छ, जसबाट पेट्रोलजस्ता रासायनिक पदार्थ निकाल्ने आशा गरिएपछि यी वैज्ञानिकहरूले तेस्रो विश्वबाट बोटबिरुवा झिकाइरहेका छन्।

यो अनुसन्धानमा संलग्न डा. एलेक्स हेन्डस् भन्छन्- 'हामीले बोटबिरुवाबाट पेट्रोल निकाल्ने अनुसन्धान गरिरहेका छौं। बिरुवामा हुने हाइड्रोकार्बनलाई केही रासायनिक प्रक्रियाको मद्दतबाट पेट्रोलमा रूपान्तरण गर्न सकिन्छ। यसरी प्राप्त हुने पेट्रोलबाट प्रदूषण पनि कम हुनेछ। वैज्ञानिकहरूले बोटबिरुवाबाट पेट्रोल बनाउने जानकारी दोस्रो विश्वयुद्धताका पाइएका थिए, तर उक्त प्रविधि निकै महँगो भएकाले त्यसलाई प्रयोग गरिएको थिएन। हिजोआज वैज्ञानिकहरू यो प्रविधिलाई अझ सरल पार्ने काममा जुटेका छन्।

अनुसन्धानमा संलग्न अर्का वैज्ञानिक ज्याक पिटर भन्छन्- 'युफो बीएसी' जातका बिरुवाबाट 'ल्याटेक्स' नामक तरल पदार्थ निकाल्न सकिन्छ, जसबाट हाइड्रोकार्बन प्राप्त हुन्छ तर अन्य बिरुवामा हाइड्रोकार्बन प्राप्त गर्न पूरै रूख काट्नुपर्ने मात्र होइन, बिरुवाको जरैसमेत उखेल्नुपर्छ। रासायनिक प्रतिक्रियापछि मात्र यसलाई प्रयोग गर्न लायक बनाउन सकिन्छ।'



## वैकल्पिक ऊर्जाका सवारी साधनहरू

नेपालमा डिजेल तथा पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा नवीकरणीय ऊर्जा र ग्याँसबाट सवारी साधनहरू सञ्चालन गर्ने सम्भावना बढ्दै गएको छ। हाल ब्याट्री र विद्युत्‌बाट सञ्चालन गर्न सकिने टेम्पो तथा ट्रलीबस मात्र नभएर ट्याक्सी एवं माइक्रोबसजस्ता सवारी साधनमा इन्धनका रूपमा ग्याँसको प्रयोग बढ्दै गएको छ।

हाल नेपालमा वैकल्पिक ऊर्जाबाट चल्ने सवारी साधनहरूमध्ये ब्याट्रीबाट सञ्चालित करिब १ हजार ५ सय टेम्पोहरू र २ हजार ५ सयभन्दा बढी गाडी ग्याँसबाट चल्न थालेका छन्। सन् २००१ मा भित्रिएको रेभा इलेक्ट्रिक कार रातभरिको बिजुली चार्जबाट ८० किलोमिटरसम्मको यात्रा तय गर्न सकिने आकर्षक कार हो। उक्त कारको ब्याट्री नौ युनिटको विद्युत्‌बाट पूरा चार्ज हुन्छ। आवाज र प्रदूषणविहिन उक्त कार काठमाडौंमा नगन्य संख्यामा मात्र गुड्छन्।

पेट्रोलको साटो एलपीजी ग्याँसबाट मोटर, माइक्रो गाडीहरू चलाउने प्रविधि आठ वर्षअघि नेपाल भित्रिएको हो। पहिले तीनपाङ्ग्रे टेम्पुमा उक्त प्रविधिको परीक्षण गरिए पनि अहिले ठूला सवारी साधनदेखि लिएर मोटरसाइकल पनि चलाउन सकिने भएको छ। ग्याँस गाडी निर्माता लोभाटो कम्पनीका अनुसार हालसम्म दुइटा सैनिक ट्रक तथा एउटा एम्बुलेन्समा ग्याँस सिलिन्डर आदि उपकरण जडान गरिएको छ भने परीक्षणका रूपमा दुइटा मोटरसाइकलमा पनि उक्त प्रविधि परीक्षण गर्ने कार्य भैरहेको छ।

ग्याँस गाडीहरूको बढ्दो संख्यालाई दृष्टिगत गर्दै अहिले चाबहिल, बालाजु, ग्वार्को तथा कलंकी गरी पाँच स्थानमा ग्याँस फिलिङ सेन्टर स्थापना गरिएको छ। डिजेल र पेट्रोल गाडीलाई ग्याँस प्रविधि गाडीमा रूपान्तरण गर्न रु. २ हजार ५ हजारदेखि रु. ६५ हजारसम्म खर्च लाग्ने गरेको छ।

## समुद्रमुनि इन्धनको खोजी

आगामी ५० वर्षभित्रमा विश्वका सबै खनिज तेल र प्राकृतिक ग्याँस समाप्त हुने प्रारम्भिक अनुमान गरिएको छ। अमेरिका र युरोपका जनताले अहिले जुन अनुपातमा खनिज तेलको खपत भैरहेको छ, त्यही अनुपातमा विश्वभरि नै उपयोग गरिएमा पृथ्वीमा उपलब्ध खनिज तेल पूर्वानुमान गरिएको समयभन्दा पहिले नै सकिने वैज्ञानिकहरू बताउँछन्। विश्वभर बढ्दै गएको खनिज तेलको खपत दरलाई हालकै स्थितिमा राख्न वैज्ञानिकहरू सक्रिय छन्।

वैकल्पिक उपायहरूको खोजीमा रहेका वैज्ञानिकहरूले एक यस्तो इन्धन पत्ता लगाएका छन्, जसबाट मोटर चलाउन तथा बिजुली बाल्नसमेत सकिन्छ। यो इन्धन समुद्रमा घुलित अवस्थामा छ, जसलाई 'क्लैथरेट' नाम दिइएको छ। यो इन्धन समुद्री पानीको अणुमा मिसिएको मिथेन ग्याँस हो, जुन अति ज्वलनशील छ। अनुसन्धानमा संलग्न अमेरिकी वैज्ञानिक माइकल क्यासलका अनुसार जब समुद्रमा दबाब बढ्दै जान्छ, तब निश्चित तापक्रम पुगेपछि क्लैथरेट ग्याँसको उत्पत्ति हुन्छ तर हाइड्रोजनसँग प्रतिक्रिया गरेका कारण यो सजिलै मुक्त हुन सक्दैन। क्लैथरेट ग्याँस ४९ डिग्री तापमानमा पनि पग्लँदैन।

वैज्ञानिकहरूका अनुसार क्लैथरेट ग्याँस समुद्रभित्र लगभग ५० मिटर गहिराइमा पाइएको छ। अनुसन्धानमा संलग्न अर्का वैज्ञानिक जिम फिलिप्स भन्छन्– 'समुद्रमा कल्पना नै नगरेको क्लैथरेट ग्याँसको विशाल भण्डार पनि हुन सक्छ। लाखौं वर्षअघि जैविक प्रक्रियाबाट क्लैथरेटको निर्माण भएको हुनुपर्छ। उपयुक्त दबाब र तापक्रममा क्लैथरेट ग्याँस पानीको अणुसँग मिल्ने गरेको छ। अहिलेसम्म यो अनुसन्धानमा अमेरिका एक्लै जुटेको छ। वैज्ञानिकहरू अहिले क्लैथरेट ग्याँस मिसिएको पानीका सम्बन्धमा अध्ययन-अनुसन्धान गर्दैछन्।

## साप्ताहिक क्लिक

### ebibaha.com

विवाहका लागि उपयुक्त बर-बधूको खोजीमा हुनुहुन्छ भने कान्तिपुर पब्लिकेसन्सको www.ebibaha.com तपाईंका निम्ती सहयोगी साबित हुन सक्छ। जीवनसाथीको खोजीमा रहेका युवा-युवतीहरूलाई लक्षित गरेर कान्तिपुर पब्लिकेसन्सले यो वेबसाइट सञ्चालनमा ल्याएको हो। अनलाइन मिडियालाई प्रयोग गरेर दाम्पत्य जीवनमा प्रवेश गर्ने ट्रेन्ड बढ्दै गएकाले यो वेबसाइटको परिकल्पना गरिएको कान्तिपुर पब्लिकेसन्सकी असिस्टेन्ट कर्पोरेट म्यानेजर राजश्री रावल बताउँछिन्। रावलका अनुसार विवाहका लागि विभिन्न स्थानमा रहेका उपयुक्त साथी खोज्न वेबसाइटले सहयोग गर्नेछ।

रावलका अनुसार वैवाहिक सम्बन्ध गाँसिदिने वेबसाइटको स्तरीयता बढाउन पनि कान्तिपुर आफैंले सक्रियता देखाएको हो। छिमेकि मुलुक भारत एवं चीनमा समेत सूचना तथा सञ्चार प्रविधिमार्फत वर-बधू खोज्ने चलन सामान्य भैसकेको छ, तर नेपालमा अझै पनि विवाह हुन नसकेकाहरूले मात्र वेबसाइटमा व्यक्तिगत विवरण राख्छन् भन्ने सोचाइ छ। रावलका अनुसार बिस्तारै ई-विवाहले यो भ्रम हटाउने काम गर्नेछ।

वेबसाइटमा अहिले पनि दुई दर्जनभन्दा बढी युवा-युवतीले साथीको खोजी गरेका छन्। वेबसाइटमा निःशुल्क रूपमा आफ्नो व्यक्तिगत विवरण र फोटो दर्ता गर्न सकिन्छ। वेबसाइट सञ्चालनमा आएको धेरै नभए पनि सयौं युवायुवतीले यसप्रति चासो देखाएका छन्। जसमध्ये कतिपय दर्ता प्रक्रिया गलत नियतले भएको पाइएको ई-विवाहका प्राविधिकहरू बताउँछन्। उनीहरूका अनुसार आएका इमेललाई फिल्टर गरेर मात्र दर्ता गरिन्छ।

यसबाहेक वेबसाइटमा च्याट, जन्मकुण्डली, राशिफलअनुसारको जोडी, जन्मचक्र, विवाहको लगनसाइत आदि पनि समावेश गरिएका छन् भने सौन्दर्यविद् सिर्जनासिंह योञ्जनबाट वैवाहिक सम्बन्धका समस्याहरूको उत्तर पाउन सकिन्छ। यसैगरी वेबसाइटमा कान्तिपुर टेलिभिजनका कार्यक्रम प्रस्तोता वास्तुविद् वासुदेव कोइरालाद्वारा लिखित विवाह सम्बन्धी फिचर पनि प्रस्तुत गरिएको छ।

## मोटोपन रोक्ने खोप



चिकित्सा क्षेत्रका अमेरिकी अनुसन्धानकर्ताहरूले विश्वव्यापी चिन्ता एवं समस्याका रूपमा बढ्दै गएको मोटोपन नियन्त्रण गर्ने खोपको विकास गरेको जानकारी गराएका छन्। मान्छेमा धेरै भोक जगाएर धेरै खाना खान बाध्य गराउने तथा शरीरलाई मोटो बनाउने घ्रेलिन नामक हार्मोन विरुद्धमा धेरै भोक नजगाउने र मोटोपन घटाउन मद्दत गर्ने खोपको विकास गरेका छन्। स्वास्थ्यसम्बन्धी एउटा ब्रिटिस संस्थाका विज्ञहरूले यो सफल अनुसन्धानलाई ज्यादै चाखलाग्दो बताए पनि यो खोप सुरक्षित हुन नसक्ने सम्भावना व्यक्त गरेका छन्।

उक्त खोपको विकास अमेरिकाको क्यालिफोर्नियास्थित स्क्रिप्स रिसर्च इन्स्टिट्युट नामक संस्थाका अनुसन्धानकर्ताहरूले गरेका हुन्। उक्त संस्थाले घ्रेलिन नामक हार्मोनको विरुद्धमा काम गर्ने तीन किसिमको सेन्थेटिक खोपको विकास गरेको छ। अनुसन्धानकर्ताहरूले मुसामा परीक्षण गरेर यो अनुसन्धानमा केही सफलता प्राप्त गरिसकेका छन्। अनुसन्धानकर्ताहरूले खोपको परीक्षण मुसामा गर्दा मुसाको धेरै खाने रुचिलाई नियमित र सामान्य तुल्याएर मोटो हुनबाट जोगाएको थियो। मुसामा गरिएको परीक्षण सफल सावित भएपछि मानिसमा प्रयोग गरी खोपको विकास गरिने अनुसन्धानकर्ताहरूले बताएका छन्।

## मोटोपन घटाउने ट्याबलेट

लन्डनको बजारमा मोटोपन घटाउने ट्याबलेटको बिक्री-वितरण सुरु भएको छ, बेलायतको राष्ट्रिय स्वास्थ्य सेवा विभागका प्रमुखले भने यस औषधीप्रति आकर्षित नहुन जनतालाई सचेत गराएको छ। रिमोनाबान्ट नामक उक्त औषधीले खानमा रुचि घटाएर मान्छेलाई दुब्लो बनाउन मद्दत गर्छ। यो औषधीले भुँडीमा जमेको बोसो र शारीरिक शक्ति घटाउन पनि भूमिका खेल्छ। मोटोपन घटाउन नियमित व्यायामको तुलनामा दस गुणा बढी प्रभावकारी भए पनि यो औषधीको तुलनामा स्वस्थ खाना एवं नियमित शारीरिक व्यायाम नै उपयुक्त रहेको उल्लेख गरिएको छ। बेलायतमा एक माहिनासम्म उपचार गर्दा यो औषधीको मूल्य ५५ पाउन्ड पर्छ। बेलायतमा हरेक पाँच जना मानिसमध्ये एक जना मानिस मोटोपनको समस्याबाट पीडित छन् भने सम्पूर्ण महिला जनसंख्याको एकतिहाई महिला मोटा भएको अनुसन्धानहरूले देखाएका छन्।

## पृथ्वीजस्तै अर्को ग्रह

अमेरिकी खगोलविद्हरूले हाम्रो सौर्यमण्डलभन्दा बाहिर पहिलो पटक पृथ्वीजस्तै ग्रह पत्ता लगाएको दावी गरेका छन् तर उक्त ग्रह अति तातो हुन सक्ने भएकाले बस्नका लागि योग्य नभएको बताइन्छ। सन् १९९५ देखि अहिलेसम्म ग्रह अध्ययनमा लागेका अनुसन्धानकर्ताहरूले उक्त ग्रहको कक्षमा रहेका १ सय ५५ वटा पिण्ड फेला पारेका थिए, जुन हाम्रो 'मिल्की वे' को वरिपरी अन्य ताराहरूसँगै थिए।

अहिले ग्रह र अन्तरिक्ष पिण्डहरूको खोजी कार्यमा संलग्न युनिभर्सिटी अफ क्यालिफोर्नियाका प्रभावशाली खगोलविद् जोफ्री मार्सी तथा कार्नेजी इन्स्टिच्युट अफ वासिंगटनका पल बट्लरले पत्ता लगाएका ग्रहमध्ये १ सय ७ औं ग्रहका रूपमा पृथ्वीसंग मिल्दोजुल्दो सतह भएको नयाँ ग्रह फेला परेको बताएका छन्। 'यो पक्कै पनि अविश्वसनीय समाचार हो,' मार्सी भन्छन्- 'हामीलाई यो तथ्य तीन वर्षअघि नै थाहा थियो तर गोप्य रूपमा हामीले त्यसको अध्ययनलाई पछ्याइरह्यौं र दोहोऱ्याई-तेहऱ्याई जाँच्यौं। फेला परेको नयाँ ग्रह सापेक्षिक रूपमा हामीसँग नजिक छ। यो पृथ्वीबाट १५ प्रकाश वर्षजति टाढा छ।

यो ग्रह हाम्रो बासस्थानजत्रै भने छैन। नयाँ ग्रह पृथ्वीभन्दा ६ देखि ८ गुणा ठूलो हुन सक्ने वैज्ञानिकहरू बताउँछन्। उक्त ग्रह ताराहरूसँग निकै नजिक छ, जसले आफ्नो कक्षमा परिक्रमा गर्न दुई दिनभन्दा कम समय लगाउँछ। मार्सीका अनुसार उक्त ग्रहको प्रणालीले हाम्रो सौर्य प्रणालीसँग पनि मेल खान्छ। किनभने त्यहाँ पनि हाम्रो सौर्यमण्डलमा जस्तै दुई ठूलो ग्याँसले भरिएका ग्रहहरू छन्। 'सम्पूर्ण ग्रह प्रणाली हाम्रो सौर्य प्रणालीको सानो अंशका रूपमा रहेको छ,' मार्सी भन्छन्।


प्राईभेट टेष्ट SLC - २०६३

१००% ग्यारेन्टीका साथ अन्तिम भर्ना

SLC, Test वा कक्षा ९ फेल भै निराश भएका र कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका साथै स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरुका लागि

सुवर्ण अवसर

माध्यम : नेपाली, अंग्रेजी दुवै

समय : विहान, दिउसो र बेलुका

साथै होस्टेलको पनि राम्रो व्यवस्था छ।

- कक्षा ९ र १० को दुई वर्षको Course एकै वर्षमा Complete गराईने।
- अत्यन्त योग्य र अनुभवि शिक्षक, शिक्षिकाद्वारा अध्यापन गराईने।
- विगतका वर्षहरुमा उत्कृष्ट Result ल्याउन सफल।
- विद्यार्थीको बुझ्ने क्षमताको आधारमा पढाईने।

SAMJHANA ACADEMY

अद्वैत मार्ग, महेन्द्रपुलिस क्लव ठिक पछाडी

फोन: ४२४६३९७


## यौन विज्ञान

### कृत्रिम लिंगको विकास

अमेरिकी वैज्ञानिकहरूले खरायोमा कृत्रिम लिंगको विकास गरेका छन्। उनीहरूले लिंगकै कोषबाट फेरि नयाँ लिंगको विकास गरेका हुन्। वेक फोरेस्ट युनिभर्सिटीका डा. एन्थोनी अटालाको नेतृत्वमा यो कार्य भएको थियो। उनीहरूले खरायोको लिंगमा रहेको काम नलाग्ने स्पोन्जी तन्तुलाई निकालेर अर्को डोनर खरायोको लिंगमा रहेको स्वस्थ तन्तुलाई त्यसमा प्रतिस्थापन गरेका थिए। उनीहरूले ६ महिनासम्म यो तन्तुको विकास प्रक्रियालाई राम्रोसँग नियाले। नयाँ लिंगको बनावट पुरानै लिंगको जस्तो थियो। यो लिंग सामान्य लिंगसरह उत्तेजित पनि हुन सक्यो। अन्तमा, वास्तविक प्रयोगका लागि स्त्री खरायोको अगाडि यसलाई प्रस्तुत गरियो। यसो हुँदा यसले राम्रोसँग काम गर्न सक्यो। स्त्री खरायोका गर्भाशयभित्र शुक्रकीटहरू पुग्न सके र स्त्री खरायोले राम्रोसँग सन्तुष्टि पनि प्राप्त गर्न सक्यो। खरायो र मानिसको तन्तुमा धेरै समानता हुन्छ।

# साप्ताहिक झन्को

शुक्रबार, भदौ ३०, २०६३

## सोनीको चाहना



त्यसो त सोनी लामा इटहरीमा बसोबास गर्छिन्, तर उनको चाहना राजधानीमा बसेर अभिनयकर्ममा संघर्ष गर्नु हो । १८ वर्षीया सोनी सानैदेखि अभिनय तथा नृत्य भनेपछि हुरुक्क हुने स्वभावकी थिइन् । स्कुले जीवनमा पनि उनी यी दुई विधाका गतिविधिमा सहभागी भैरहन्थिन् । गायिका पवित्र सुब्बा तथा मोडल कला सुब्बालाई प्रेरणाको स्रोत मान्ने सोनीले यही अवधिमा केही म्युजिक भिडियो तथा टेलिचलचित्रहरूमा अभिनय गर्ने अवसर पाइसकेकी छिन् । इटहरीनजिकैको तरहरास्थित एक कलेजमा प्लस टुको अध्ययन गरिरहेकी सोनी आफूलाई कुशल मोडलका रूपमा उभ्याउनसमेत तयार छिन् । राजधानीमा छँदा उनलाई केही टेलिश्रृंखलाबाट नायिकाकै भूमिकाका लागि प्रस्ताव पनि आएको थियो, 'तर अध्ययन पूरा गरेपछि मात्र अभिनयमा व्यस्त हुने योजना बनाएकी छु, सोनी भन्छिन्– 'अभिनयपछि मेरो लक्ष्य मोडलिङ हो ।' यसबीच सोनीले राजेशपायल राई तथा पवित्र सुब्बाको 'तिम्रो जोवन...' गीतको म्युजिक भिडियोमा मोडलिङ गरेकी छिन् भने घनश्याम खतिवडाको 'अदृष्य घाउ' शिर्षकको टेलिश्रृंखलामा पनि अभिनय गरेकी छिन् ।

## नेवारी चलचित्रमा गीता

पछिल्लो समयमा विभिन्न टेलिश्रृंखलामा अभिनय गरेर चर्चामा आएकी नायिका गीता शाही पछिल्लो समयमा चलचित्रमा पनि व्यस्त छिन् । राम्रा नेपाली श्रृंखलामा राम्रै भूमिका निर्वाह गरे पनि गीताले चलचित्र भने नेवारी भाषाको पाएकी छिन् । अहिले राजधानीमा छायांकन भैरहेको एक नेवारी चलचित्रमा उनले मुख्य नायिकाको भूमिका निर्वाह गरेकी छिन् । 'नेवारी संवाद बोल्न गाह्रो हुँदैन ?' साप्ताहिकको जिज्ञासामा गीताको प्रतिक्रिया थियो– 'संवाद बोल्न गाह्रो त भैरहेको छ, तर लेखेको पढ्नुपर्ने भएकाले खासै समस्या छैन ।' त्यसो त गीताले आफूलाई नेवारी भाषा बोल्न आउने भएकाले पनि सोचेजस्तो अप्ठेरो नभएको बताइन् । गीताले यसअघि पनि केही नेवारी चलचित्रमा अभिनय गरिसकेकी छिन् ।



## च्यारिटीमै केन्द्रित

लीलबहादुर क्षेत्रीको उपन्यास 'बसाइँ' नपढ्नेहरू कमै होलान् । उपन्यास पढ्दा धने, मैना, सन्ते, रिकुटे आदि औपन्यासिक पात्रहरूलाई लेखकले सजीव तुल्याएको अनुभूति हुन्छ । नेपाली चलचित्रमा धेरैजसो तराईवासीको अभिनय गरिरहने एक जना कलाकार छन्– सुवास गजुरेल । गजुरेलको निर्देशनमा उक्त उपन्यासलाई चलचित्रका रूपमा सजीव बनाउन खोजियो । गणेश उप्रेती, उत्तम प्रधान आदि कलाकारलाई अभिनय गराइएको उक्त चलचित्र निर्माण भएर प्रदर्शनका लागि तयार भएको पनि तीन वर्षजति भैसक्यो । एक पटक चलचित्रको प्रथम प्रदर्शन भयो । त्यसपछि सञ्चारमाध्यममा चलचित्र 'बसाइँ' का बारेमा चर्चा चल्यो । दर्शकहरू भने आफूले पाठ्यक्रममा पढेको वा सुनेको कुरा चलचित्रको पर्दामा हेर्न चाहन्थे । उनीहरूको त्यो इच्छा निर्माणपक्षले पूरा गरिदिएको छैन । त्यसैगरी महाकवि लक्ष्मीप्रसाद देवकोटाको कृति 'मुनामदन'मा पनि चलचित्र बन्यो रे भन्ने खबर दर्शकहरूले निकै अघि सुनेका हुन्, तर हेर्न भने पाएका छैनन् । किन हो, यी दुवै चलचित्रलाई निर्माणपक्षले अहिले च्यारिटी सोमा लगाइरहेका छन् ।


## राजेशलाई ज्योतिषीको सुझाव

राजेश हमालले चलचित्रमा जति नै आधुनिक भूमिका निर्वाह गरे पनि उनलाई ज्योतिष विद्याप्रति औधी विश्वास छ । राजेश धर्मकर्ममा पनि उत्तिकै विश्वास राख्छन् । सायद त्यसैले होला, उनले करिब एक दशकदेखिको चलचित्र निर्माण तथा निर्देशन गर्ने आफ्नो योजनालाई अहिलेसम्म मूर्त रूप दिएका छैनन् । हालै एउटा चलचित्रको शुभमुहूर्तका क्रममा भद्रकाली पुगेका नायक हमाललाई एक जना ज्योतिषीले च्याप्पै समाते । ती ज्योतिषी परेछन्– राजेशका ठूलै फ्यान । राजेशले आफ्नो राशिका बारेमा जानकारी दिएपछि ज्योतिषीको कथन थियो– 'अहिले तपाईंको समय ठीक छैन, त्यसैले आफैं लगानी गर्ने तथा निर्देशन गर्ने चलचित्रको काम केही समयपछि मात्र प्रारम्भ गर्नु ।' सायद ज्योतिषीको यही सुझावका कारण राजेशले चलचित्र निर्देशक गर्ने योजनालाई थप केही समयका लागि पर सारेका छन् । राजेश भन्छन्– 'ज्योतिषीको कुरामा मलाई पूरा विश्वास छ, म त्यसलाई बेवास्ता गर्न सक्दिनँ ।'

## कलिउड चर्चा


## किरण दाइको खोजी

एकताका एकपछि अर्को चलचित्र बनाउँछु भनेर तात्ने किरण केसी अहिले आफ्नो चलचित्र निर्माण कम्पनी ओम साई फिल्म्ससँगै सेलाएका छन् । व्यावसायिक रूपमा समेत सफल दुई चलचित्र 'तँ त साह्रै बिग्रिस् नि बद्री' र 'जे भो राम्रै भो' ले लाभ दिए पनि त्यसपछि उनको बिजुलीबजारस्थित चलचित्र निर्माण संस्थाको कार्यालय साथीभाइहरूको भेटघाटको थलो भएको छ । 'चलचित्र नबनाउने किरण दाइ ?' कसैले सोधिहाल्यो भने 'किरण दाइ' को रेडिमेड जवाफ हुन्छ– 'राम्रो कथाको खोजीमा छु ।' उनले खोजेको राम्रो कथामा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको मुख्य र पृथक् भूमिका हुनुपर्छ । हास्य पृष्ठभूमिमा पारिवारिक एवं सामाजिक परिवेश समेटिएको हुनुपर्‍यो । हरिवंश आचार्यले नै निर्देशन गर्ने भएकाले उनलाई मन पनि पर्नुपर्‍यो । पछिल्लो पटक 'किसी' जोडीका रूपमा परिचित किरणको जोडी शिवहरि पौडेललगायत अन्य



चलेका हास्य कलाकारहरूलाई समेटिनुपर्‍यो । अरूभन्दा पनि त्यो कथामा चलचित्र बनिहाल्यो भने पनि निर्माता किरण केसीको लगानी उठ्ने 'ग्यारेन्टी' हुनुपर्‍यो ।

## बडीबिल्डर श्रीकृष्ण



धेरैपछि नायक श्रीकृष्ण श्रेष्ठसँग ज्ञानेश्वरस्थित कलाकार संघको भवन अगाडि सडकमा भेट भयो । दुब्लो अनुहार तर कसिलो ज्यान भएका श्रीकृष्ण लन्डन जान लागेको बताउँदै थिए । पहिलेजस्तो निरन्तर काम नगरे पनि एकताका रोगले मृत्युको मुखबाट बाँचेर आएका नायक श्रीकृष्ण पछिल्लो समयमा ज्यान कसिलो बनाउन अर्थात् 'बडीबिल्डिङ' गर्न व्यस्त रहेछन् । वास्तवमा अहिले नृत्य र अभिनय गर्नेभन्दा पनि हावामा उड्ने, द्वन्द्व गर्न सक्ने, चिच्याएर संवाद बोल्न सक्ने, ज्यानको बाजी राखेर कुनै पनि स्टन्ट गर्न सक्ने नायकहरूको दिन आएको छ । सायद त्यसैले पनि श्रीकृष्ण बिस्तारै 'रेम्बो' बन्दैछन् । नाचेरै नायक भएका यी नायकले भविष्यमा कुनै डरलाग्दो स्टन्ट गरेको खबर आयो भने अचम्म मान्नुपर्दैन ।



## केवल एक प्रश्न



तपाईं पत्याउनुहुन्न होला। मलाई मन नपर्ने खाना बनेकै छैन जस्तो लाग्छ। (आफ्नो हृष्टपुष्ट शरीर नियाल्दै) सायद सबै खानेकुरा खान मन पराउने भएकैले म आफूलाई निकै स्वस्थ मान्छु।

**–समा बस्नेत (मिस राजधानी २००६)**

खाने चाहना नहुने एउटा मात्र तरकारी हो- भिन्डी अर्थात् रामतोरिया। खाना खान बस्दा भिन्डीको तरकारी छ भने म दायाँ-बायाँ कतै नहेरी त्यसलाई अलग्याउँछु। भिन्डी मात्र होइन त्यसको दानासमेत नपन्छाई म खाना खानै सक्दिन।

**–जीवन लुइँटेल (पूर्व–मिस्टर नेपाल)**

ओहो, कस्तो गाह्रो प्रश्न सोध्नुभयो। मलाई काँचै खानुपर्ने कुराहरू मनपर्दैनन्। साग मलाई सबैभन्दा मननपर्ने परिकार हो। जति नै पकाए पनि साग काँचै छ जस्तो लाग्छ। त्यसैले यो मलाई मनपर्दैन।

**–त्रिलोक राना (गायक)**

प्रायः सबै खानेकुरा मनपर्ने भएकाले मन नपर्ने खानेकुरा साह्रै कम छन्। सानैदेखि दाल, भात, तरकारी खाने बानी लागेकाले होला मलाई रोटी खानु नपरे पनि हुन्थ्यो जस्तो लाग्छ। एक पटक भारत गएका बेला बिहान-बेलुकै रोटी खानुपर्दा साह्रै गाह्रो भएको थियो।

**– योगेन्द्रमणि दाहाल (गीतकार)**

मलाई राँगाको मासुका कुनै पनि परिकार खाने चाहना हुँदैन। खासगरी राँगाको मासुका विभिन्न परिकार नचाहँदा-नचाहँदै पनि खानुपर्ने हुन्छ तर खानेबेलामा भित्रैबाट खानु नपरे पनि हुन्थ्यो जस्तो लाग्छ।

**– सिद्धान्त घिमिरे (कोरियोग्राफर/इभेन्ट म्यानेजर)**

कुन खाना खाने चाहना हुँदैन ? अर्थात् तपाईंलाई सबैभन्दा मन नपर्ने खाना कुन हो ?

## गजल, संगीत र नाचमा मस्त विद्यार्थी

**राजु घिसिङ**



गत शुक्रबार र शनिबार बेलुकी धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको वातावरण रोमाञ्चक रह्यो। सो दिन अध्ययनमा व्यस्त रहने चिकित्सा विज्ञानका विद्यार्थीहरू अध्ययनलाई थाँती राख्दै रात्रिजीवनलाई मनोरञ्जनपूर्ण बनाउन व्यस्त थिए। प्रतिष्ठानको वार्षिकोत्सवका अवसरमा परिक्रमा विद्यार्थी परिवारले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा विद्यार्थी, चिकित्सक, प्राध्यापक तथा नर्सहरूको बाक्लो उपस्थिति देखिन्थ्यो।

शुक्रबार साँझ सात बजे प्रारम्भ भएको सांस्कृतिक कार्यक्रम राति ११ बजेसम्म सञ्चालन भएको थियो। दिल्ली पब्लिक स्कुल तथा पूर्वाञ्चल ज्ञानचक्षु विद्यालयका दृष्टिविहीन विद्यार्थीहरूको सांगीतिक प्रस्तुति कार्यक्रमको विशेष आकर्षण रह्यो भने धरानको ऊर्जा ब्यान्डले चिकित्सा विज्ञानका विद्यार्थीहरूलाई प्रशस्त मनोरञ्जन प्रदान गर्‍यो।

प्रतिष्ठानका विद्यार्थीहरू पनि के कम ? भविष्यका चिकित्सक र नर्सहरू पनि कार्यक्रमलाई थप मनोरञ्जन दिन जोसिए। विद्यार्थीहरूले नेपाली तथा हिन्दी गीतहरू मात्र गाएनन्। आकर्षक नृत्य एवं समसामायिक विषयमा प्रहसन पनि प्रस्तुत गरे। अघिल्लो दिनको भन्दा दोस्रो दिनको कार्यक्रम अझ आकर्षक रह्यो। दशहरा हलमा एक हजार पाँच सयभन्दा बढी दर्शकको उपस्थित थियो। उक्त अवसरमा चिकित्सा विज्ञानका विद्यार्थीहरूबीच नृत्य तथा गीत प्रतियोगिता पनि सञ्चालन गरिएको थियो।

विद्यार्थीहरूले प्रस्तुत गरेको गुरुङ, मगर, राई, लिम्बू, धिमाल, नेवारको जातीय पहिरन प्रदर्शनी कार्यक्रमको प्रमुख आकर्षण बनेको थियो। विद्यार्थीहरूको साढे चार घण्टा लामो कार्यक्रमपछि काठमाडौंका गुरुदेव कामतको गजल गायनमा आधा खाली भैसकेको हलमा रहेका दर्शक विद्यार्थीहरू लट्ठ परेका थिए। गजलपछि प्रस्तुत ऊर्जा ब्यान्ड तथा दिल्ली पब्लिकका विद्यार्थीहरूको सांगीतिक प्रस्तुति सकिँदा घडीको सुईले साढे १२ देखाइसकेको थियो

## दसैंको खुसीमा डान्स पार्टी

**कमल रिमाल**

विराटनगर- कृत्रिम धूवाँले भरिएको अँध्यारो हलभित्र संगीतको चर्को तालमा विपरीत लिंगीसँग उन्मुक्त भएर नाच्न पाउँदा को रमाउँदैन र ? गत शनिबार विराटनगरको यस्तै वातावरणमा युवायुवतीहरू रमाए। डिएम सप्लायर्सले आयोजना गरेको उक्त डान्स पार्टी चार घन्टा चल्यो। धूवाँ र संगीतको तापले गर्दा पसिनाले भिजेका युवायुवतीहरू बियरको चुस्की लगाउँदै नाचेका थिए। पसिनाले भिजेर युवतीहरूको शरीरमा पातला पारदर्शी पहिरन टाँस्सिएर अंगहरू देखिन खोज्थे। युवाहरू भने लुगा खोलेरै नाचे। विराटनगरका अतिरिक्त इटहरी, धरान तथा दमकदेखि आएका युवायुवतीहरू उक्त डान्सपार्टीमा सरिक थिए।

चलचित्र अक्सरका लागि हिमेश रेसमियाले गाएको झलक दिखलाजा... लगायत च्याङ्बा है च्याङबा जस्ता हिन्दी, नेपाली र अंग्रेजी पप, हिपहप तथा रिमिक्स गीतहरूमा नाचेका युवायुवतीलाई आयोजकहरूले निःशुल्क बियर उपलब्ध गराएका थिए। पाँच सयको टिकट लिनेलाई बियर, खाजा र डिनरसमेत आयोजकले नै व्यवस्था गरेको दिनेश कार्कीले बताए। विद्यार्थीको परिचयपत्र बोकेर आउनेलाई प्रवेश शुल्क एक सय मात्र लिइएको थियो। दसैं आएको खुसियालीमा युवाहरूलाई मनोरञ्जन दिन डान्स पार्टीको आयोजना गरिएको अर्का आयोजक मनीष बज्राचार्यले बताए।



## को बन्ने हो दोहोरीको तारा ?

**शिव शर्मा**



दोहोरी पारखीहरूलाई छमछम नचाउँदै दसैं दोहोरी महोत्सव तथा दोहोरीको नवरत्न खोजी नामक कार्यक्रम शनिबार पोखरामा सम्पन्न भएको छ। पोखरामा लामो समयदेखि देखिएको दोहोरीको तिर्सना एक साताभन्दा बढी चलेको दोहोरीको यो रन्कोले मेटाइछाड्यो। विमाकुमारी दुरा, कोमल ओली, भगवान् भण्डारी, सूर्यकुमारी गुरुङ, प्रेमनारायण न्यौपानेजस्ता दोहोरीका हस्तीले दोहोरीका पारखीहरूलाई च्याइँ-च्याइँ नै पारे, साथै रोजिना-निर्भाना कलाकेन्द्रका कलाकारहरूले आकर्षक नृत्य प्रस्तुत गरेर कार्यक्रमलाई थप मनोरञ्जनपूर्ण बनाए।

दोहोरी नवरत्नको खोजी गर्ने क्रममा पश्चिमाञ्चलको पोखराबाट आठ जना छनौटमा परेका छन्। छनौटमा पर्नेहरूमा मञ्जु रेग्मी, निर्मला खनाल, अम्बिका शर्मा, सरस्वती परियार, कृष्ण भण्डारी, भिमबिपी अनुरागी, सीता न्यौपाने र सरला पाण्डे छन्। पार्वती जिसी, तारापति सुवेदी, जीवन दाहाल तथा भगवान् भण्डारी निर्णायक रहेको समीतिले उनिहरूलाई चुनेको हो। प्रतियोगितामा पश्चिमाञ्चलका विभिन्न जिल्लाका ३२ कलाकारले प्रतिस्पर्धा गरेका थिए। छनौटमा परेका प्रतिस्पर्धीहरूलाई ३ हजार रुपैयाँका दरले नगद पुरस्कारका साथ प्रमाणपत्र वितरण पनि गरिएको थियो।

पश्चिमाञ्चलवाट छनौट भएका यी प्रतियोगीहरूले पूर्वाञ्चल र मध्यमाञ्चलबाट छनौट भएका आठ-आठ जना प्रतियोगीसँग काठमाडौंमा हुने प्रतियोगतामा प्रतिस्पर्धा गर्नेछन्। दोहोरी ताराको अन्तिम प्रतिस्पर्धा काठमाडौंमा कात्तिक ११ गते हुनेछ।

## तानसेनमा माघ १८ को सम्झना




**माधव अर्याल**

तानसेनवासीले फेरि पुरानो माघ १८ को त्रासदीपूर्ण रातलाई सम्झिए। पाल्पा सदरमुकाम तानसेनमा माओवादीले रातभर आक्रमण गरेको सम्झना ताजै बनायो ओपेरा नामक गीत र नृत्यले भरिएको नाटकले।

कार्यक्रम हेर्दा धेरै माओवादी कार्यकर्ताको मात्र होइन, सर्वसाधारणको समेत आँखा रसाएको थियो। माओवादी निकट अखिल नेपाल जनसांस्कृतिक संघ सामाना परिवारले प्रस्तुत गरेको गीत र नृत्यसहितको ओपेरामा क्रान्तिकारी गीतका साथै विभिन्न स्थानका सांस्कृतिक नृत्यहरू पनि प्रदर्शन गरिएको थियो। सशस्त्र द्वन्द्वको दसवर्षे अवधिमा भएका घटनाहरूलाई ओपेरामा प्रस्तुत गरिएको थियो। कार्यक्रमका संयोजक खुसीराम पाखिनले युद्धभूमिमा भोगेको कष्टमा केन्द्रित रही बनाइएको कार्यक्रम प्रस्तुत गर्न देशव्यापी यात्रामा हिंडेको बताए।

यो ओपेरा प्रस्तुत गर्दा प्रचण्ड र बाबुरामको आँखामा समेत आँसु आएको थियो भन्ने कुरा उनीहरूले पहिल्यै सार्वजनिक गरिसकेका थिए। लोकतान्त्रिक गणतन्त्रको पक्षमा जनमत सिर्जना गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालित गरिएको पाखिनले बताए।

मुक्तिका लागि साहित्य, कला र संगीतले ठूलै भूमिका खेल्ने अखिल नेपाल जनसांस्कृतिक संघका पूर्ण घर्तीमगरले बताए। उनले समाजको वास्तविक चित्रणका रूपमा ओपेरा प्रस्तुत गरिएको र देशका अधिकांश स्थानमा यसलाई प्रदर्शन गरिने जानकारी दिए। कलाकारहरूले जनवादी गीत-संगीतका साथै गण्डक क्षेत्रमा प्रचलित पुरानो नृत्य कौडा, मधेसको थारु, सुदूर पश्चिमको देउडा तथा हिमाली क्षेत्रको सेलोसमेत प्रस्तुत गरेका थिए।

## गफै त हो

### नो कमेन्ट बिपना



नायिका बिपना थापाले हालै एउटा अन्तर्वार्ताका क्रममा विदेशी तथा नेपाली जीवनशैलीको भिन्नताका बारेमा खुलेर कुरा गरिन्। बिपनाले भनेकी छिन्– 'नेपाली र विदेशी जीवनशैलीबीच तुलना गर्न मिल्दैन। त्यहाँ शिक्षाको विकासका साथै 'सेक्स फ्री' छ। सेक्स फ्री हुनु भनेको शिक्षामा आएको प्रगति हो। जुन-जुन देश विकसित भएका छन्, ती सबैमा सेक्स फ्री छ। हाम्रो नेपालमा पनि आठ-दस वर्षको तुलनामा धेरै चेतना वृद्धि भएको छ। पहिले-पहिले मिनिस्कर्ट लगाउँदा सबैले जिब्रो टोक्थे, अहिले कस्ट्युममा हिँड्दा पनि कसैले वास्ता गर्दैनन्। सेक्स फ्रीले रेप (बलात्कार) का घटनालाई कम गरिरहेको छ।' सुविज्ञ बिपनाको जानकारी तथा दक्षताका सम्बन्धमा हामीले केही भनिरहनुपर्ने आवश्यकता छैन ? त्यसैले बिपनाको यो भनाइप्रति हाम्रो त नो कमेन्ट...! तपाईंको नि ?

# लभगुरु रेखा



**म २७ वर्षीय विवाहित पुरुष हुँ । मैले गाउँमा पाँच वर्षपहिले बाबुआमाको रोजाइमा परम्परागत विवाह गरेको हुँ । म आफ्नी श्रीमतीसँग निकै कम समय बसेको छु । म हाल काठमाडौंमा कार्यरत छु । म अहिले आफ्नै कार्यालयमा काम गर्ने एक युवतीप्रति आकर्षित छु । उनी पनि मसँग प्रेम गर्छिन् । हामी दुवै विवाह गर्न चाहन्छौं । यसका लागि मैले के गर्नुपर्ला ?**

**–एन. कुमार**

**उत्तर** : विवाहित हुनेबित्तिकै कसैसँग प्रेम नै नहुने भन्ने कुरा त होइन तर एउटा विवाहित पुरुषका नाताले तपाईंका केही दायित्व एवं जिम्मेवारीहरू छन् । त्यसमाथि तपाईंले आफ्नो प्रेम प्राप्त गर्न विवाह गर्ने छुट कानुनले पनि दिएको छैन । तपाईंका छोराछोरी छन् कि छैनन् ? श्रीमतीसँग तपाईंको कस्तो सम्बन्ध छ ? यो प्रसंगमा यी प्रश्न महत्त्वपूर्ण भएर अगाडि आउँछन् । श्रीमतीसँग पर्याप्त समय बिताउन नपाएकाले तपाईंले उनको प्रेमलाई राम्रोसँग बुझ्न नपाएको तथा श्रीमती छाडेर एक्लै बस्नुपर्दा अरूसँग शारीरिक आकर्षण बढेको हुन सक्ने यथार्थतामा पनि विचार पुऱ्याउनुपर्छ, तसर्थ एकपटक गहिरिएर आफूलाई पुनरावलोकन गर्नुहोस्, साथै तपाईंका लागि आफ्नो घर-परिवार त्याग गरेर आएकी एवं गाउँमा तपाईंका बाबुआमाको सेवा गरिरहेकी श्रीमतीको स्थितिप्रति पनि ध्यान पुऱ्याउनुहोस् । सकिन्छ भने श्रीमतीलाई आफूसँगै राख्ने चाँजो मिलाउनुहोस्, एउटा प्रेम प्राप्त गर्न अर्को वैधानिक सम्बन्ध तोड्नु त्यति सजिलो कुरा होइन, त्यसमाथि त्यो कति न्यायोचित हुन्छ, मनन गर्नुहोस् । तपाईंले आफ्नी श्रीमतीप्रति त्यति ध्यान नदिनुभएको हुनसक्छ, तसर्थ उनलाई चिन्ने, बुझ्ने प्रयत्न गर्नुहोस् र परिपक्व स्थितिमा मात्र कुनै निर्णय लिनुहोस् ।

पाठकहरूको प्रेम जिज्ञासा समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

# प्रवासको बसाइमा चलचित्र मोह



**खेमनाथ पौडेल**

कमाउने सपना बोकेर विदेश पसेपछि पुराना अनुभूति सम्झना मात्र हुन्छन् । नेपाली चलचित्रमा रमाएका हजारौं नेपाली अहिले खाडी मुलुकमा कार्यरत छन् । 'प्रविधिले चुलिएका विदेशी चलचित्रसम्म पहुँच त छ, तर नेपाली चलचित्रको आनन्द बेग्लै हुन्छ ।' धेरैको अनुभव यस्तै छ ।

असम्भव नभए पनि अधिकांश खाडी मुलुकमा नेपाली चलचित्र हेर्न पाउनु सजिलो छैन । खासगरी सउदी अरेबियाजस्ता कानुनी रूपमा कठोर मुलुकमा कार्यरत नेपालीलाई यो पीडा अझ बढी छ । मनोरन्जनात्मक कार्यक्रम तथा चलचित्र हल सञ्चालन गर्नु सउदी कानुनका अगाडी अबैध हो । यद्यपि टेलिभिजन अथवा अन्य उपायबाट नेपालीहरूले आफ्नो चलचित्र हेर्ने मोह पूरा गरेकै छन् ।

राष्ट्रिय बिदाको मौका पारेर तथा प्रत्येक शुक्रबार चोक, पार्कमा नेपालीको ठूलो जमघट हुन्छ । अझ 'दमाम नेपाली गार्डेन', 'जेद्धा', 'रियाद', 'बत्था', 'जुवेल' जस्ता ठाउँको चहलपहल नै बेग्लै हुन्छ । हेल्परदेखि उच्च प्राविधिक तहसम्म कार्यरत नेपाली बिदाका दिन यसरी नै जुट्छन् र अनुभव-अनुभूतिहरू साटासाट गर्छन् । नेपाली जमघटको मौकामा चौका हान्नेहरूको पनि कमी छैन । नेपाली चलचित्र र गीतका सिडी, भिसिडी विक्रेताका लागि पनि यो राम्रो अवसर हो ।

त्यसो त यसबाहेक मनोरन्जनको अर्को सहज विकल्प पनि छैन । भू-उपग्रहमार्फत प्रसारित हिन्दी, अरबी तथा अन्य भाषाका टेलिभिजन च्यानल यहाँ सजिलै हेर्न सकिन्छ । यद्यपि भू-उपग्रहमार्फत नै प्रसारित नेपाली च्यानलहरू हेर्न भने सहज छैन । सामान्य 'डिस्क एन्टेना'ले नेपाली च्यानल हेर्न नसकिने हुँदा ती नेपाली च्यानल अधिकांशको पहुँचबाहिरै छन् । हालसालै लन्डनबाट प्रसारण थालिएको नेपाली टेलिभिजनले भने केही आशा जगाएको छ । यद्यपि यसका सामग्री प्रायः एकैखालका हुन्छन् र प्रसारण अवधि पनि छोटो छ ।

नेपाली चलचित्र हेर्ने सहज उपाय भनेकै शुक्रबारको जमघटमा सिडी, भिसिडी खरिद गर्नु हो । नेपालबाट भित्र्याएका चलचित्र र गीतका सिडी-भिसिडी बेच्नेहरूको व्यवसाय फस्टाउँदै गएको छ । नेपाली चलचित्रका सिडीको प्रतिसिडी ५ देखि १० रियालसम्म तिर्नुपर्छ । यस्ता अधिकांश सिडी प्रतिलिपि अधिकार ऐनविपरीत अवैध रूपमा 'कपि' हुँदै बिक्री भैरहेका छन् । कमसल प्रविधिमा प्रतिलिपि गरिएका यस्ता सिडी-भिसिडी बीचमै काटिएका, 'स्क्र्याच' भएका वा अस्पष्ट खालका हुने गरेको उपभोक्ताहरूको गुनासो छ ।

तपाईंहरू नेपाली सिडी-भिसिडी कसरी ल्याउनुहुन्छ ? भन्ने प्रश्नमा एक व्यापारी भन्छन्– कुरियरमार्फत 'ओरजिनल सिडी' मगाउँछौं र यहाँ त्यसको प्रतिलिपि निकालेर बिक्री गर्छौं । सँगैका अर्का व्यापारीले भने यस्तो प्रश्नको उत्तर दिन मानेनन् ।

'माध्यम अवैध नै भए पनि नेपाली चलचित्र हेर्ने तिर्सना मेटिनु ठूलो कुरा हो,' एक उपभोक्ता भन्छन् । सरोकार राख्ने निकायले बैध र सहज रूपमा उपलब्ध नगराएसम्म यस्तो कारोबारलाई अस्वाभाविक मान्न नहुने उनको तर्क छ । यद्यपि यसरी उपलब्ध हुने चलचित्र पनि नयाँ नभएर दुई-तीन वर्ष पुराना मात्र हुन्छन् ।

'हामीजस्तै विदेशका हजारौं नेपालीलाई समेटन नसक्नु नेपाली चलचित्रको व्यवसाय खस्किनुको मूल कारण हो,' अर्का एक नेपाली भन्छन्- 'चलचित्र निर्माता-निर्देशकले यस्ता दर्शकमाझ आफ्नो चलचित्र पुऱ्याउने वैकल्पिक उपाय सोच्नुपर्छ ।'

**(विकास मगरको सहयोगमा)**



## सहर चर्चा



### भिजे बन्ने चाहना

बीबीएसकी छात्रा रजनी कलंकी, काठमाडौंमा बसोबास गर्छिन् । एउटा टेलिभिजन च्यानलको फेसनसम्बन्धी कार्यक्रम 'द मुड' मा उत्कृष्ट मोडल छनौट भएपछि ग्ल्यामरको क्षेत्रमा प्रवेश गरेकी रजनी अहिले मोडलिङ तथा भिडियो जक्कीका रूपमा व्यस्त छिन् । 'द ऱ्याम्प' बाट मोडलिङको प्रशिक्षण लिएर व्यावसायिक मोडल बनेकी रजनीले लोकगीतसम्बन्धी कार्यक्रम 'लोकलहरी' सञ्चालन गरेर भी.जे.को अनुभव पनि सँगालेकी छिन् । २१ वर्षीया रजनी ५ फिट २ इन्च अग्ली छिन् । टेलिभिजनमा क्यारियर बनाउने लक्ष्य लिएकी रजनी आफ्नो स्वभावलाई 'फ्र्यांक' बताउँदै भन्छिन्– 'यही स्वभावका कारण मैले धेरै साथी बनाएकी छु ।' टेलिभिजनकै लागि तयार पारिएको सांगीतिक कार्यक्रम 'आइडियल म्युजिक जर्नी' की भिजे रजनीले सन् १९९८ यता दुई दर्जन फेसन सोमा क्याटवाकसमेत गरिसकेकी छिन् । रजनीका आकर्षक तस्बिर महुँनेपाल डट कममा उपलब्ध छन् । गिरीश-प्रनिलको 'म यस्तो छु' तथा सत्यकला राईको 'तिमी मसँग नबोल्ने अरे' गीतका भिडियोमा मोडलिङ गरिसकेकी रजनीलाई मन पर्ने पहिरन सारी तथा जिन्स हुन् । आफ्नो सौन्दर्यलाई औसत मान्ने रजनी हेभी मेकअप मन पराउँदिनन् ।

## मुस्कान सुगरिकाको



गत आइतबार मिस नेपाल सुगरिका केसी मुस्कान छर्दै थिइन् । उनी हाँस्दा उनका दन्तलहरको एउटा छेउमा गत वर्ष जडान गरिएको हीरा टल्किरहेको थियो । नयाँ बानेश्वरमा दुई वर्षअघि सञ्चालनमा आएको 'डेन्टल मेडिसिन'ले उनको दाँतमा हीरा जडान गरिदिएको थियो । दाँतमा हीरा राखेपछिको एक वर्षमा उनले धेरै मानिसबाट राम्रो 'कम्प्लिमेन्ट्स' पाएको बताइन् । 'डेन्टल मेडिसिन'ले आइतबार आफ्नो दोस्रो वार्षिकोत्सव मनाउँदा सुगरिका नै मुख्य अतिथि थिइन् ।

दोस्रो वार्षिकोत्सवसँगै दाँतसम्बन्धी सम्पूर्ण उपचार अत्याधुनिक तरिकाबाट गर्ने 'डेन्टल मेडिसिन'ले दन्तलहर मिलाउन प्रयोग गरिने 'ब्रेसेस'को नौलो स्वरूप प्रयोगमा ल्याएको छ । उक्त नौलो 'ब्रेसेस' दाँतमा अदृश्य रूपमा रहन्छ । 'चर्चित भारतीय टेलीश्रृंखला 'जस्सी जैसी कोइ नही'की जस्सीको जस्तो गरेर स्टिलको 'ब्रेसेस' लगाउने अप्ठेरो अब पर्नेछैन,' -डेन्टल मेडिसिनका सञ्चालक मनीष श्रेष्ठले बताए । त्यसका साथै दाँतलाई टलक्क टल्काउने नौलो प्रविधि 'पावर ब्लिच', एकै दिनमा दाँत फेर्न सकिने सुविधा 'वान डे इम्प्लान्ट' तथा 'सेरामिक क्राउन'को सेवा पनि दोस्रो वार्षिकोत्सवपछि आरम्भ गरिएको कुरा दन्तचिकित्सक मनोजकुमार सरदारले बताए । कार्यक्रममा 'डेन्टल मेडिसिन'का म्यानेजर सुशान्त ठाकुर बताउँदै थिए– 'फेसनका क्रममा अधिकांश मानिसले केश, अनुहार र पहिरनको फेसनलाई मात्र महत्त्व दिने गरेको पाइन्छ । व्यक्तित्व झल्काउनुका साथै फेसनेवल एवं स्वस्थ देखिन दाँतलाई पनि फेसनको एउटा भागका रूपमा लिनु आवश्यक छ ।'

## नायिकाको बुटिक

नायक विराज भट्ट सडकछेउमा राखिएको कुर्सीमा कसैसँग गफ गर्दै थिए । नायक सुशील क्षेत्री पनि टुप्लुक्क आइपुगे । संगीतकार मिलन मोक्तान, हास्यकलाकार किरण केसी, हेयर स्टाइलिस्ट नील डेविड, पूर्व मिस नेपाल माल्भिका सुब्बा, मिस नेपाल सुगरिका केसी, पूर्व मिस टिन नेपाल प्रियङ्का कार्कीलगायत नायिका बिपना थापाका शुभचिन्तक तथा सञ्चारकर्मीहरूको बाक्लै उपस्थिति त्यहाँ देखिन्थ्यो । भाटभटेनीबाट बालुवाटार गैरहेका बटुवा तथा सवारी साधनका यात्रुहरूको ध्यान नायिका बिपना थापाले सञ्चालन गरेको बुटिक 'बिपनाज फेसन क्लब' तर्फ तानिएको देखिन्थ्यो । गत साता बिहीबार बिहान ११ बजेतिर उक्त बुटिकको उद्घाटन बिपनाकी आमाले रिबन काटेर गरिन् । बुटिकका बारेमा हरियो टिसर्ट र स्कर्टमा सजिएकी बिपना भन्दै थिइन्– 'केही कलाकार अवसरको खोजीमा विदेश गए । केही चलचित्र बनाउन थाले । म भने आफ्नै 'ग्ल्यामर फिल्ड'मा स्वदेशमै बसेर काम गर्न चाहन्थें । त्यसैले पनि यो बुटिक खोलेकी हुँ ।' बिपना चलचित्रमा आफ्नो पहिरन आफैं डिजाइन गर्थिन् । एकपटक अनौपचारिक भेटमा उनले भनेकी थिइन्– 'नायिका नभएकी भए, ड्रेस डिजाइनर हुन्थें होला ।' अब उनी नायिका भएरै पनि डिजाइनर भएकी छिन् ।



## फिल्मी खबर



–सदावहार नायक भुवन केसीले पर्सि असोज १ गते आफ्नो जन्मदिन मनाउँदैछन् तर यो उनको कतियौं जन्मदिन हो भन्ने कुरा भने सार्वजनिक भएको छैन । यसैगरी नायिका निरुता सिंहले पनि आगामी असोज १० गते आफ्नो जन्मदिन मनाउँदैछिन् । निरुताले पनि आफू जन्मिएको साल भने गोप्य नै राखेकी छिन् ।

-दसैंको अवसरमा आ-आफ्ना चलचित्र प्रदर्शन गराउन चलचित्र निर्माताहरू तँछाड-मछाड गरिरहेका छन् । दसैंलाई चलचित्र प्रदर्शनका लागि उत्तम समय मानिँदै आएको छ । यही तँछाड-मछाडमा निर्देशक शिव रेग्मीद्वारा निर्देशित दुई चलचित्र प्रदर्शनमा जुध्दै छन् । निर्देशक रेग्मीले निर्माण गरेको चलचित्र 'मानिस' तथा निर्माता विनोद शेरचनको चलचित्र 'दुनियाँ' दसैंको मौकामा एकैपटक सार्वजनिक गरिँदैछ । 'मानिस'मा भुवन केसी, निखिल उप्रेती, दिलीप रायमाझी, रमित ढुंगाना, सुनील दत्त आदि कलाकार छन् भने 'दुनियाँ'मा भुवन केसी, निखिल उप्रेती, तृप्ति, निरुता सिंह, विरेन श्रेष्ठ, रेखा थापा आदिले अभिनय गरेका छन् ।

-सैं न्होर्वे म्रुस्यो (हृदयकी रानी) नामक गुरुङ भाषाको चलचत्रिको सुटिङ पोखरामा प्रारम्भ भएको छ । पोखराका स्थानीय गुरुङ कलाकारहरूद्वारा अभिनय गरिने उक्त चलचित्रका नायक गमन गुरुङ छन् भने नायिकामा वसन्ती गुरुङ । उनीहरूले यसभन्दा अघि पनि विभिन्न नेपाली तथा गुरुङ भाषाका चलचत्रिमा आफ्नो कला प्रदर्शन गरिसकेका छन् । करिब ८ लाख रुपैयाँको लगानीमा उक्त चलचित्र निर्माण गरिने कुरा चलचत्रिका निर्माताद्वय कुबिना गुरुङ तथा लालजंग गुरुङले बताएका छन् । भोजबहादुर गुरुङद्वारा निर्देशन गरिने उक्त चलचित्रमा हिमबहादुर गुरुङको कथा तथा ढकेन्द्र गुरुङको संगीत रहनेछ । लोप हुन लागेको गुरुङ संस्कार, संस्कृति र भाषाको उत्थान एवं जगेर्ना गर्ने उद्देश्यले उक्त चलचित्र निर्माण गर्न लागिएको निर्माता कुविना गुरुङले बताएका छन् । चलचित्र कास्कीकै दूधपोखरी, सिक्लेस, तिङताङलगायत हिमाली भेगमा छायांकन गरिनेछ ।

-नेकपा माओवादी निकट चलचित्रकर्मीहरूले 'नेपाल गणतान्त्रिक चलचित्रकर्मी मोर्चा' गठन गरेका छन् । आफ्ना विचार र सिद्धान्तलाई कुण्ठित पार्दै दलाली र चाकडीतन्त्रको छायाँमा परेका चलचित्रकर्मीलाई संगठित गर्न कारण उक्त मोर्चा गठन गर्नुपरेको मोर्चाका अध्यक्ष विमलद्वारा प्रेषित विज्ञप्तिमा जनाइएको छ । मोर्चाले नेपाली चलचित्रलाई नयाँ दिशा दिने बताइएको छ ।




## चलचित्र

### खेलाडी




चलचित्र प्रदर्शनको उचित व्यवस्था नहुँदा निर्माताहरूको लगानी कसरी फस्न सक्छ भन्ने कुराको उदाहरण हो चलचित्र- 'खेलाडी' । द्वन्द्व प्रशिक्षक तथा द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठद्वारा निर्माण एवं निर्देशन भएएको यो चलचित्र गत वर्ष नै प्रदर्शनका लागि तयार गरिएको थियो । गत मंसिर महिनामा सार्वजनिक प्रदर्शनका लागि तयार भएपछि प्रथम प्रदर्शन गरिएको चलचित्र 'खेलाडी' ले त्यसको नौ महिनापछि मात्र सार्वजनिक प्रदर्शनका लागि स्वीकृति पाएको छ । आज शुक्रबार काठमाडौंका नौवटा चलचित्र भवनमा एकसाथ प्रदर्शन गरिने यो चलचित्रमा नायिका सुमिना श्रेष्ठ लगायत मार्सल आर्ट खेलका वास्तविक खेलाडीहरूले अभिनय गरेका छन् । चलचित्रमा नायक प्रमोददीप एक योग्य खेलाडी हुन्छन् तर उनका प्रतिद्वन्द्वी संघरत्नले भने खेल जगत्का माथिल्लो तहका कर्मचारीहरूसँगको मिलोमतोमा प्रमोदलाई प्रतियोगितामा सहभागी नगराई आफू नै छनौट हुने चाल चल्छन् । नायिका सुमिना श्रेष्ठ, नायक राजेश ढुंगाना आदिको सहयोगबाट अन्ततः प्रमोदले खेल क्षेत्रमा हुने भ्रष्टाचार विरुद्ध लडाइँ लड्छन् । नरेन्द्रकाजी श्रेष्ठको प्रस्तुति रहेको यो चलचित्रमा लक्ष्मण शेषको संगीतमा एउटा मात्र गीत समावेश छ ।

### बस एक पल



निखिल कपुर अर्थात् सञ्जय सुरी अमेरिकाको बोस्टन विश्वविद्यालयबाट एमबिए गरेर मुम्बई फर्किएका युवक हुन् । उनको भेट सिभिल इञ्जिनियर अनामिका जोशी अर्थात् उर्मिला मातोंडकरसँग हुन्छ । जो-कसैलाई पनि आफूतर्फ आकर्षित तुल्याउन सक्ने रूपकी धनी हुन्छिन् । अनामिका आधुनिक विचारधाराकी युवती हुन् । निखिल र अनामिकाको भेट मुम्बईको एक नाइट क्लबमा हुन्छ । व्यवसायी राहुल खेर अर्थात् जिम्मी शेरगिल निखिलको सानैदेखिका साथी हुन्छन् । उनले निखिलको परिचय एक सफल मोडल मल्होत्रा अर्थात् जुही चावलाका निर्माण व्यवसायी श्रीमान् स्टिभसँग गराउँछन् । नाइट क्लबमा मुम्बईको रात्रीजीवनको मज्जा लुट्न पुगेका ती पाँच जनाको भेटपछि केही घटनाहरू घट्छन् । ती घटनाले उनीहरूको जीवनशैलीमा अकल्पनीय परिवर्तन ल्याइदिन्छ । फरक किसिमको चलचित्र 'बस एक पल' यसै साता सार्वजनिक हुँदैछ । ओनिरद्वारा निर्देशित यो चलचित्रमा चार जना संगीतकारको संगीतका गीतहरू सुन्न पाइनेछ ।

### एभरीवन्स हिरो



कार्टुन एनिमेटेड चलचित्र 'एभरीवन्स हिरो' का हिरो अर्थात् नायक एक जना बालक हुन् । विलक्षण प्रतिभाका धनी ती बालक याङ्की इर्भिङ बेसबल खेल्न दक्ष खेलाडी हुन्छन् । अभिभावकहरूले पनि उनको प्रतिभाको कदर गर्दै उनलाई बेसबल खेल्न प्रेरित गर्छन् । मानिस झैं बोल्ने बेसबल ब्याट र बल लिएर मैदानमा उत्रिएपछि उनले आफ्ना प्रतिद्वन्द्वीहरूलाई आच्छु-आच्छु पार्छन् र खेलमा विजय प्राप्त गर्छन् । परिवार एवं साथीभाइहरूबीचका 'हिरो' याङ्की अन्ततः सबैको नजरमा 'हिरो' बन्छन् । एक्सन, एडभेन्चर तथा कमेडीको दर्जा दिइएको यो चलचित्र आज शुक्रबार सार्वजनिक हुँदैछ । ट्वेन्टी सेन्चुरी फक्सले संसारभर वितरणको अधिकार लिएको यो चलचित्र डिजिटल प्रोडक्सन सोलुसन्स, फिल्म रोमन तथा मेनफ्रेम इन्टरटेन्मेन्टले निर्माण गरेको हो । बालबालिकाहरूका निम्ति बनाइए पनि यो चलचित्रलाई पारिवारिक चलचित्र भनिएको छ । चलचित्रको निर्देशन कोलिन ब्राडी, क्रिस्टोफर रिभ तथा डनसेन्ट पियरेले संयुक्त रूपमा गरेका हुन् ।

## रंगमञ्च

- गत शनिबार पाटनको सिंह आर्ट ग्यालरीमा प्रस्तुत संकेत नाटक 'अनुभूति २००६'मा कलाकारहरूले सशक्त अभिनय प्रस्तुत गरे । कलाकारद्वय देवेन्द्र थुम्केली र उमेश श्रेष्ठद्वारा सिर्जित चित्रकलाको प्रदर्शनी 'रियालिटिज : द अदर्स पोस्पेक्टिभ' अवलोकन गर्दै साइन थियटरका कलाकारहरूले उक्त संकेत नाटक मञ्चन गरेका थिए । कृष्ण शाह यात्रीको परिकल्पना तथा निर्देशन रहेको यो नाटकमा मनोजविक्रम कूवर, महेन्द्रजङ्ग शाह, जे.बी. रुवाली, दिनेश खड्का, रीता थापा, रेणु पौडेल, गोकुल कँडेल आदि कलाकारले अभिनय गरेका छन् ।

-अभि सुवेदीको लेखनमा नाटक 'जीवनदेखि जीवनसम्म'को मञ्चन मैतीदेवी सेतोपुलस्थित गुरुकुलमा भैरहेको छ । गत सोमबारदेखि हरेक साँझ पाँच बजे मञ्चन भैरहेको उक्त नाटक आगामी बुधबारसम्म प्रदर्शन हुनेछ । नाटकका निर्देशक सुनील पोखरेल हुन् ।

## ग्यालरी

-आधुनिक कलामा चार दशक लामो योगदान पुऱ्याएका दिवंगत चित्रकार रामानन्द जोशीका संकलित चित्रकलाको प्रदर्शनी पुल्चोकस्थित पार्क आर्ट ग्यालरीमा गत सोमबार आरम्भ भएको छ । भारतबाट कला अध्ययन सकेर फर्किएपछि चित्रलाई जनजीवनसँग तुलना गर्न कलाकार जोशी त्यतिबेला देशव्यापी भ्रमणमा निस्किएका थिए । कलाकार जोशीका बिक्री भैसकेका चित्रकलाको खोजी गरेपछि उनकी सुपुत्री नीराले उक्त प्रदर्शनी गरेकी हुन् । प्रदर्शनीसँगै आरएन जोशी संग्रहालयको उद्घाटन भारतीय राजदूत शिवशंकर मुखर्जीले गरे । संग्रहालयमा जोशीद्वारा सिर्जित तेलचित्र, पानी रङका दृश्यचित्र, तन्त्रचित्र तथा स्केचहरू राखिएका छन् ।

## क्यासेट

### दसैंको आशीर्वाद



माँ पाल्चोकी म्युजिक सेन्टरले दसैंलाई लक्षित गर्दै एउटा गीतिसंग्रह 'दसैंको आशीर्वाद' तयार पारेको छ । लोक तथा दोहोरी गीतको यो संग्रहमा भुवन रायमाझी, गीता देवी, विकास न्यौपाने, रिया कार्की, अनिता श्रेष्ठ तथा भगवती दंगालले गाएका गीतहरू सुन्न सकिन्छ । यो संग्रह 'मेरो बाटो नहेर यसपाला' तथा 'सम्झन्छु झलझली' भाकाका दुईवटा दोहोरी गीतले सजिएको छ ।

### जीवनका लय




गीतकार रमण घिमिरेले रचना गरेका लोकप्रिय गीतहरूको नयाँ संग्रह 'जीवनका लय' श्रोतामाझ आएको छ । म्युजिक नेपालले बजारमा ल्याएको यो संग्रह उदितनारायण झा, सत्यराज आचार्य, यम बराल, उदय-मनिला सोताङ, रामकृष्ण श्रेष्ठ, दीप श्रेष्ठ, कुन्ती मोक्तान तथा ममता दीपबिमले गाएका दसवटा गीतले सजिएको छ । आलोकश्री, राजु सिंह, उदय सोताङ, शिलाबहादुर मोक्तान, दीप श्रेष्ठ, शक्ति बल्लभ, मदन दीपबिम, टीका भण्डारी तथा शम्भुजित बाँस्कोटाले संगीतबद्ध गरेका गीतहरू यो संग्रहमा सुन्न सकिन्छ ।

## पुस्तक

### घरको साथी




नारायण बञ्जाडे तथा नूरराज कँडेल खानाका पारखीहरूका लागि परिकार बनाउने विधिको पुस्तक लिएर पाठकसामु आएका छन् । भारतीय, चाइनिज, कन्टिनेन्टल, इटालीयन, नेपाली, नेवारी तथा अरविक खानेकुरा पकाउने विधिसहित आएको यो पुस्तकको अन्त्यमा नेपालका खाद्यसामग्री तथा त्यससँग सम्बन्धित कानुनका बारेमा पनि विस्तृत जानकारी दिइएको छ । यसबाहेक घरपरिवारका लागि चाहिने अत्यावश्यक जानकारी समेटिएको 'घरको साथी' नामको यो पुस्तकको मूल्य १ सय ५० छ । विशेष गरी रेस्टुराँ व्यवसायी एवं घरेलु महिलालाई लक्षित गरिएको यो पुस्तकका लेखकद्वयले यसअघि पनि परिकारसम्बन्धी पुस्तक सार्वजनिक गरिसकेका छन् ।

### फूलको माला

राजधानीको एउटा उच्च माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत छात्र सरोज गिरीले रचना गरेका गीतहरूको संग्रह 'फूलको माला' प्रकाशित भएको छ । यसअघि 'फक्रिँदा कोपिला' तथा 'आमाको पुकार' शीर्षकका दुई कविता-संग्रह प्रकाशित गरिसकेका १६ वर्षीय यी कविले 'फूलको माला' संग्रहमा विभिन्न शीर्षकका ४५ वटा गीत समावेश गरेका छन् । ४५ पृष्ठ लामो यो गीतिसंग्रहको प्रकाशन दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुरले गरेको हो । ५० रुपैयाँ मूल्य राखिएको यो पुस्तकका गीतहरू 'लाखौं ताराबीच उदाउने', 'जिन्दगीका मोडहरू', 'तिम्रा दुःख देखें भने', 'बितेका यादमा तिमीलाई' आदि शीर्षकमा छन् ।

## सानो पर्दा



-निर्देशक देशभक्त खनाल नेपाल टेलिभिजनका लागि टेलिश्रृंखला 'जिन्दगी'को निर्देशनमा व्यस्त छन् । उक्त श्रृंखलामा विजय देउजा, शैलजा पाण्डे, शंकर शाह, सुमन सिंह तथा सौजन्य सुब्बा आदिले अभिनय गरेका छन् ।

– इमेज च्यानलले नयाँ कमेडी श्रृंखलाको प्रसारण प्रारम्भ गरेको छ । 'आम्मै' शीर्षक राखिएको यो श्रृंखला प्रत्येक मंगलबार ८:२५ बजे प्रसारण हुन्छ । श्रृंखलामा मोहन मिश्रसहित एक दर्जन हास्यकलाकारले अभिनय गरेका छन् ।

– नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'मेरी बास्सै' मा सुन्तलीको भूमिका निर्वाह गरेर चर्चामा आएकी कुञ्जना घिमिरेलाई भर्खरै सम्पन्न तीतेजिरे गाईजात्रा महोत्सवले थप लोकप्रिय बनायो । कुञ्जनाले मेरी बास्सैमा अभिनय गर्नुअघि दर्जनौं टेलिश्रृंखला तथा सयौं रेडियो नाटकमा अभिनय गरिसकेकी थिइन् तर पछिल्लो समयमा आर्जन गरेको ख्यातिका लागि भने उनले 'टिम वर्क' लाई श्रेय दिएकी छिन् ।

–इमेज च्यानलबाट प्रसारण भैरहेको गेम शो कार्यक्रम 'अन द रोड' दर्शकमाझ लोकप्रिय भैरहेको छ । प्रत्येक आइतबार राति ८:३० बजे प्रसारण हुने उक्त कार्यक्रमले सडकमा हिंडिरहेका सर्वसाधारणलाई कुनै एउटा रमाइलो खेलमार्फत प्रस्तुत गर्छ ।

– कान्तिपुर टेलिभिजनका नियमित दर्शकका लागि आस्था थापा नौलो अनुहार होइन । विन कान्तिपुर, घुमघाम, किनमेल खेलजस्ता कार्यक्रमबाट दर्शकमाझ राम्रो छाप छाडेपछि अचेल उनलाई म्युजिक भिडियो तथा विज्ञापनहरूबाट समेत प्रस्ताव आउन थालेको छ । आधा दर्जनभन्दा बढी म्युजिक भिडियोमा काम गरिसकेकी आस्थालाई अचेल एउटा कलेजको पेपर एडमा समेत देख्न पाइन्छ ।

–पल्लवी ढकाल तथा महिमा भट्टराईले सञ्चालन गरिरहेको सांगीतिक तथा सन्देशमूलक कार्यक्रम 'एसएमएस एन्ड मोर' हप्ताको सातै दिन प्रसारण भैरहेको छ । प्रत्येक दिन दिउँसो ३ बजेदेखि ४ बजेसम्म प्रसारण हुने यो कार्यक्रममा मोबाइलको एसएमएसमार्फत आफूलाई मन परेको मान्छेलाई सन्देश पठाउन तथा आफ्नो रोजाइको कुनै पनि म्युजिक भिडियो प्रसारणका लागि अनुरोध गर्न सकिन्छ ।

– नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको टेलिश्रृंखला 'करुणा' ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाएपछि यही श्रृंखलाको युनिटले अर्को एउटा श्रृंखला निर्माण गर्ने भएको छ । मेलिना मानन्धर नै निर्मातृ रहने उक्त श्रृंखलाको निर्देशक पनि महेन्द्र बूढाथोकी नै हुनेछन् । दुवै 'करुणा' मा सँगै काम गरिरहेका छन् । उक्त श्रृंखलामा मेलिनाले नै मुख्य भूमिका निर्वाह गर्ने पक्का छ ।

# एम्बुलेन्स किन्न मेघा कन्सर्ट

**टोपराज शर्मा**

बुटवलमा केही दिनयता सांगीतिक कार्यक्रमको लहर चलेको छ । कहिले राजनैतिक पार्टीका भ्रातृ संगठनको, कहिले सांस्कृतिक संगठनहरूको त कहिले व्यावसायिक संघ-संस्थाको आयोजनामा सांस्कृतिक कार्यक्रमहरू भैरहेका छन् । राजनैतिक विचारलाई संगीतमा ढाल्न सांस्कृतिक संगठनले कार्यक्रम गरिरहेका छन् भने मनोरञ्जन प्रदान गर्ने अभिप्रायले पनि सांस्कृतिक कार्यक्रम भएका छन् ।

बुटवलमा सांगीतिक कार्यक्रमको बाढी आइरहेका बेला त्यसमा नयाँ आयाम थप्न आगामी शुक्रबार असोज ६ गते यस्तै सांगीतिक कार्यक्रम हुँदैछ, तर यो सांगीतिक कार्यक्रमको उद्देश्य भने बेग्लै छ । फ्रेन्ड्स क्लब बुटवलको आयोजनामा नमस्ते बुटवल-२०६३ नाम दिएर गर्न लागिएको सांगीतिक एवं हास्यव्यंग्य कार्यक्रमको उद्देश्यचाहिं सामाजिक सेवाका लागि एम्बुलेन्स खरिद गर्ने हो ।

कार्यक्रममा गायक-गायिकाहरू हेमन्त शर्मा, मिङ्मा शेर्पा, सुदीप गिरी, प्रकाश घिमिरे, सिर्जनाविरही थापा, राजन ठकुरी तथा प्रख्यात हास्यटेलिश्रृखंला तीतो सत्यका दीपकराज गिरी, दीपाश्री निरौला, गोपाल नेपाल फिस्टे तथा श्री थापा लाहुरे आदि कलाकारले कालिका मा.वि.को प्रांगणमा आफ्ना उत्कृष्ट गीत-संगीत एवं हास्य विधा प्रस्तुत गर्नेछन् ।

यस्तै राजनैतिक चेतनाले भरिएका जागरणमूलक गीत-संगीत एवं जोसिला नृत्य प्रस्तुत गर्दै रक्तिम परिवारले यतिखेर बुटवलबाट सांस्कृतिक जागरण अभियान थालेको छ । रक्तिमका अध्यक्ष तथा लोकप्रिय प्रगतिशील गायक जीवन शर्माको नेतृत्वमा २५ जनाभन्दा बढी कलाकारको समूहले मन छुने भाका र लयमा गीत एवं नृत्यमार्फत गणतन्त्र नेपाल स्थापनाका लागि जिल्ला-जिल्लाबाट जुट्न जनतालाई आह्वान गरिरहेका छन् । कलाकारहरूले गीत तथा नृत्यका साथै प्यारोडी र नाटकबाट समेत पुरानो सामन्ती संरचना र संस्कृति भत्काएर सुनौलो गणतान्त्रिक नेपाल बनाउनका लागि संविधानसभाको चुनाव छिटोभन्दा छिटो हुनुपर्ने जोडदार माग पनि गरिरहेका छन् ।

संविधानसभामार्फत गणतन्त्रको स्थापना गरौं, पाश्चात्य छाडा संस्कृतिको विरोध गरौं भन्ने मूल नाराका साथ भदौ २१ गतेदेखि बुटवलबाट सुरु भएको देशव्यापी सांस्कृतिक जागरण अभियानमा नेपाली मौलिक परम्परा र संस्कृति जगेर्ना एवं विभिन्न जातजाति र क्षेत्रको प्रतिनिधित्व गर्ने कौडा नृत्य, घाटु नृत्य, सोरठी नृत्य, तामाङ सेलो, थारू तथा मैथिली नृत्यसमेत प्रस्तुत गरिन्छ । दसैंअघिसम्मको पहिलो चरणमा रूपन्देहीका १० स्थानलगायत गुल्मी, अर्घाखाँची र नवलपरासीका विभिन्न ठाउँमा सञ्चालन गरिने यो सांस्कृतिक जागरण अभियान संविधानसभाको चुनाव सम्पन्न नहुँदासम्म जारी रहने रक्तिमका महासचिव एवं कलाकार रेम रानाले साप्ताहिकलाई जानकारी गराए ।

# विराटनगरको मेलामा जादु र जुवा



**कमल रिमाल**

विराटनगर– भदौ महिनाभरि एक महिनाका लागि विराटनगरको महेन्द्रचोकमा सञ्चालित ॐ शान्ति मनोरञ्जन स्थलमा भारतीय जादु हेर्ने दर्शकको भीड लाग्यो । मनै सिरिङ्ग हुने गरी जीवित मानिसको घाँटी काटेर जोडिने जस्ता अद्भूत जादु हेर्न मानिसहरूको घुइँचो लाग्यो । भदौमा विराटनगरमा हाल एकै पटक दुईवटा मेला सञ्चालित थिए ।

मान्छेको शरीरबाट टाउको छुट्याएर १५ फिट पर राखी पुनः जोड्ने, बल्दै गरेको कागजलाई परेवा बनाउने जस्ता विश्वासै गर्न नसकिने कलाका साथै जादुगर एम सम्राट्ले एक युवकको टाउकोमा आगो बालेर चियाँ पकाउँछन् । जादुगरले दर्शकलाई चकित पार्दै काठको खाली बाकसबाट फुलका गुच्छाहरू, प्लेट, गिलास, जगहरू निकालेर एउटा थुप्रो नै पारेपछि त्यसै भित्रबाट युवती निकालेर स्टेजमा नचाए ।

मेलामा खेलका साथै मनोरञ्जनका साधनहरू पनि राखिएका थिए । प्रवेश शुल्क नराखिएका दुवै मेलामा हाउजी र जुवाजन्य खेल बढी चल्ने गरेको छ । चिठ्ठा लिएकामध्येबाट तत्कालै नगद उपहार पर्ने भएकाले पनि हाउजीमा भीड देखिन्छ । जुवाजन्य खेलले दर्शक तानेकाले रोटेपिङ, गाडी रेसजस्ता मनोरञ्जनका साधनमा दर्शकको उपस्थिति कम हुन्छ । वर्षमा चार पटकसम्म मेला लगाउँदै आएका उमेश खत्री भारतका विभिन्न सहरबाट मेलाका आयोजक खोजेर ल्याइने गरेको बताउँछन् ।

# शिखर म्युजिक अपडेट

SHIKHAR MUSIC
SHIKHAR
Safalta ko life
STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH

## साताको स्वर



### भुवन खनाल

**'शिव मान्दै ....' कस्तो गीत हो ?**
वास्तवमा यो शिवजीको भजन हो । मैले यसलाई केही परिवर्तन गरेर फंकी शैलीमा ढालेको छु ।

**यो गीत कसरी सिर्जना भयो ?**
संगीतकार गुरु ओलीले यसको शब्द तयार पार्नुभएको रहेछ । पछि मैले त्यसमा थपघट गरेर नयाँ शैलीको गीत सिर्जना गरें। भजनलाई फंकी बनाउन निकै गाह्रो हुँदो रहेछ।

**गीतका लक्षित वर्ग ?**
सबै उमेरका श्रोता यो गीतका लक्षित वर्ग हुन् ।

**गीतको कुन पक्ष राम्रो छ ?**
यो गीतको शब्द, लय तथा संगीत संयोजन राम्रो छ ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
सेन्स अफ ह्यूमर मन पराउनेहरूलाई मन पर्ने खालको भिडियो छ । हेरुन्जेल रमाइलो हुन्छ ।

**कुनै रमाइलो प्रसंग ?**
गीत रेकर्डिङ गर्ने क्रममा बिरामी थिएँ । सन्चो नहुँदा-नहुँदै गाएको भए पनि श्रोताहरूले मन पराइदिनुभएकोमा खुसी लागेको छ ।

-गायक जोहेब मानन्धर तीन वर्षपछि स्वदेश फर्किए । 'म यस्तो गीत गाउँछु', 'तिमीबिना' जस्ता गीतहरूका गायक मानन्धर नयाँ एल्बम प्रकाशित गर्न स्वदेश आएका हुन् । हाल उनको एल्बम 'रिभाइभ' सार्वजनिक हुने तयारीमा छ । दुबईमा रेस्टुराँ सञ्चालन गरेर बसेका गायक मानन्धरले एल्बमको आवरणमा मरुभूमिमा खिचिएको तस्बिर राखेका छन् भने एउटा म्युजिक भिडियोको छायांकन पनि मरुभूमिमै गरेका छन् ।

-र्‍याप गायक निर्णय श्रेष्ठ नौलो प्रकारको एल्बम 'बाउन्स-डा सिंगल' बजारमा ल्याएका छन् । उक्त एल्बममा एउटै गीत 'बाउन्स' का विभिन्न स्वरूप सुन्न तथा हेर्न पाइन्छ । सम्झना अडियो एन्ड भिडियोले बजारमा ल्याएको उक्त एल्बममा गीतको ओरिजिनल भर्सन, रिमिक्स र ट्र्याकका साथै यसमा त्यही गीतको म्युजिक भिडियो पनि समावेश छ । उक्त गीतमा उनलाई गायिकाद्वय प्रीति कौर तथा कुन्साङ्गले साथ दिएका छन् ।

-नायक राजेश हमालले पहिलो पटक म्युजिक भिडियोमा मोडलिङ गरेका छन् । मोडल दीपशिखा राणासँग उनले चर्चित भारतीय गजल गायक जगजित सिंहले गाएको नेपाली गीतिसंग्रह 'संयोग'को एउटा गीत 'कुन माया सदर भयो, कुन माया बदर..'का लागि मोडलिङ गरेका हुन् । गत साता भूषण दाहालको निर्देशनमा छायाँङ्कन गरिएको उक्त म्युजिक भिडियोलाई नायक हमालले आफ्नो पहिलो तथा अन्तिम म्युजिक भिडियो बताएका छन् । आलोकश्रीको संगीतमा दसैंअघि बजारमा आउन लागेको गजल गायक जगजित सिंहको उक्त संग्रहको विमोचन समारोह भने दसैंपछि गर्ने तयारी भैरहेको संगीतकार आलोकश्रीले बताए । उक्त समारोहमा संग्रहका गायक जगजित सिंहलाई पनि ल्याउने र एउटा कार्यक्रम गर्ने प्रयास भैरहेको जानकारी आलोकले दिएका छन् ।



आयो चंगाका मौसम : भिजे शहनबाजका साथमा गायक सुरेन्द्रमान सिंह, सत्यराज तथा स्वरुपराज आचार्य । तस्बिर : साइबर संसार डटकम

-म्युजिक डटकमबाट केही समयअघि प्रकाशित नव पपगायकहरूको संग्रह 'ट्यालेन्टस्-४'बाट गायन क्षेत्रमा प्रवेश गरेका गायक जबिकको तुलना चर्चित गायक निमा रुम्बासँग गर्न थालिएको छ । कान्तिपुर टेलिभिजनको सांगीतिक कार्यक्रम 'कल कान्तिपुर'की सञ्चालिका मालिभका सुब्बाले कार्यक्रममा उनको गायन तथा प्रस्तुति शैली निमासँग मिल्ने बताएपछि यस्तो तुलना गर्न थालिएको हो । जबिकले गाएको गीत 'आखाँभरि आँसु किन ?' म्युजिक भिडियोमा देखाएको शैलीका कारण हाल उनी चर्चामा छन् ।

-रेडियोकर्मी तथा संगीतकर्मी वासुदेव मुनालका सुपुत्र मोहित मुनाल पनि बाबुकै पेसा अर्थात् गीतसंगीतको क्षेत्रमा प्रवेश गरेका छन् । मोहितले गाएका गीतहरूको संग्रह 'मोहित' यसै साता बजारमा आएको छ । संग्रहमा उनले नयाँ गीतहरूका अतिरिक्त वासुदेव मुनालको चर्चित गीत 'पानी खाने निहुँले तिम्रो घरमा आउँला'को रिमिक्स पनि समावेश छ । यसै साता उक्त रिमिक्स गीतको म्युजिक भिडियो पनि सार्वजनिक भएको छ । जसमा नायिका झरना बज्राचार्यले हिपहप गेटअपमा नृत्य गरेकी छिन् । उक्त म्युजिक भिडियोको निर्देशन आलोक नेम्वाङले गरेका हुन् । सयभन्दा बढी गीतको म्युजिक भिडियो बनाइसकेका आलोकले पहिलो पटक रिमिक्स गीतको म्युजिक भिडियो बनाएका हुन् ।

-चार वर्षको लामो समयपछि मंगोलियन हार्ट समूहका गायक राजु लामाले यो साता आफ्नो नयाँ संग्रह सार्वजनिक गरेका छन् । राजधानीमा सम्पन्न एक समारोहमा गायक लामाले आफ्नो एल्बम 'मंगोलियन हार्ट- भाग चार' सार्वजनिक भएको घोषणा गरेका छन् । समारोहमा उनले आलोक नेम्वाङको निर्देशनमा बन्दीपुरमा छायाँङ्कन गरिएको र त्यहींकी एक स्थानीय युवती रुशा थापालाई अभिनय गराइएको लोकपप गीतको म्युजिक भिडियो तथा नेक्ससद्वारा निर्माण गरिएको 'आर एन्ड बी' गीतको अत्याधुनिक म्युजिक भिडियो पनि सार्वजनिक गरेका थिए ।

– पूर्वसभामुख तारानाथ रानाभाटका छोरा आतंक रानाभाट गायक बनेका छन् । आतंकले गाएका पपगीतको पहिलो संग्रह 'गुञ्जन' सार्वजनिक भएको छ । द बेस्ट टोन म्युजिकले सार्वजनिक गरेको सोही संग्रहमार्फत आफूले सांगीतिक क्यारियर प्रारम्भ गरेको रानाभाट बताउँछन् ।

– गीत-संगीतबाट देशमा शान्तिको कामना गर्दै गत आइतबार राजधानीमा एउटा गीतिसंग्रह विमोचन गरियो । 'देशमा विद्यमान परिस्थितिबाट प्रभावित भै शान्तिको कामना गर्दै यो संग्रह तयार पारिएको हो, विमोचन समारोहमा गीतकार शंकर लामिछाने भन्दै थिए– 'संगीतबाट पनि शान्तिको कामना गर्न सकिन्छ भन्ने सन्देश दिन खोजिएको हो ।' गीतकार लामिछानेद्वारा रचना गरिएका गीतहरूको संग्रह 'संसार सारालाई' मा हरिवंश आचार्य, सिन्धु मल्ल, मिलन लामा, लक्ष्मण शेष आदिले गाएका गीतहरू समावेश छन् ।

–कमलादीस्थित प्रज्ञाभवनको प्रेक्षालय गत शनिबार साँझ संगीतमय बन्यो । नेपाल सांस्कृतिक संघद्वारा बी.पी. जयन्तीको अवसर पारेर आयोजित 'सांस्कृतिक सन्ध्या- २०६३' नामक कार्यक्रममा विभिन्न गायक-गायिकाले गीत-संगीतमार्फत जननायक बी.पी. कोइरालालाई स्मरण गरे । बी.पी.कै शब्दमा आधारित एउटा गीत गायक सुदेशराज शर्माले गाएपछि कार्यक्रमले गति लिएको थियो । कार्यक्रममा बिमला राई, दीपक लिम्बू, आनन्द कार्की, लासिमित राई, जुना प्रसाई आदिले गीत गाएका थिए । उक्त अवसरमा गीत-संगीतका साथै राजधानी कला केन्द्रका कलाकारहरूको नृत्य तथा वीरेन्द्र हमालको निर्देशनमा 'सपनाको पनि अर्थ हुन्छ' शीर्षकको नाटक मञ्चन गरिएको थियो ।

– गायक तथा संगीतकार अनिल शाहीले गत शुक्रबार साँझ ललितपुरस्थित एब्स्युलुट बारको वातावरण संगीतमय बनाए । सूर्य क्लासिक इन्काउन्टर्स शीर्षकको उक्त कार्यक्रममा संगीतकार शाहीले आफ्नो गिटारमार्फत प्रस्तुत गरेको कर्णप्रिय धुन सुनेर दर्शकहरू रोमाञ्चित भए । आफ्नो सांगीतिक समूहसहित प्रस्तुत भएका शाहीलाई उनका बाद्यवादक साथीहरूलेसाथ दिएका थिए । पार्टी नेपालले आयोजना गरेको उक्त कार्यक्रमको अर्को श्रृंखला असोज २६ गते आयोजित हुनेछ ।


– गायक प्रकाश पौडेल एकवर्षे कतार बसाइ पूरा गरी दसैंमा स्वदेश फर्कने भएका छन् । रोजगारीका क्रममा कतार पुगेका गायक पौडेलले रोजगारीकै क्रममा आफ्नो आगामी गीतिसंग्रहका लागि आठवटा गीत तयार पारेका छन् । कतार बसाइका क्रममा आफू एक दर्जनभन्दा बढी सांस्कृतिक कार्यक्रममा सहभागी भएको जानकारी

## नजिकबाट श्रीकृष्ण लुइँटेल (बोकेदाऱ्ही)



| | | |
|---|---|---|
| जन्ममिति | : | २०३३ साल भदौ ११ |
| घरमा बोलाउने नाम | : | कृष्ण |
| जन्मस्थान | : | सलकपुर, मोरङ |
| रुचि | : | घरायसी काम गर्ने |
| पहिलो गीत | : | सुन है साथी मेरो कहानी |
| पहिलो एल्बम | : | इटहरी डट कम |
| सांगीतिक गुरु | : | कोही पनि छैन |
| पहिलो कन्सर्ट | : | विराटनगरको सभागृहमा |
| पहिलो प्रेम | : | गरेको छैन |
| पहिलो प्रेमपत्र | : | क्याम्पस पढ्दा पाएको थिएँ, लेखेको छैन |
| पहिलो पटक बजाएको इन्स्ट्रुमेन्ट | : | गिटार |
| मनपर्ने खाना | : | दालभात |
| मनपर्ने रंग | : | पहेंलो |
| मनपर्ने पहिरन | : | क्याजुअल |
| मनपर्ने नायक/नायिका | : | अभिषेक बच्चन तथा रानी मुखर्जी |
| पहिलो डेटिङ | : | मौका नै पाएको छैन |
| पहिलो फोटोसेसन | : | इटहरी डटकम एल्बमको बेला इटहरीमै |
| मनपर्ने मौसम | : | जाडो |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | गाउँ घुम्न रुचाउँछु |
| पहिलो चुम्बन | : | (लामो हाँसो) खाएकै छैन |
| मनपर्ने गीत | : | रिङ्टिन रिङ्टिन नबजाऊ बियानो... |
| नजिकको साथी | : | परिवारका सदस्यहरू |
| पहिलो पिटाइ | : | पहिलो पटक खैनी खाएको थाहा पाएर बुवाले मजाले पिट्नुभएको थियो । |
| मनपर्ने म्युजिक भिडियो | : | दार्जीलिङको रेल... (आफ्नै गीतको) |

## शुभारम्भ म्युजिकल जर्नी



**शिव शर्मा**

पोखरा– मौसम जस्तो त्यस्तै स्तब्धता । शनिबार पोखराको दीपेन्द्र सभागृहमा यस्तै भार छायो । कारण थियो शुभारम्भ म्युजिकल जर्नी सांगीतिक कार्यक्रमको गुन्जन । स्वरूपराज आचार्यको 'काडाँ त बिझ्यो बिझयो' र 'धेरै माया दिँदा रहेछन् मुटु जोडी जानेहरू' गीतले दर्शकहरूको मन कटक्क खायो ।

गत वर्षको फागुनमा शुभारम्भ संगीत समारोहकै अवसरमा पोखरामा स्वरूपकै धेरै माया दिँदा रहेछन् गीतमा दर्शकहरू स्टेजमा पुगेर रोएका थिए । स्वरूपले यस पटक त नरुनु होला है भनेर उक्त गीत सुरु गरेका थिए । सायद उनको अनुरोधलाई बुझेर होला, यमु गुरुङ यो गीतमा रोइनन् । गत वर्ष यही कार्यक्रममा रुँदा उनी यहाँ चर्चाको विषय पनि बनेकी थिइन् । गुरुङले भनिन्- 'यो गीतले मेरो मन छोइहाल्छ ।'

यसपालि पनि स्वरूपको यो गीतले दर्शकको वन्स मोर पायो । सत्यराज आचार्यको विना पिएर, साँझकी जून बनी तथा मेरी मायालु गीतले पनि दर्शकलाई संवेदनामा बगाएको थियो । उता सैलेश सिंहको पर लै जाऊ फूलहरू गीतले दर्शकलाई केही क्षण भए पनि रोमान्टिक बनाएको थियो । त्यस्तै पोखरेली गायक विनोद बानियाँ पनि शुभारम्भ संगीतमा मिसिएका थिए ।

स्पाइरल मिडिया जर्नीले आयोजना गरेको उक्त सुगम संगीतमा कलाकारहरूले दिउँसो ३ बजेदेखि साँझ ६ बजेसम्म लगातार दर्शकहरूलाई मनोरञ्जन दिए । पपको क्रेजले तानेको पोखरामा आधुनिक सुगम संगीतको लोकप्रियता कस्तो रहेछ भन्ने कुरा दर्शक सहभागिताले पनि छर्लङ्ग पारेको थियो । पपगीत सुन्ने दर्शकभन्दा कम थिएनन् शुभारम्भ संगीत सुन्नेहरू पनि ।

'पप गीतमा मात्र युवायुवतीको क्रेज छ भन्ने भ्रमको पर्दा यो कार्यक्रमले उघारिदिएको छ,' आयोजक संस्थाकी हेमा गुरुङले साप्ताहिकसँग भनिन् । कलाकारहरूले नारायण गोपाल, भक्तराज आचार्य, अरुण थापा, प्रेमध्वज प्रधान आदि पुराना स्रष्टादेखि आफ्ना नयाँ गीत प्रस्तुत गरेका थिए ।




छोरा आफ्नी आमासँग : आज बिहान बस चढेका बेला बाले मलाई म बसेको सिट एक जना अन्टीलाई छाडिदे भन्नुभयो अनि मैले आफू बसेको सिट छोडिदिएँ ।

आमा : तिमीले धेरै राम्रो काम गर्‍यौ छोरा, स्याबास ।

छोरा : तर आमा, म त बाको काखमा बसेको थिएँ ।

०००

एक जना मानिस स्वीमिङ पुलनजिक उभिरहेको थियो, त्यत्तिकैमा एक जना राम्री युवती आएर आफ्नो लुगा फुकाल्न थालिछ । युवती आरामले आफ्नो सबै लुगा खोलेर स्वीमिङ पुलमा हामफाल्न लागेकी थिई, त्यत्तिकैमा त्यो मानिसले ठूलो स्वरमा– पर्खनुस् पर्खनुस्, यहाँ स्वीमिङ गर्न मनाही छ । उसको कुरा सुनेर युवती निकै रिसाउँदै : स्वीमिङ गर्न मनाही थियो भने मैले लुगा फुकालुन्जेल के हरी बस्नु'भा त ? अघि नै भन्नुपर्दैन मनाही छ भनेर । मानिसले जवाफमा : हैन, यहाँ स्वीमिङ गर्न पो मनाही छ, लुगा फुकाल्न त होइन नि ।

०००

एउटी महिलाको पिटाइ खाएको खबर सुनेर जितुचाले बिकुरामसँग सोधेछ : होइन, यो उमेरमा पनि यसरी सार्वजनिक बसमा आइमाई जिस्क्याउँदै हिंड्न तपाईंलाई सुहाउँछ ?

बिकुराम (दिक्क मान्दै) : हरे ! म कहाँ त्यस्तो नसुहाउँदो काम गर्छु र ?

जितुचा : अनि किन त ती महिलाले तपाईंलाई पिटेकी ?

बिकुराम : बसको भाडा तिर्न भनेर पैसा निकाल्न के लागेको थिएँ मेरो फोटो पर्सबाट खस्यो, ती महिलानजिकै उभिएकी थिइन्, मैले खोइ दिदी साडी अलि उचाल्नुस् त फोटो लिनुपर्‍यो मात्र के भनेको, चड्काइहाली भन्या ।

०००

एक जना पागल धानबारीको बीचमा डुङ्गा चलाएझैं गरी बसेको देखेर बिकुरामले सोधेछ : ओ भाइ, के गरेको ?

पागल : देख्नुभएन डुङ्गा चलाएको ? बरु तपाईं पनि चढ्न आउनुहोस् ।

बिकुराम : भो मलाई डुबेर मर्नु छैन, तैंले डुङ्गा पल्टाइस् भने, मलाई त पौडिन पनि आउँदैन ।

०००

पहिलो गफाडी : तँलाई थाहा छ, ब्राजिल देशको नाम किन ब्राजिल भएको ?

दोस्रो गफाडी (एक छिन सोच्दै) : खै थाहा भएन ।

पहिलो गफाडी : किनभने ब्राजिल देश साम्भा नृत्यका लागि निकै प्रख्यात छ । साम्भा नृत्यमा महिलाहरूले निकै रोचक प्रकारको ब्रा लगाएर नृत्य गर्छन् । यो नृत्य हेर्न विश्वभरका मानिसहरू त्यहाँ पुग्छन् र ब्रा हेरेर जिल्ल पर्छन् । यसरी मानिसहरू ब्रा हेरेर जिल्ल पर्ने भएकाले त्यो देशको नाम ब्राजिल भएको ।

०००

एक युगल जोडी गोदावरी पार्कको एकान्तमा बसी गफगाफ गर्दै थिए । आफ्नो काखलाई सिरानी बनाएर बसेको प्रेमीलाई छातीतिर औंल्याउँदै युवतीले प्रश्न गरिछ : तिमीलाई थाहा छ यो मेरो कुर्तामा भएको बुट्टा कुन फूल हो ?

युवक बुट्टा हेर्दै नहेरी उत्तर दिन्छ : लालीगुराँस ।

युवती अचम्म मान्दै : हेर्दै नहेरी कसरी थाहा पायौ ?

युवक : किनभने त्यो डाँडाको चुचुरोमा फूलेको छ ।

०००

छोरा : 'आमा, आज मेरो साथीको जन्म दिन छ, उसलाई उपहार के दिऊँ ?'

आमा : एउटा रुमाल देऊ न त ।

छोरा : त्यो साह्रै सानो उपहार भयो, अलि ठूलो दिन्छु नि, हुन्न ?'

आमा : त्यसो भए तन्ना देऊ न त ।'

०००

## कविता

### छोडयौ किन ?

छुट्नु नै थियो त आखिर,
दुई मुटु जोड्यौ किन ?
सबै कथा-कहानी भुली,
सम्बन्धनै तोड्यौ किन ?
म त तिम्रो साथी थिएँ,
प्रेमी त कहाँ हो र !
मित्रताको हाम्रो ताला,
अनायशै फोड्यौ किन ?
काखमा बसी सँधै,
गीत तिमी मेरै गाउँथ्यौ
'पारिजात'का पाइलाहरू,
आज अन्तै मोड्यौ किन ?
म त मौन थिएँ आखिर,
तिमीनै हो जुर्मुरा'को
तिम्रो 'चोखो' माया प्रीति,
अर्कैकोमा गोड्यौ किन ?
अरु केही नभए'नि,
मित्रता त हुन्थ्यो होला
विचरा यो 'मदन'लाई,
जंघारमा छोडयौ किन ?

**–मदन ढुङ्गाना**

### मेरो भविष्य

एकान्तमा बस्दाखेरि याद तिम्रो आइदिन्छ,
कल्पनामा डुबी बस्छु रूप तिम्रो छाइदिन्छ ।
मेरा लालायित अधर तिम्रो पाउँछु म,
अँगालोमा बाँध्न तिम्रै हात लाउँछु म ।
मेरो हिंड्ने बाटोभरि फूलहरू छरी बस्यौ,
यो जुनीका लागि भनी व्रतहरू गरी बस्छौ ।
तिमी नै एक भयौ मेरो निम्ति प्राण दिने,
खुसी छु म हर मौसम तिम्रै कृपा कामनाले ।
हात देऊ म साथ दिन्छु झेल्नुपर्छ चुनौतीलाई,
समर्पण गर्छुतिमीप्रति मेरो सानो भविष्यलाई ।

**–दर्शन दिनेश**

### मुटु सार्‍हो दुख्छ

हाँसेको छु बाँचेको छु मलाई सबै ठीक छ
निष्ठुरीको यादले अचेल मुटु सार्‍हो दुख्छ ।
जोवन सारा सुम्पेको थें सारा खुसी दिन
याद आउँछ विश्वासघात पाए पनि किन ?
खाएकै छु लाएकै छु यति भए पुग्छ
बैगुनीको यादले अचेल मुटु सार्‍हो दुख्छ
हृदयमा छुरा हानी तड्पाई सबको माझ
आँसु दिई हाँसी हिंड्न भएन उसलाई लाज
हिंडेकै छु डुलेकै छु अब यसै ठीक छ
निर्मोहीको यादले अचेल मुटु सार्‍हो दुख्छ ।

**– नवराज उप्रेती**

### दिलमा सजाएको तस्बिर

गाजल लगाएको परेला अति राम्रो देख्छु म
आँखा चञ्चल के खोजेजस्तो देख्छु म
सबैतिर घुमेर आँखा टक्क अडिन्छ किन ?
अरूसँग गफहरूमा मसँग अडिन्छ किन ?
धेरै कुराहरू बुझायौ नबुझेको देख्छु म
मनका भावहरू मुहारमा गम्भीर देख्छु म
भन्नुपर्ने मलाई थियो, अरू अरूलाई पो
बधाइ पायौ, हुन् साथीहरू ती पो
आँखा हुँदै दिलमा सजाएको तस्बिर देख्छु म ।

**– निमेष नेवा**

### कर्म मेरो

कति छ यो सहरमा तिम्रो भाउ नसोध
कति दुख्दैछ मुटुको तिम्रो घाउ नसोध
संघर्षपथमा हिंडिरहँदा आजसम्म
कति दुख्दैछ साथी तिम्रो पाउ नसोध
छन् गेडी सबै मेरी, छैनन् सबै टेढी नै हुन्



कति छन् तिम्लाई ऋण दिने साहुँ नसोध
झरेको फूल निभेको दीपझैं कर्म मेरो
हारेको बेला कति छ तिम्रो दाउ नसोध
दोहोरो गोली चल्छ लासहरू ढल्याढल्यै
चिहानै हुँदा कस्तो छ तिम्रो ठाउँ नसोध ।

**– आकाशचन्द्र न्यौपाने**

### दुई मुक्तक

तिम्रो जित मेरो हार भयो
अनौठो गरी तिमीसँग प्यार भयो
तिमीले दिएको धोका नै मेरो
जीवनको न बिर्सने उपहार भयो
०००
प्रेममा त्यति खुल्नुहुन्न कान्छी
आत्मीय साथीलाई भुल्नुहुन्न कान्छी
घोच्ला काँढाले होसियार गर
जथाभावी बगैंचामा डुल्नु हुन्न कान्छी ।

**– नरेशजंग सुब्बा**

## लघुकथा

### प्रतियोगिता

शिवरात्रीको उपलक्ष्यमा विभिन्न संघ-संस्थाले विविध कार्यक्रमको आयोजना गरेका थिए । त्यसै क्रममा एउटा सांस्कृतिक समूहले भगवान् शिवजस्तै दुरुस्त बन्ने कलाकारलाई स्वर्णपदक, रजतपदक, ताम्रपदक तथा सान्त्वना पुरस्कार दिने कार्यक्रम राखेका थिए ।

उक्त समाचार सुनेपछि भगवान् शिवलाई सर्पको मालासँगै स्वर्णपदक पनि भिर्ने अभिलाषा उत्पन्न भयो र उनले प्रतिस्पर्धामा भाग लिने निर्णय गरे । कलात्मक मञ्चमा कपालको चुल्ठो बाँधेर शरीरमा चन्द्रमा लगाएका, रुद्राक्षको माला लगाएका, निधारमा खरानीको टीका लगाएका, बाघको छाला ओढेका, सर्पको माला लगाएका, हातमा त्रिशूल तथा डमरु समाएर साँढेमा चढेका... कलाकारहरू पालैपालो देखा परे । भगवान् शिवले पनि उक्त प्रतिस्पर्धामा भाग लिए । निर्णायक मण्डलले पुरस्कारको घोषणा गर्दा शिवजी स्वयंले भने सान्त्वना पुस्कार पाए ।

**–डा. रवीन्द्र समिर**

### जागिरको कारण



लक्ष्मी जहिले पनि ठाँटिएर हिंड्थिन् । सँगै जागिर खानेहरू एक जोर राम्रो लुगा लगाउन पनि धौधौ भएको कुरा गर्थे, तर हरेक पटक उनका रङ्ग बदलिरहेका हुन्थे । साथीभाइसँग बोल्न पनि सार्‍है गार्‍हो मान्थिन् । प्रहरीमा हवल्दारको जागिरे भए पनि उनको रवाफ कुनै निरीक्षकको भन्दा कम थिएन । उनको ड्यूटी पनि ६ महिना एअरपोर्ट र ६ महिना थानकोटमा पर्थ्यो ।

सधैंको यो रवाफ देखेपछि एक दिन लक्ष्मीकी एकदमै मिल्ने साथी रोमाले सोधिन्– 'ए लक्ष्मी ! भन् न, तँ कसरी पैसा कमाउछेस् ? किन तँ जहिले पनि कि थानकोट कि एअरपोर्ट पुग्छेस् ?' रोमाको प्रश्नमा मुसुक्क मुस्कुराउँदै लक्ष्मीले भनिन्– 'मेरो बुबा डीआईजी हुनुहुन्छ नि त ।'

रोमाले फेरि सोधी– 'तेरो बुवा त बितिसक्नुभएको होइन र'

'हो, मेरो सामाजिक बुबा बितिसक्नुभयो, तर मेरो वास्तविक बुवा डिआईजी हो । मेरी आमा डीआईजीको घरमा काम गर्न बस्दा डिआईजी सा'बकै गर्भ बोक्नुभयो र मेरो जन्म भयो । उहाँ मेरो वास्तविक बुबा हुनुभए पनि बुबाको स्थानमा हुनुहुन्न । हामीलाई केही पैसा दिएर नाता प्रमाणित नगर्ने बरु जागिर दिने कबोल गरिएको छ । त्यही भएर म तालिमै नगरी हवल्दार भएकी हुँ । मेरो ड्यूटी एयरपोर्ट र थानकोटमा मात्रै पर्नुको कारण पनि यही नै हो ।' लक्ष्मीको कुरा सुन्नेबित्तिकै रोमा बेहोस भएर ढलिन्, कारण डीआईजी उनका आफ्नै बुवा थिए ।


**CONGRATULATIONS**



To Manisha Joshi & Anju Dangol, III batch students of BFD in NCFT for their success in winning the first position in Designer Contest-2006

**CONGRATULATIONS TO THE 2ND BATCH STUDENTS ON SUCCESSFUL COMPLETION OF FASHION SHOW THE JOURNEY OF FASHION-PART II**
**"FLAME OF INNOVATION-2006"**
**ON SEPTEMBER 2, 2006 AT HOTEL YAK AND YETI**
**Gyani Shova Tuladhar**
**Founder Principal & NCFT Family**

NCFT
**Announces Admission in BFD**
(Bachelor of Fashion Design)
A 3 years, 6 semesters academic program
with self career development towards

- Resource person, consultant and writer in respective fields etc.
- National and international business houses etc.
- Fashion designer, textile designer, costume designer, design manager, embroidery designer, accessories designer, graphic designer, computer aided designer, fashion studio, pattern maker, fashion stylist, fashion trend makers, garment technologist, merchandiser, model, choreographer, fashion photographer etc.
- Fashion journalist, electronic media, print media, TV, radio etc.
- Fashion show, exhibition, national and international events etc.

**For details please contact:**
**Namuna College of Fashion Technology**
(Affiliated to Purbanchal University)
(Articulation with Raffles Design Institute, Singapore)
**Bansbari, Kathmandu, Nepal. G.P.O. Box 8975, EPC 4144,**
**Tel: 4377201, 4377897, 4372081 Fax: 4377897**
**Email: ncft@wlink.com.np, Website: www.namuna.eu.np**

## सन्देश

सानु, बाबा, सुशीला, रीना, दीपेन्द्र, दिलीप, ललित, सुजाता लगायत सबै साथीलाई सम्झना एवं शुभकामना ।

**राजु**

नानी, शनिबार तिमीसँग भेट गर्न आएको थिएँ तर समय परिस्थितिले गर्दा भेट हुन नसक्दा नरमाइलो लाग्यो । एकोहोरो माया गरेर मात्र हुँदैन, त्यसैले मलाई तिम्रो माया आवश्यक छ । म यस्तो समयको प्रतीक्षामा छु जहाँ हामी दुई बाहेक अरू कोही नहोस् ।

**ईश्वर**

मनि., म तिमीलाई एकदमै मन पराउँछु तर तिमीले मेरो पत्रको जवाफ दिइनौ । यदि तिमी कसैलाई मन पराउँछ्यौ भने पनि तिमीबाटै त्यसको जवाफ पाउने आशा राख्छु ।

**लाले**



पनि धेरै हाँसी-खुसी देख्न पाऊँ ।

**भूपेन्द्र**

पत्रमित्र साथीहरू इन्दु, साधना, प्रतीक्षा तथा अनिशालाई goodboy_manis@yahoo.co मा पत्राचार गर्न अनुरोध छ ।

**मनीष**

सानु, जन्मोत्सवका अवसरमा मुरीमुरी शुभकामना ।

**रमेश**

आत्मीय मित्रहरू माया, रत्न,

### साप्ताहिक सन्देशको सूचना

विजयादशमीको शुभकामना यही असोज ३ गतेसम्ममा उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

मिता, छोटो जीवनको लामो यात्रामा हजुरसँग भेट भयो तर विडम्बडा केही समयमै हजुरबाट टाढा हुनुपऱ्यो, जे भए पनि हाम्रो मित्रता अझ प्रगाढ बन्दै जाओस् । ढिलै भए पनि हजुरलाई जन्मदिनको लाखौं लाख शुभकामना ।

**भवानी**

अनि यार, के हो ? तिमी यसरी नचिन्ने भैदिने ? तिमीलाई विराटनगरमा.....धरहराबाट हाम्फालेजस्तो भयो मलाई त, जति टारे पनि पहिलेको ठाउँमा फेरि एकपटक आऊ है ।

**आर.एल.**

सानु, जीवनभर तिम्रै सहयात्री रहन पाऊँ । जन्मदिनको सु-अवसरमा तिम्रो सुस्वास्थ्य एवं दीर्घायुको शुभकामना ।

**राजेन्द्र**

अनि., हामीले जिन्दगीको यात्रा गर्न बाँकी नै छ । तिमीलाई चाहेर पनि कामले कहिल्यै पनि खुसी राख्न सकिन तै पनि तिमी मसँग धेरै खुसी छौ । आउँदा दिनहरूमा तिमी योभन्दा

निश्चल, दिलु, जमुना, शान्ति, माया, कमला, राजु अनि कल्पनालाई विजयादशमीको हार्दिक शुभकामना ।

**२०,९,१२,१३,१**

प्यारो छोराको तेस्रो जन्मदिनको पुनित अवसरमा दीर्घायु, सुस्वास्थ्य, ऐश्वर्य तथा शैक्षिक क्षेत्रमा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना ।

**अरुण किरण पुन**

विना, जन्मदिनको अवसरमा मेरो अन्तरहृदयदेखि नै शुभकामना छ । तिम्रा हरेक पाइला सफलताका खुड्किलातर्फ लम्किउन् । तिम्रो त्यो सुन्दर मुहार सधैं यसरी नै हाँसी, खुसी रहेको हेर्न पाऊँ । अञ्जानवश यदि मबाट कुनै गल्ती भए, चोट पुगेको भए माफ गर । यदि तिम्रो मनमा मेरो मन अटाउन सक्छ भने म सधैं साथ दिन तयार छु ।

**राजेन्द्र**

तड्पाउने मात्र ? परिचय नगर्ने ? मान्छेको हालत हेर त यहाँ ?

**सधैं बाटोमा हेरेर बस्न**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव :.............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : ..................................................

वर्ण : .................................. .

इमेल : ..................................................

ठेगाना :..................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..................................................

..................................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटो

### तिम्रो प्रतीक्षामा...

म उसलाई प्रेम भनेर बोलाउँथें, किनकि ऊ मेरो प्रेम थियो । एक दिन हामी एउटा सुन्दर स्थानमा घुम्न गयौँ । त्यो सुन्दर ठाउँको एक छेउमा बसेर मायाका मीठामीठा कुरा गऱ्यौँ । प्रेम मेरो हातमा आफ्नो हात राख्दै भन्छ- 'यो छाल चट्टानमा ठोक्किँदा कति बेहोसी बन्छ ? यो दृश्य देख्दा म आफै थकित हुन्छु ।' साँच्चिकै अनौठो छाल थियो ।

मनले नचाहे पनि हामी त्यहाँबाट छुट्न विवश थियौँ । मनले त चाहेको थियो नि छुट्न नपरोस् तर विडम्बना अन्त्यमा छुट्नै कर लाग्यो । हामी आ-आफ्नै गन्तव्यतिर लाग्यौँ । अचानक एक दिन मैले आफ्नो मामाघर जानुपऱ्यो । केही दिन मामाघरमा नै बसेँ तर यता मेरो प्रेम मैले केही खबर नै नगरी गएकोमा छट्पटाइरहेको रहेछ । जब म घर आइपुगेँ प्रेम पनि मलाई भेट्न आयो । प्रेमको दुःखित अनुहारले म पनि दुःखी भएँ । किन मलाई केही नभनी सुटुक्कै गयौ ? त्यसरी नभनी जाँदा कस्तो हुन्छ ? एक दिन म पनि काहीँ जानुपऱ्यो भने नभनी गइदिन्छु'- निराश अनुहार र पीडादायक स्वरमा उसले भन्यो ।

एसएलसी परीक्षाको नतिजा थियो । समय जति अघि बढ्दै जान्छ उति नै मेरो मुटुको बेग बढ्छ । पास-फेल के भइन्छ भन्ने कुराले मलाई घरीघरी भस्काइरह्यो । म चुपचाप बन्द कोठामा बसिरहेँ । आफ्नो हातमा न्युजपेपर बोकेर मेरो कोठामा प्रवेश गर्दै उसले भन्यो- 'तिमी पास भयौ ।' अनि मैले पनि सोधेँ- 'तिमी ?' केही माग्दै उसले भन्यो- मलाई के दिन्छौ ? मैले आफ्नो दुई हात उसको काँधमा राखेर चुम्बन गरेँ, अनि सोधेँ- 'अब त भन ।' उसले भन्यो- 'म पनि पास भएँ ।' त्यसपछि हामी दुवै यति खुसी भयौँ, त्यो खुसी जतातत्तै फैलियो तर हाँसोपछि आँसु भनेझैँ हाम्रो विछोड हुने दिन नजिक आउन थाल्यो । यो कुराले हामी दुःखी हुन थाल्यौँ ।

परिवारमा मलाई काठमाडौं पढ्न पठाउने निधो भयो । मैले प्रेमलाई सँगै पढ्न काठमाडौँ जाऊँ भनेँ तर ऊ मानेन । उसको सपना पहिलेदेखि नै दार्जीलिङमा पढ्ने थियो । मैले रोक्न पनि सकिनँ, म ऊसँगै दार्जिलिङ जान पनि सकिनँ ।

काठमाडौं हिँड्ने दिन प्रेम मलाई बिदा गर्न आएको थियो । प्रेम अघिदेखि नै रोइरहेको थियो । मैले पनि आँखाबाट आँसु रोक्न सकिनँ । सुन्दर गुलाफको फूल मेरो हातमा थमाउँदै उसले भन्यो- 'तिमी मलाई छाडेर जान्छौ ?' म प्रेमको कुरा सुनेर हिक्का छाडेर रुन खोजें तर आफ्नो गलाभरि बाँधेर राखें । प्रेम भन्न थाल्यो- 'त्यो ठूलो सहरका धेरै मान्छेहरूको भीडमा मलाई भुल्छौ होला । साँच्ची तिमी मलाई छाडेर जान्छौ ?' प्रेम हिक्का छाडीछाडी रुन थाल्यो । 'तिमीले छाड्यौ भने म एक्लो हुन्छु ।' मैले आँखाबाट आँसु बगाउनुबाहेक केही बोल्न सकिन । प्रेम आफूलाई सम्हाल्न सकी-नसकी बोलिरह्यो । प्रेमको रुवाइ मेरो हृदयका अन्तर तरंगहरूमा भूकम्प आएझैँ लाग्थ्यो । अनि म पनि आफूलाई सम्हाल्नै नसकी रोएँ । काठमाडौं आएको केही दिनमा नै मैले फोन गरेँ, फोनमा पनि हामी रोएर नै समय बिताउँथ्यौँ ।

समय बित्न कति नै पो लाग्दोरहेछ र ! मैले हजारौँ पत्र पठाएँ तर उसले एउटा पत्रको पनि जवाफ दिएन । त्यसपछि म कति तड्पिएँ, जलेँ अनि रोएँ म आफैलाई थाहा छैन । म घर जाँदा ऊ पहिले नै फर्किसकेको हुन्थ्यो । कहिले म फर्किएपछि मात्र आउँथ्यो । हाम्रो भेटघाट यसरी नै पातलिन थाल्यो । हाम्रो भेट नभएको पनि वर्षौं भयो ।

एक दिन गाडीबाट ओर्लिनेबितिक्कै प्रेमलाई देखेँ, प्रेम पसलमा खै कसलाई फोन गरिरहेको थियो । धेरै वर्षपछि भेट्दा म उसको अगाडि जानै सकिन, चुपचाप हेरिरहेँ । थाहै नपाई कतिखेर आँसु परेलीमा आएर अडिए । उसले मलाई देखेछ, नजिक आएर भन्यो- 'तिमीलाई कस्तो छ ? आरामै छौ ?' म बोल्नै सकिनँ । चुपचाप टुलुटुलु मात्र हेरिरहेँ, फेरि प्रेम- 'गाडी कति ढिलो आएको ? तिमी आउँछौ भन्ने मलाई थाहा थियो । त्यसैले तिमीलाई लिन आएको दुईपटक भैसक्यो ।' म जवाफ नफर्काईँ बसिरहेँ । उसले फेरि भन्यो- 'किन नबोलेको ?' मैले दुवै हातले टाउको थमाउँदै मलाई चक्कर लाग्यो भनेर ढाँटिदिएँ ।

उसलाई भेट्दा म अलिकति पनि हर्षित भइनँ । कताकता हृदय जलेर आयो । ऊसँग बिछोडिनु परेको भन्दा पनि अझ दुःखी भएँ । म जिउँदै जलेकी थिएँ । जलेर खरानीमा परिणत भैसकेको हृदयबाट पनि फेरि आगोको राप आएझैँ लाग्यो । मैले त्यो रात पनि रोएर बिताएँ ।

भोलिपल्ट हामी दुई एउटा बन्द कोठामा बस्यौँ । ऊ पहिलेको भन्दा बेग्लै थियो । 'कति चाँडै परिवर्तन भएछौ' मैले एकपटक चारैतिर कोठालाई नियालेँ अनि उसलाई हेरेँ, ऊ आफ्नो शिर झुकाएर खै के-के सोच्दै थियो । हामी दुवै मौन थियौँ । सुनसान कोठामा उसको आवाज गुन्जियो- 'किन नबोली बसेकी ? केही त बोल !' म हजारौँ पीडा लुकाएर- 'मेरो त केही भन्नु छैन, खै के भनूँ र ?' यति भनेर हाँसेँ, भित्री छाती त चर्किनै रहेको थियो नि ! प्रेम- 'मेरो त छ नि !' मैले झिनो स्वरमा भने- अनि किन चुपचाप ?' प्रेम- 'तिमीलाई खै के भनौँ ? म आफैलाई कस्तो-कस्तो लाग्छ । मेरो कुराले तिमी दुःखित अवश्य नै हुन्छौ होला ।' म अलिक गम्भीर बन्न थालेँ । प्रेमले एकैपटक अर्कै केटीको प्रसंग निकाल्यो । उसले भन्यो- 'म यहाँबाट सहर गएँ । त्यहाँ एउटी केटीसँग भेट भयो । हामी दुई कति चाँडै नजिक भयौँ थाहै भएन । त्यसरी त्यो केटीसँग नजिक हुँदाहुँदै उसले विवाहको प्रस्ताव राखी । म दोधारमा परेँ ।

प्रेमले मेरो मायाका बारेमा पनि केही भन्नेछ भनेर धेरै समयसम्म पर्खिरहेँ तर उसले त्यही केटीका बारेमा मात्र कुरा गऱ्यो । त्यसपछि मलाई लाग्यो– म उसको हृदय, नजरबाट निस्किसकेँछु । मेरो वियोग एवं माया, प्रेमको बारेमा केही पनि सुनाएन । त्यसपछि त किन हो, यो धरातल पनि धस्सिएझैँ लाग्न थाल्यो । मैले केही सोच्नै सकिन । के गरूँ ? कसो गरूँ ? मन भौँतारिन थाल्यो । मलाई त्यहाँ एकपल पनि बस्न मन लागेन । एक मनले सोचेँ आत्महत्या गरूँ ? फेरि आत्महत्या नगरी पागलझैँ बनेर कसैको नाम पुकार्दै हिँडिरहूँ । मैले केही सोच्नै सकिनँ ।

प्रेमले भन्यो- 'तिमीले पहिलो र अहिलेको मेरो प्रेममा कति फरक पायौ ?' प्रेमको यो कुराले त झन् मेरो आलो घाउमा नुन छरेझैँ लाग्यो । मैले उसलाई हेरेँ मात्र जवाफ दिइन । फेरि म मौन चुपचाप सोच्न थालेँ- 'हृदयमा मलाई राखेर नजरले कसलाई खोज्यौ ? त्यति सहजै तिमीले मलाई कसरी भुल्यौ ? अनि पराई केटीलाई अँगाल्यौ ? मेरो प्रेममा तिमीलाई विश्वास थिएन ? तिमीलाई विश्वास लागेन ? प्रतीक्षामा राख्छौ भने राख म जुनीभरि पर्खिदिन्छु ।' मेरा आँखा आँसुले रसाए, म कोठाबाट बाहिर निस्किएँ । मलाई त्यहाँ बस्नै मन लागेन जतिसक्दो चाँडो म काठमाडौं फर्किएँ ।

तिमीले गाडी चढाएर फेरि बिदाइ त गऱ्यौ । सदासदाका लागि बिदाइ गऱ्यौ वा फेरि भेट्ने वाचासहित बिदा गऱ्यौ ? आज म यो काठमाडौं सहरको गल्ली-गल्लीमा भौँतारिरहेकी छु । छियाछिया भएको आफ्नो माया बोकेर, तिमीमाथि म कसरी विश्वास गरौँ ? म दोधारमा बाँचेकी छु । यदि तिमीले आफ्नो हृदयबाट निकालिसकेका छौ भने मलाई बिदाइ गर । म तिम्रो मायामा कतिपटक मर्दै बाँचेकी छु। मान्छौ भने विष देऊ नभए अमृत, म पिउन तयार छु।

**– सावित्री**

### कुपन सन्देश


पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/– अनिवार्य


## साप्ताहिक साथी



-कतै जागिर खाइरहेका २५ वर्षीय रमेश मल्ल ५ फिट ४ इन्च अग्ला छन् । बीबीएससम्म अध्ययन गरेका नम्र स्वभावका अविवाहित मल्ल विश्वासिलो साथी बनाउन चाहन्छन् । गहुँगोरो वर्णका मल्ल असल, नम्र एवं जीवनभर साथ दिने साथीको खोजीमा छन् । भक्तपुरनिवासी मल्ललाई ramesh_malla@yahoo.com मा पत्राचार गरी साथी बनाउन सकिन्छ ।



-डिप्लोमा इन सिभिल इञ्जिनियरिङको तेस्रो वर्षमा अध्ययनरत १९ वर्षीय अजित यादव अधिकारी अध्ययनलाई नै आफ्नो वर्तमान पेसा मान्छन् । ५ फिट ७ इन्च अग्ला अजित नयाँ साथी बनाउन, पत्रपत्रिका पढ्न तथा घुम्न मन पराउँछन् । गहुँगोरो वर्णका अजित असल, सुख-दुःखमा साथ दिने, घमन्ड नभएको, जातपातको भेदभाव नगर्ने तथा इमान्दार साथीको खोजीमा छन् । उनलाई लहान प्राविधिक शिक्षालय, लाहान, सिराहामा पत्राचार गर्न सकिन्छ ।



-२२ वर्षीय दिलकुमार ग्राङ्जा पेसाले जागिरे हुन् । एसएलसीसम्म अध्ययन गरेका अविवाहित दिलकुमार ५ फिट ३ इन्च अग्ला छन् । धेरै साथी बनाउन मन पराउने दिलकुमार जीवनभर धोका नदिने साथीको खोजीमा छन् । रातो वर्णका दिलकुमारलाई स्वामी चौतारी, भोजपुरमा पत्राचार गर्न सकिन्छ ।


समस्या अनेक ???
उपचार केन्द्र एक !
हर्वल पद्धतिबाट सबै प्रकारको रोग निदान

**यौन:** सबै किसिमका शारीरिक, मानसिक, यौन दुर्वलता, धातुरोग, गुप्तरोग र पुरूष-स्त्री दुवैका कारणबाट हुने निःसन्तानपन, यौनाङ्गको विकास, महिनावारीमा गडबडी आदि (पूर्ण गोप्यताका साथ)

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर, चायाँ अनावश्यक कोठी वा फोकाहरू, अनुहारको चाउरिपन, दुवी, सेतो दुवी, मोटोपन दुब्लोपन, शारिरिक बनौट तथा उचाई (निश्चित उमेरमा) ।

**कुलत:** जाँड-रक्सी, लागुपदार्थको सेवन तथा इन्जेक्सन कुलतहरू छुटाउन

**मानसिक :** निराशा, उदासिनता, मानसिक डर, भय, दिमागको बोधोपन ।

**बिना अपरेशन :** सबै किसिमका पत्थरीहरू, हाइड्रोसिल, हर्निया, अल्काई आदि ।

**दीर्घरोग:** डायविटिज, बाथ, दम, जण्डिस, कपाल झर्ने, कपालको चायाँ तथा ग्याष्ट्रिक र अल्सरको सजिलो उपचारको लागि (ग्यारेण्टीका साथ) ।

ल्याव, एक्स-रे, अल्ट्रासाउण्ड तथा इन्डोस्कोपको पनि सुविधा छ ।

**पोखरा:**
नयाँ बजार, पुरानो कर कार्यालय नजिकै, न्यू बिवेक पेट्रोल पम्प माथिल्लो तल्ला
सम्पर्क: ०६१-५३९१९४
मोवाइल : ९८४६०-४११३१

**नारायणघाट:**
भरतपुर चितवन
चौबिस कोटी ट्राफिक प्रहरी अफिस संगै
सम्पर्क: ०५६-५३१२३६,
मोवाइल: ९८४५०-२३३३५

**बुटवल:**
चौराहामार्ग, ओम मिष्ठान्न भण्डारको माथिल्लो तल्ला ।
सम्पर्क:०७१-५४८४९७,
मोबाइल : ९८४१-४९११८५

**इटहरी :**
ओम साई मनकामना आरोग्य सेन्टर इटहरी - १
सम्पर्क:०२५-५८४०८८

**फत्तेपुर :**
ओम साई मनकामना आरोग्य सेन्टर उपचार क्लिनिक
सम्पर्क:०३१-५५०११२

मातामनकामना आरोग्य केन्द्र
पुतलीसडक, काठमाण्डौं (साडी प्यालेस माथि)
फोन : ४२४०३८१, ४२२५५३५

## सातकी गृहिणी



*वि.सं. २०१७ सालमा वीरगन्जमा जन्मिएकी पुष्पा कर्ण शिक्षा क्षेत्रमा पूर्णरूपले समर्पित हुने सोचका साथ २६ वर्षदेखि शिक्षण पेशामा सक्रिय छिन् । महेन्द्र रत्न क्याम्पस, ताहाचलमा प्राध्यापनरत कर्णले त्रिभुवन विश्वविद्यालयको ईश्वरी कन्या छात्राबास, कीर्तिपुरको वार्डेनका रूपमा कार्य गरिसकेकी छिन् । श्रीमती कर्ण विभिन्न संघ-संस्थासँग आबद्ध भई शैक्षिक अनुसन्धानमा पनि संलग्न छिन् । अंग्रेजी शिक्षा विषयमा एम.एड गरेकी कर्ण अर्थशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरका सहप्रध्यापक डा. सोहनकुमारकी जीवनसंगिनी हुन् ।*

**शिक्षाप्रति लगावको कारण ?**
कलमलाई आफ्नो हतियारका रूपमा पूजा गर्ने चित्रगुप्तको सन्तान भएका कारणले होला मलाई आफ्नो विद्यालय जीवनदेखि नै शिक्षाप्रति धेरै लगाव थियो, पछि शिक्षण पेशा नै मेरो लक्ष्य हुन पुग्यो ।

**त्रिभुवन विश्वविद्यालय छात्रावास वार्डेनको अनुभव कस्तो रह्यो ?**
खासगरी विभिन्न पृष्ठभूमि र जिल्लाबाट आएका छात्राहरूसँग सम्पर्कको अनुभव राम्रै हुन्छ । त्यसमा पनि उनीहरूबीच आपसी सहयोग एवं मेलमिलापको भावनाले बस्ने र पढ्ने वातावरण पनि भएकाले त्यो अनुभव सुखद रह्यो ।

**छात्रावासको मुख्य समस्या के रहेछ ?**
अहिले देशका कुनाकाप्चाबाट पनि धेरै छात्रा पढ्न आउने गरेका छन् जसले छात्राहरूको भर्ना पहिलेभन्दा उल्लेखनीय रूपमा वृद्धि भए पनि छात्रावासको सुविधा बढेको छैन । छात्रावासको सिट सीमित हुनु नै त्यसको मुख्य समस्या हो ।

**अध्ययन-अध्यापन गराउने कार्य कस्तो लाग्छ ?**
अंग्रेजी भाषा शिक्षणमा विभिन्न चुनौतीहरू भए पनि शिक्षण पेशाप्रति सकारात्मक सोच भएकाले म यो कार्यमै रमाइरहेकी छु ।

**महिला-पुरुष बराबरीको नारा कत्तिको सार्थक पाउनुभएको छ । ?**
समानताको नारा आन्दोलनकै रूपमा सीमित छ, यसलाई शतप्रतिशत व्यवहारमा ल्याउन सजिलो पनि छैन तर पनि महिलाहरूको पक्षमा हाल प्रतिनिधिसभाद्वारा भएको ऐतिहासिक निर्णय स्वागतयोग्य छ ।उद्गम विन्दु मान्न सकिन्छ । समानताका लागि महिलाहरूले हरेक क्षेत्र, वर्ग र तहमा पुरुष सरह समान सहभागितामा नपाए देशको सन्तुलित विकास सम्भव पनि छैन ।

**तराईतिर तिलक, दाइजो प्रथा प्रचलित छ । तपाईंको अनुभव के छ ?**
हो, तराईमा यो प्रथाले सामाजिक रोगकै रूपमा जरो गाडिसकेको छ । अहिले यो पूरै समाजमा सामाजिक अपराधका रूपमा फैलिएको छ ।

**यसलाई समाधान गर्न के गर्नुपर्ला ?**
यसलाई नियन्त्रण गर्न सरकारले आवश्यक कानुन बनाई कडाइका साथ लागू गर्न आवश्यक भैसकेको छ। यो सन्दर्भमा युवावर्गले अहम् भूमिका खेल्न सक्छ ।

**छोरीलाई तिलक, दाइजो दिने र छोराको लिने सन्दर्भमा के भन्नुहुन्छ ?**
विवाहमा यस्तो किसिमको लेनदेनले विवाहपश्चात् सम्बन्ध बनाउनुभन्दा बिगार्ने काम गर्छ र यसरी बिग्रिएको सम्बन्धले भविष्य दुष्कर बनाएका कैयौं उदाहरण छन् ।

**छोरीलाई अंश दिनुपर्ने कुरामा के भन्नुहुन्छ ?**
लैङ्गिक समानताको कुरा स्वीकार गर्नेले छोरीलाई आर्थिक समानता प्रदान गर्नुपर्छ र छोराछोरीलाई समान रूपमा अंश दिनुपर्छ ।

**मैथिली महिलाहरू के कस्ता समस्याबाट गुज्रिरहेका छन् र कुन आवस्थामा छन् ?**
अन्य महिलाहरूझैं उनीहरू पनि शिक्षा, स्वास्थ्य, आत्मनिर्णय गर्ने क्षमताको अभाव, आत्मनिभरता नहुनु जस्ता समस्याबाट गुज्रिरहेका छन् । यसबाहेक परम्परागत सामाजिक मूल्य मान्यतामा केन्द्रित रहेको नीति नियमका कारण घरेलु हिंसा, बालविवाह, बहुविवाह, बलात्कार जस्ता अपराधले घेरिएर रहेका छन् ।

**महिला आरक्षणको कुरालाई कसरी लिनुभएको छ ?**
आरक्षणको कुरा धेरै आइरहेका बेला हामीले छिमेकी मुलुकमा यसबाट भएका नराकत्मक पक्षबाट पाठ सिक्नु आवश्यक छ । यसलाई भोट बैंकका रूपमा प्रयोग गरिए नकारात्मक परिणाम आउने भएकाले विशेष सतर्कताको आवश्यकता छ ।

**पहिलेको तुनलामा अहिले महिलालाई आफ्नो स्थान बनाउन कत्तिको सजिलो छ ?**
केही मात्रामा सजिलो भए पनि सामाजिक सुरक्षाको अभावमा धेरै महिला घरायसी कामकाजमै सीमित हुने अवस्था छ ।

**श्रीमान्-श्रीमती एउटै पेशामा हुँदा कस्तो लाग्छ ?**
एउटै पेशामा काम गर्दा आपसी सहयोग बढी हुनु स्वाभाविकै हो ।

**भान्सामा बस्दा कुन परिकार विशेष रूपले बनाऊँ जस्तो लाग्छ ?**
म भान्सामा प्रायः आफै खाना बनाउँछु । फुर्सदमा मीठो परिकार बनाएर परिवारसँग बसेर खानुमा आफ्नै किसिमको आनन्द हुन्छ ।

**तपाईंको रुचि केमा छ ?**
मलाई सिलाइ-कटाइ एवं पेन्टिङमा विशेष रुचि छ । अहिलेको व्यस्त जीवनशैलीका कारण धेरै काम नभ्याए पनि आफ्नो जिउमा लगाउने लुगा सिउन दर्जीकहाँ जानु नपरोस् भन्ने चाहन्छु । आफैले सिलाएको लुगा लगाउँदा बढी आनन्द महसुस गर्छु ।


**कुनै अविस्मरणीय क्षण सम्झनुपर्दा ?**
बाइस वर्षअघि सुर्खेतमा अध्यापन सुरु गर्दा जान-आउन कठिन थियो तर एक दिन एयरपोर्टबाट नेपालगन्ज सहरतिर टाँगामा जान लाग्दा एकाएक मौसम धेरै बिग्रिएर आँधीबेहेरी, असिना म र मेरो दुई महिनाको छोरामाथि बर्सियो । कहीं लुक्ने ठाउँ नपाएर म आत्तिएको क्षण कहिल्यै बिर्सन सक्दिन ।

**मृत्युदेखि डर लाग्छ ?**
मृत्युभन्दा ठूलो यथार्थ त संसारमा अरू केही छैन । यो कुरा हामी सबैले बुझेका छौं तर पनि मृत्युदेखि डराउनु मानव स्वभाव हो । त्यस कारण मलाई पनि डर लाग्दैन भन्न सक्दिन ।

**महिलाहरूलाई केही भन्न चाहनुहुन्छ ?**
सबैभन्दा पहिले महिला शिक्षित भए, उनीहरूमा यति आत्मविश्वास र इमानदारिता हुन्छ कि उनीहरूले हरेक क्षेत्रलाई आफ्नो कर्मभूमि बनाउन सक्छन्, मात्र उचित वातावरण, सहयोग र सद्भावको खाँचो छ ।

**–संगीता कटुवाल**

## पारिवारिक स्वास्थ्य





योनी मार्ग तथा रेक्टमबीचको भागमा प्वाल परी योनी मार्गबाट दिसा आउनुलाई भेसिको भेजाइनल फिस्टुला भनिन्छ । प्रसव अवधि लामो भएमा अथवा प्रसव अवस्थामा दिसा-पिसाब खाली नगराएमा शिशुको टाउको घस्रिएर योनिमार्ग तथा मलद्वारा बीच प्वाल पर्न गए यस प्रकारको समस्या उत्पन्न हुन्छ । यसबाट बच्न प्रसव अवस्थामा दिसा-पिसाब खाली गराइरहनुपर्छ । प्रसवको दोस्रो चरणलाई लामो समयसम्म राख्नु हुँदैन । यस्ता समस्याको समाधान शल्यक्रियाबाट मात्र सम्भव हुन्छ ।

**योनीस्राव** : सामान्यतया प्रसवको अन्तिम चरणमा योनीस्राव भैरहन्छ तर विशेषगरी प्युबरटी उमेरमा, गर्भावस्थामा ओभुलेसन हुने समयमा तथा रजस्वला हुनुभन्दाअघि सामान्यभन्दा बढी श्राव हुन्छ । यसलाई असामान्य मानिदैन तर सामान्यभन्दा बढी लगातार रूपमा भै अरू पनि लक्षण देखिएमा त्यसलाई लुक्योरिया भनिन्छ ।

**कारण** : पाठेघरको मुख तथा योनीमा संक्रमण भएमा कारणवश योनीमा रक्तसञ्चार बढी भएको अवस्थामा, योनीभित्र रिङ पेसरीहरू राखिंदा एवं पेल्भिक इन्फ्लामेटरी रोग लागेको अवस्थामा यो समस्या देखापर्छ ।

**व्यवस्थापन** : संक्रममणको शंका हुनेबित्तिकै योनीस्रावको परीक्षण गर्नुपर्छ । कारणहरू पत्ता लगाई त्यसलाई हटाउने प्रयास गर्नुपर्छ । यदि संक्रमण भएको छ भने विभिन्न लक्षण देखिन्छन्, जस्तै– गन्हाउने किसिमको हरियो, गुलाबी अथवा सेतो रंगको योनीस्राव हुन्छ । योनी हेर्दा रातो देखिन्छ, चिलाउँछ तथा घाउ हुन्छ तथा तल्लो पेट अथवा ढाड दुख्छ ।

**भग चिलाउनु** : भग चिलाउनु भनेको विभिन्न प्रकारको रोगको लक्षण देखापर्नु हो । जसका निम्न कारण छन् । कुनै प्रकारको रोगको कारण जस्तै- मधुमेह, जन्डिस, युरिमिया आदि । प्रसस्त योनीस्राव भएको खण्डमा शरीरमा भिटामिन ए, बी तथा आइरनको कमी भएमा, रक्तअल्पता भएमा, छालासम्बन्धी रोगका जस्तै- लुतो आएमा, चुम जुम्रा परेमा, कुनै पनि औषधीको रिएक्सन भएमा, भगको क्यान्सर भएमा । मानसिक अस्वस्थताबाट पनि बिना कारण भग चिलाई मानिसको सामु बस्न समेत अप्ठेरो पर्न गई मानसिक स्वास्थ्यमा प्रभाव पर्नुका साथै यौन सम्पर्कमा बाधा पुगी दाम्पत्य जीवनमा समेत उतार-चढाव उत्पन्न हुन्छ । राति निद्रा पर्दैन । लाज एवं संकोचका कारण उपचार नगराउँदा समस्या बढ्दै जान्छ । भग कन्याउँदा घाउ भई संक्रमण पनि हुन्छ ।

**उपचार** : भग चिलाउनुको कारण पत्ता लगाई छिटो उपचार गर्नुपर्छ । योनीको सफाइमा ध्यान दिनुपर्छ । मनतातो पानीमा डिटोल अथवा स्याभलन राखेर गुप्ताङ सफासँग धुनुपर्छ । सफा पेन्टी तथा प्याड प्रयोग गर्नुपर्छ । अरूका भित्री पहिरन प्रयोग गर्नु हुँदैन । कुनै एलर्जीले गर्दा यो समस्या देखापरेको हो भने त्यसको उपचार गर्नुपर्छ । यदि निको नभएमा स्त्री रोग विशेषज्ञकहाँ जूचाउनुपर्छ ।

**सर्भिसाइटिस**: गर्भपतन अथवा प्रसव भैसकेपछि विशेष पाठेघरको मुखमा संक्रमण हुने अवस्थालाई सर्भिसाइटिस भनिन्छ । प्रसवको बेलामा पाठेघरको मुख च्यातिएमा, धस्सिएमा वा कुनै औजारको प्रयोग गरी जवर्जस्ती बच्चा निकाल्दा अथवा पाठेघरको सफाइमा त्रुटी भएमा पनि संक्रमण हुन्छ ।

**लक्षण** : योनीस्रावमा पीप देखापर्छ । स्पेकुलम लगाएर हेर्दा पाठेघरको मुख रातो, सुन्निएको अथवा घाउ पनि देख्न सकिन्छ । यौनसम्पर्क गर्दा दुख्छ भने सम्पर्क पछि रगत देखापर्छ । छाम्दा तल्लो पेट तथा ढाड दुख्छ । तल्लो पेट भारी भएर दुखिरहन्छ ।

**उपचार** : यौनाङ्ग सफा गरेर एन्टिसेप्टिक लगाउनुपर्छ । पौष्टिक आहारहरू खानुपर्छ । गुप्ताङको सरसफाइमा पर्याप्त ध्यान दिनुपर्छ । सहवासअघि पुरुषले पनि गुप्ताङ सफा गर्नुपर्छ ।

**–गीता भुजेल**

## कर्ल ब्यूटी



के आफूलाई बिल्कुलै नयाँ रूप दिन चाहनुहुन्छ ? अरूभन्दा भिन्न कामुक तथा ट्रेडी देखिन चाहनुहुन्छ भने कर्ली केशले तपाईंलाई सहयोग पुऱ्याउन सक्छ । यसले एकदम भिन्न लुक दिनुका साथै केशले पनि नयाँ स्टाइल पाउँछ । यदि केश प्राकृतिक रूपले नै कर्ली छ भने त समस्या नै भएन, तर यदि छैन भने केशलाई पर्म गराउनुपर्छ ।

के कुरामा ध्यान दिनुपर्छ भने केश सधैं कुनै विशेषज्ञको हातबाटै पर्म गराउनुपर्छ । किनभने पर्म गर्दा केशमा केमिकल प्रयोग गरिन्छ । थोरै लापरवाहीले पनि केशलाई हानि पुऱ्याउन सक्छ । यसबाहेक पर्म गरेको केशलाई बढी हेरचाह गर्नुपर्छ ।

**पर्म गरेको केशको हेरचाह**

– पर्म गरेपछि केशमा स्याम्पु तथा कन्डिसनर गर्नु आवश्यक छ। केशको हेरचाह गर्ने दैनिकी नै बनाउनुपर्छ।

– कहिलेकाहीं पर्म गरिएको केशलाई पोषणको पनि आवश्यकता पर्छ । यसले केशलाई स्वस्थ बनाउँछ ।

– पर्म गरेपछि केशलाई बेला-बेलामा ट्रिम गरिरहनुपर्छ ।

केशलाई पर्म गरेपछि स्टाइलिङ गर्न निकै सजिलो हुन्छ । दिउँसो त कुनै पनि स्टाइल बनाउने आवश्यकता हुँदैन । केश धोइसकेपछि यसलाई खुला छाडेर त्यसै सुक्न दिनुपर्छ । यसो गर्दा केशले प्राकृतिक सौन्दर्य पाउनेछ । राति पार्टी जानु छ भने पर्म गरिएको केशलाई माथि लगेर बाँध्न सकिन्छ । यसो गर्दा सुन्दर त देखिन सकिन्छ नै, साथै यसले शरीरको उचाइ पनि बढी देखिन्छ । पर्म गरेको केशलाई कुनै पनि स्टायलमा ढाल्न सकिन्छ ।

## फेसन स्टाइल



जाडो महिनाका गऱ्हौं एवं बाक्ला पहिरन गर्मी सुरु हुन लाग्दा नलाग्दै दराजमा थन्किन पुग्छन् तथा ती पहिरनतिर आँखा पुग्छ जसले मौसम रमाइलो बनाउँछ । गर्मीमा पहिरन छनौट गर्दा रंग र टेक्स्चर दुवैलाई ध्यान दिनुपर्छ । हल्का नीलो, गुलाफी, हरियो तथा पहेंलो रंगले शरीरलाई शीतल अनुभव गराउँछन् । रंगका साथै कपडाको टेक्स्चर पनि त्यस्तै हुनु आवश्यक छ । सिन्थेटिक पहिरनमा हावा आवात-जावत गर्न पाउँदैन, यस्तो कपडाले छालालाई हानि पुऱ्याउँछ । यस्ता कपडाका पहिरन लगाउँदा शरीरमा पसिना त धेरै आउँछ तर उक्त पसिना सजिलै सुक्न पाउँदैन ।

हल्का सुती कपडा अहिलेको मौसमका लागि उपयुक्त छ । सुती कपडामा हावाको आवत-जावत निर्वाध हुन्छ र शरीरको तापमान पनि अनुकूल रहन्छ । हाफ स्लिब्ज, कट स्लिब्ज, लो कट पहिरनले गर्मी कम गर्छ । चर्को घाममा निस्कँदा जति गर्मी भए पनि पूरै शरीर ढाकेर निस्कनुपर्छ । यसो गर्दा छाला डढ्ने, कालो हुने तथा झोल्लिने समस्याबाट बच्न सकिन्छ तथा पसिना आउनाले शरीरलाई चिसो पनि प्राप्त हुन्छ ।

**–अरुणा भट्टराई**

## एन्टिबायोटिक गलत प्रयोग

शरीरमा प्रवेश गरेका सूक्ष्म जीवाणुलाई मार्ने तथा त्यसको वृद्धि-विकासलाई कम गर्ने औषधीलाई एन्टिबायोटिक भनिन्छ । हाल बजारमा विभिन्न किसिमका एन्टिबायोटिक बिक्री-वितरणमा छन् । तिनको प्रयोग सही तरिकाले गर्न सकेको खण्डमा त्यसले निकै नै राम्रो काम गर्छ तर जथाभावी अर्थात् लापरबाहीपूर्वक गरिएको प्रयोगले निश्चित रूपमा नराम्रो असर गर्छ ।

एन्टिबायोटिकको प्रयोग सकभर नगर्नु नै वेश हुन्छ । नगरी नहुने भए चिकित्सकको सल्लाहअनुसार सकभर सामान्य खालको एन्टिबायोटिक नियमपूर्वक खानुपर्छ, अर्थात् पाँचदेखि सात दिनसम्म छ-छ घन्टाको फरकमा नबिराई सेवन गर्नुपर्छ । एन्टिबायोटिकको मात्रा पूरा भएन अथवा अनियमित ढंगले सेवन गरे रोगको जीवाणुले औषधीलाई पचाइदिन्छ । फलस्वरूप औषधीले जीवाणुलाई कुनै असर गर्न सक्दैन । यस्तो अवस्थालाई रेसिस्ट भनिन्छ । यदि कुनै एन्टिबायोटिक औषधीको रेसिस्ट भए त्योभन्दा कडा खालको एन्टिबायोटिक सेवन गर्नुपर्ने हुन्छ । यसो गर्दा खर्च पनि बढी लाग्छ र शरीर पनि कमजोर हुन्छ ।



कडा खालका एन्टिबायोटिकको प्रयोगले शरीरमा फोकाहरू देखापर्ने, चिटचिट पसिना निस्कने, स्वासप्रस्वासमा अवरोध आउने, छालाको रंग परिवर्तन हुने, केश तथा रौंहरू झर्ने, मृगौलामा असर पर्ने आदि शारीरिक गडबडीहरू देखापर्न सक्छन् ।

क्षयरोगका औषधी नियमित रूपमा सेवन नगरे रेसिस्टेन्ट टेलिभिजन हुन्छ यो टेलिभिजन एकबाट अर्कोमा सऱ्यो भने निको पार्न सकिंदैन । यस्तो स्थितिमा ज्यान जोगाउन ३ लाख डलर बराबरको औषधी सेवन गर्नुपर्छ, त्यो पनि जिन्दगीभर ।

औषधी ऐन २०३५ ले औषधीलाई क, ख र ग समूहमा समूहीकृत गरेको छ । जसमा समूह क र ख समूहका औषधी चिकित्सकको प्रेस्क्रिप्सन बिना बिक्री-वितरण गर्न नमिल्ने कुरा उल्लेख छ । तैपनि हिंजोआज औषधी पसलहरूमा समूह क र खका औषधीहरू खुलेखाम बिना पेस्क्रिप्सन बिक्री-वितरण भैरहेका छन् । औषधी व्यवस्था विभाग भन्छ- एन्टिबायोटिक समूह 'ख' अन्तर्गत पर्छ तसर्थ एन्टिबायोटिक औषधी आफूखुसी बिक्री गर्न वा किन्न मिल्दैन यदि यसो गरे औषधी ऐनको बर्खिलाप मात्र हुँदैन, औषधी ऐन २०३५ बमोजिम कारबाही हुन सक्छ ।

बिरामीहरूले पनि आफूखुसी एन्टिबायोटिक प्रयोग गर्नुहुँदैन । चिकित्सकहरूले पनि आफ्नो विश्वासनीयता बढाउन कडा तथा एकै पटकमा धेरै खालका एन्टिबायोटिक औषधी खाने सल्लाह दिन्छन् । यस्ता क्रियाकलापले चिकित्सकलाई लाभ पुऱ्याए पनि बिरामीलाई भने प्रतिकूल असर गरिरहेको हुन्छ । एन्टिबायोटिक जस्ता कुनै पनि औषधी प्रयोग गर्नुअघि त्यसको असर तथा प्रयोग विधिसम्बन्धी विस्तृत जानकारी राख्नु आवश्यक छ ।

**–प्रदीप तिमिल्सिना**

# मन सुन्दर भए तन पनि सुन्दर रहन्छ


तस्विर : परिचय डटकम

म मोटी छु, म दुब्ली छु, मेरो दाँत राम्रो छैन, मेरो नाक थेप्चो छ, भगवान्ले मलाई यो के बनाइदिए.... । यदि आफ्नो शरीरका बारे यस्तै सोचिन्छ भने यसले मन पनि हतोत्साहित हुन्छ जसले शरीरमा पनि नराम्रो प्रभाव पार्छ । निराशावादी दृष्टिकोण वा सोचले तनाव बढाई व्यक्ति हीन भावनाको सिकार बनाउँछ जसले रोगको सिकार पनि बन्न पुगिन्छ । सधैं के सोच्नुपर्छ भने हाम्रो शरीर भगवान्ले दिएको सबैभन्दा अनमोल तथा सुन्दर उपहार हो ।

आफ्नो शरीरका बारेमा जतिबेला पनि सकारात्मक सोच राख्नुपर्छ किनकि यस्तै सोचले नै शरीरमा पनि सकारात्मक प्रभाव पर्छ । अरूका बारेमा सोच्न बन्द गरेकै राम्रो हुन्छ । अरूले आफ्ना सम्बन्धमा के सोच्छन् भन्ने कुरामा चिन्ता लिनुहुँदैन । सधैं सकारात्मक सोच्नुपर्छ । हराभरा धर्ती, जीवजन्तु, धारा, पँधेरा, फूल, पुतली, आहा ! कति सुन्दर छन् । म पनि त प्रकृतिको नै एक रचना हुँ । म जस्तो पहिरनमा पनि राम्रो देखिन्छु । मेरो मीठो मुस्कान, आँखा र कालो कपाल, मेरो सपना जिन्दगी कति रमाइलो छ, ममा पनि कति राम्रा गुण छन्, फेरि पनि म आफैमा विश्वास किन नगरौं ? यस्तो सोचले आत्मविश्वास जगाउँछ र हीन भावनाको विकास हुन दिँदैन । आफ्ना बारेमा मात्र होइन कि सबैका बारेमा सकारात्मक सोच राख्नु आवश्यक छ ।

**चरित्र र व्यवहारमा पनि राम्रो बन्ने**

जसको चरित्र नै राम्रो छैन उसको व्यक्तित्व कहिल्यै राम्रो हुन सक्दैन । आफ्नो चरित्रमा खोट लगाउने कुनै पनि चाल्नुहुहँदैन । किनकि एकपटक चरित्रमा लागेको दागलाई मेटाउन गाह्रो हुन्छ । राम्रो व्यवहारले मानिसको सुन्दरतामा निखार थप्छ । त्यसैले व्यवहारमा पनि सुन्दर बन्ने प्रयास गर्नुपर्छ । मीठो बोली, उठ्ने, बस्ने, राम्रो शैली, अनुशासन, रचनात्मक सोच आदि यस्ता गुण हुन् जसले कुनै पनि मानिस राम्रो बन्न सक्छन् । झूटो बोल्ने, गाली गर्ने, रिसाउने अरूको कुभलो सोच्ने, अर्काको खिल्ली उडाउने, घमण्ड गर्ने आदि यस्ता गुण हुन् जसले राम्रो चरित्रका मानिसलाई समेत चरित्रहीन बनाइदिन सक्छ ।

शरीर नै हाम्रो ठूलो सम्पत्ति हो । यसलाई दुरुस्त राख्न ज्यादै आवश्यक छ । स्वस्थ शरीरमा नै सुन्दरताले बास गर्छ तर आफू अल्छी भएमा केही पनि गर्न सकिंदैन । छरितो देखिन डाइटिङको कडा नियम पनि हानिकारक हुन सक्छ । सक्रिय रहने, कार्य गरेर फिट रहन पौष्टिक तथा सन्तुलित खाना, भरपुर निद्रा तथा तनावमुक्त जीवन आवश्यक छ ।

**सधैं प्रसन्न रहने**

हँसिलो स्वभावले सबैको मन जित्न सकिन्छ । हँसिलो मुहारले सबै दुःख हर्छ, त्यसैले जति नै तनावयुक्त जिन्दगी भए पनि हँसिलो मुस्कानका साथै जिन्दगीको यात्रा अगाडि बढाउनुपर्छ । जब पनि तनाव हुन्छ त्यसबाट जतिसक्दो चाँडो मुक्त हुने प्रयास गर्नुपर्छ । यसका लागि संगीत, खेल, कुराकानी आदिको सहायता लिन सकिन्छ । प्रसन्न रहनु स्वास्थ्यका लागि लाभदायक हुन्छ । खुसी रहे शरीर पनि सुन्दर हुन्छ, जसले रोगको आक्रमणबाट पनि जोगाउँछ ।

## आफूलाई कसरी आकर्षक बनाउने ?


तस्विर : साइबर संसार डटकम

मेरो वर्ण गोरो भए म पनि सबैको आकर्षणको केन्द्र हुन्थें तर म त काली छु, त्यसैले होला मप्रति कसैले ध्यान नदिएको- सबै क्षेत्रमा यस्ता अनेक महिला हुन्छन् जो अरूको ध्यान आफूतिर आकर्षित गर्न चाहन्छन् तर विभिन्न कारणले उनीहरू यसो गर्न सकिरहेका हुँदैनन् । कारणहरू त धेरै हुनसक्छन् तर ती कारण पत्ता लगाएर समाधान खोज्नेतर्फ भने कसैले पनि ध्यान दिंदैनन् । वास्तवमा अरूको माझ आफ्नो उपस्थिति र अरूलाई आफूतिर आकर्षणको केन्द्र बनाउन कुनै पनि कुरा बाधक हुँदैनन् । केवल आफूप्रति ध्यान दिने तथा अलिकति परिवर्तन हुने हो भने समस्याको समाधान सरल छ । यस्ता केही टिप्सहरू छन् जसलाई पालना गरे आफूलाई आकर्षक बनाउन अप्ठ्यारो पर्दैन ।

**स्वस्थ्य छाला**

छालाको स्याहारमा पर्याप्त ध्यान दिने । आफ्नो वर्ण जस्तो भए पनि अनुहारमा आकर्षण हुनु आवश्यक छ । त्यसैले खानामा हरियो सागसब्जी तथा फलफूलको सेवन बढाउनुपर्छ, पर्याप्त मात्रामा निदाउने। त्यस्तै छालामा साबुनको प्रयोग सकेसम्म कम गर्ने, प्रयोग गर्नै परे बेसनले अनुहार धुने। हप्तामा एकपटक घरेलु फेस प्याक प्रयोग गर्ने।

**सुन्दर केश**

कसैको हेयर स्टाइले पनि व्यक्तित्वमा धेरै परिवर्तन ल्याउँछ, त्यसैले हेयर स्टाइलिस्टसँग परामर्श गरेर आफूलाई सुहाउँदो स्टायल बनाउने । यसका साथै केशको सरसफाइमा भरपूर ध्यान दिने । हप्तामा एकपटक तेल मसाज गर्ने केशको समस्यामा लापरबाही नगरी उपचार गराउने । केशको उपचार दही, कागती, मेहन्दी तथा कफी अत्यन्त लाभदायक हुन्छन् ।

**पहिरनको चयन**

पहिरन सोच-विचार गरेर मात्र किनुपर्छ । रंग त्यही लिने जसले आफ्नो व्यक्तित्वमा अझ निखार ल्याओस् । यदि आफ्नो व्यक्तित्वप्रति सचेत हुने हो भने सुहाउँदो पहिरनतर्फ अवस्य ध्यान दिनुपर्छ ।

**आकर्षक फिगर**

आकर्षक देखिन राम्रो फिगर आवश्यक छ । जसले व्यक्तित्वमा निखार थप्छ र सुन्दर पनि देखिन्छ । यदि फिगर राम्रो छ भने बिना श्रृंगार पनि अरूलाई आकर्षित गर्न सकिन्छ । व्यायाम तथा सन्तुलित खाना आदिको सहायताबाट आफ्नो फिगरसन्तुलित राख्न सकिन्छ ।

**व्यक्तित्वमा निखार**

आफूलाई आकर्षक बनाउन व्यक्तित्वमा यस्तो क्षमता हुनुपर्छ जसको जो कोहीले प्रशंसा गरून् । यसका लागि सबैभन्दा आवश्यक कुरा आत्मविश्वास हो । आत्मविश्वास कुरा गर्ने शैलीबाट पनि उजागर हुन्छ । त्यसैले जब कसैसँग भेटघाट हुन्छ सभ्य व्यवहार तथा मीठो मुस्कानका साथ हात मिलाउनुपर्छ । यस्तो व्यवहारले अरूको मन जित्न सकिन्छ ।

यी सबै स-साना तथा कम महत्त्वका कुरा देखिन्छन् तर यस्तै स-साना कुराको ख्याल राख्न नसके जीवनमै ठूलो हार खानुपर्छ । सौन्दर्य आफैंभित्र हुन्छ, सुकार्य गरेर आफूलाई अरूका अगाडि आकर्षक ढंगबाट प्रस्तुत गरे अघि बढ्न कुनै अप्ठ्यारो पर्दैन ।

**– संगीता कटुवाल**

## श्रीमान् वा प्रेमीलाई कसरी खुसी राख्ने ?


दाम्पत्य जीवनमा स-साना कुराको पनि ठूलो महत्त्व हुन्छ । दाम्पत्य जीवनमा झिनामसिना कुराले पनि ठूलो प्रभाव पार्छ ।

- प्रेम प्रदर्शन गरेरमात्र हुँदैन । श्रीमान्लाई माया गर्छु भन्ने अनुभव पनि गराउनुहोस् । उसको माया र सहयोगको प्रशंसा गर्नुहोस् जसबाट आफूलाई पनि सन्तुष्टि एवं खुसी प्राप्त हुन्छ ।
- श्रीमान् कार्यालयबाट घर फर्कने बेलामा खाजा तयार गर्नुहोस् । मुस्कानसहित स्वागत गर्नुहोस् । गर्मी छ भने पंखा चलाइदिनुहोस् । विस्तारै शरीर मुसारेजस्तो गर्नुहोस् ।
- बाहिरबाट आफ्ना लागि के लिएर आयो भन्ने आशा नगर्नुहोस् । आउनेबित्तिकै केही माग्ने, कचकच गर्ने र झर्कने काम नगर्नुहोस् ।
- समय-समयमा जीवनशैली परिवर्तन गर्नुहोस् । विशेष अवसरमा विभिन्न ठाउँमा घुम्न जानुहोस् । बिहान पनि सँगै चिया-नास्ता खानुहोस् । श्रीमान् उठ्नुभन्दा पहिले उठेर विभिन्न परिकार तयार गर्नुहोस् ।
- राम्रो प्रेमपत्र लेख्नुहोस् ।
- थाकेको अनुभव हुँदा साँझ जिरोवाटको बत्ती बालेर गीत-संगीतको मधुर ध्वनिसँगै सुगन्धित तेल दलेर एक-अर्काको शरीर मालिस गरेर थकाइ मेटाउनुहोस् ।
- कुनै बेला केशमा काइँयो लगइदिनुहोस् ।
- श्रीमान्का कुरा सुन्नु भनेको श्रीमान्को मनलाई बुझ्नु हो । त्यसैले श्रीमान्का कुरा बुझ्ने गरी सुन्नुहोस् र ग्रहण गर्नुहोस् ।
- धरानियाँ परिवारकी छोरी हुँ भनेर घमण्ड नगर्नुहोस् । अनावश्यक खर्च पनि नगर्नुहोस् । मासिक आम्दानीअनुसार घर-व्यवहार चलाउनुहोस् ।
- उपहारमा उसलाई मनपर्ने वस्तु दिनुहोस् । धेरै महँगो उपहार दिएमात्र प्रेम प्रगाढ हुन्छ भन्ने कुरा नसोच्नुहोस् ।



- अवसर निकालेर घुम्न जानुहोस् । एकान्तबाट नै एकअर्काका बारे थाहा पाउन वा भावना बुझ्न सहयोग मिल्ने हुनाले भेटघाट गर्नुहोस् ।
- एकाअर्कामाथि विश्वास गर्नुहोस् । केही कुरामा शंका भए शिष्ट र नम्र शैलीमा सोधेर शंका निवारण गर्नुहोस् । मतभेद हटाई सहमतिको बाटो पहिल्याउनुहोस् ।

## प्रेममा इज्जत र सम्मान



प्रेमी-प्रेमिकाहरू एक-अर्कालाई माया गर्छन् । यसरी वर्षौंवर्षसम्म दुई हृदयबीच कायम रहेको नाता किन एकै दिनमा भताभुङ्ग हुन पुग्छ ? किन उनीहरू लक्ष्यसम्म पुग्न सक्दैनन् ? एकले अर्कालाई माया गरे पनि किन बिछोड हुन पुग्छ ? कारण बुझ्दा, पैसा, धनी-गरिबबीचको दूरी, जातभातको परम्परा, इच्छामा परिवर्तन, अरूसँग सम्बन्ध विस्तार, एक-अर्काको विचारसँग मेल नखाने काम, काममा व्यस्तता आदि प्रेमी-प्रेमिकाबीचको सम्बन्धमा चिरा पर्ने कारणका रूपमा रहेको बुझिन्छ ।

यस्ता अनेक कारणमध्ये एक-अर्कालाई सम्मान र इज्जत नगर्नु पनि एक कारण हो, जसले गर्दा प्रेमी-प्रेमिकाले एक-आपसमा धेरै माया बाँडे पनि पछि सम्बन्धमा दरार उत्पन्न हुन थाल्छ र प्रेमी-प्रेमिका सदाका लागि एक-अर्काबाट टाढा हुन पुग्छन् । त्यसैले प्रेम सम्बन्धलाई स्थायित्व दिन तथा त्यसलाई अझ बढी प्रगाढ बनाउन एकले अर्कालाई सम्मान दिनु आवश्यक छ । प्रेमी-प्रेमिकाले विचार गर्नुपर्छ– एकले अर्कालाई सम्मान गर्ने भूमिकामा कुनै कमी-कमजोरी नरहोस् ।

विशेष अवसरहरूमा हिजोआज मोबाइल र इन्टरनेटबाट सन्देश प्रवाह गर्ने तथा सम्पर्क गर्ने चलन भए पनि एक-अर्कासमक्ष उपस्थित भएर कुनै कुराका लागि आग्रह गर्नु अथवा कार्ड वा हस्तलिखित पत्र पठाएर निम्ता दिनुले बेग्लै महत्त्व राख्छ । त्यसैले महत्त्वपूर्ण अवसरहरूमा आफ्ना मायालुलाई नबिर्सी इज्जतका साथ शुभकामना, निम्ता एवं सम्झनाका उपहारहरू पठाउनुपर्छ ।

यदि प्रेमी-प्रेमिका बाहिर जान लागेका छन् भने इज्जतका साथ अगाडि गएर ढोका खोलिदिनुहोस्, हुस्सुजस्तो एकै ठाउँमा नबसिरहनुहोस् वा गएपछि ढ्याम्म ढोका बन्द गरिदिनुहोस् । यस्तो व्यवहार गर्नुभयो भने उसले आफ्नो बेइज्जति भएको अनुभव गर्नेछ र पछि सम्बन्धमा असर पर्ने हुन सक्छ । प्रेमिका वा प्रेमीसँग कुराकानी गर्दा मीठो वचन बोल्नुहोस् । रोमान्टिक कुराकानी वा वार्तालाप गर्दा पनि शिष्ट शैली अपनाउनुहोस् । छाडा शब्द र अशिष्ट व्यवहारले सम्बन्धमा विषको काम गर्ने भएकाले बोलीचालीका क्रममा आफ्ना साथीहरूबीच प्रयोग गरिने शब्द प्रयोग वा व्यवहार प्रदर्शन नगर्नुहोस् ।

प्रेमी-प्रेमिकाको जरुरी काम गरिदिनु कुनै ठूलो कुरा होइन तर कडा, घाम वा वर्षातका बेला उसलाई छाता ओढाउनु ठूलो सहयोग हुन्छ । यसले प्रेमी-प्रेमिकाबीच आत्मीयता बढ्छ र प्रेमसम्बन्ध अझ प्रगाढ हुन्छ ।

टेलिभिजनमा साथीलाई मन पर्ने कुनै कार्यक्रम आउँदा रिमोट लिएर च्यानल परिवर्तन गर्ने, केटाहरूले बढी उत्तेजक एवं अश्लील कार्यक्रम हेर्ने तथा केटीहरूले बढी टेलीश्रृंखलामा जोड दिने काम नगर्नुहोस्, बरु दुवैलाई मन पर्ने कार्यक्रम वा ज्ञानगुनका कुरा, स्वस्थ मनोरञ्जन समावेश भएको कार्यक्रम हेर्नुहोस् ।

सबैका सामुन्ने आफ्नासाथी वा प्रेमी-प्रेमिकाको आलोचना वा कुनै कामका बारेमा नकारात्मक टिप्पणी नगर्नुहोस् । समस्याका बारेमा एकान्तमा उसैलाई भन्नुहोस्, अरूसँग कुरा काटेर नहिंड्नुहोस् । रिस र आवेगमा आफूमाथि नियन्त्रण राख्न सिक्नुहोस् । यस्तो कदमले प्रेममा मात्र नभएर धेरै कुरामा सफलता हात पार्न मद्दत मिल्नेछ ।

**–भोला**

यदि प्रेमी-प्रेमिका बाहिर जान लागेका छन् भने इज्जतका साथ अगाडि गएर ढोका खोलिदिनुहोस्, हुस्सुजस्तो एकै ठाउँमा नबसिरहनुहोस् वा गएपछि ढ्याम्म ढोका बन्द गरिदिनुहोस्। यस्तो व्यवहार गर्नुभयो भने उसले आफ्नो बेइज्जति भएको अनुभव गर्नेछ र पछि सम्बन्धमा असर पर्ने हुन सक्छ। प्रेमिका वा प्रेमीसँग कुराकानी गर्दा मीठो वचन बोल्नुहोस्।

## एएफसी यू-१७ च्याम्पियनसिप

# राम्रो प्रदर्शन, खराब नतिजा

अजय हमाल, सिंगापुर

नेपालको युथ-१७ फुटबल टिम नयाँ पुस्ताको सर्वाधिक आशालाग्दो टिम हो । लगातारको सफल प्रदर्शनका कारण आशा नगर्नु पनि कसरी ? तर, सिंगापुरमा सम्पन्न एएफसी यु-१७ च्याम्पियनसिपले यु-१७ का खेलाडीहरूको प्रदर्शनमा प्रश्नचिह्न खडा गरेको छ ।

प्रदर्शन आफ्नो ठाउँमा छ, फुटबलमा चाहिने भनेको नतिजा हो । खेल प्रत्यक्ष रूपमा हेर्नेलाई प्रदर्शनले केही हदसम्म सान्त्वना दिन्छ । नहेर्नेका लागि उत्कृष्ट प्रदर्शनको साक्षी नतिजा नै हो । च्याम्पियनसिपमा नेपाल नतिजाको हिसाबले धेरै तल पऱ्यो ।





नेपाली टिमले पहिलो चरण पार गरेर १६ राष्ट्र सम्मिलित अन्तिम चरणमा पाइला टेकेकाले पनि प्रदर्शन र नतिजा राम्रै आउने अनुमान थियो । जापान, दक्षिण कोरिया तथा आयोजक सिंगापुर सम्मिलित समूह 'ए' मा नेपालले नमीठो पराजय बेहोर्दै स्वदेश फर्कियो ।

प्रतियोगिताको 'ड्र' निस्कँदा नै नेपाली टिम मानसिक रूपमा पराजित भैसकेको थियो । मलेसियामा १० दिन लामो वैदेशिक प्रशिक्षणले भने नेपाली टिमको मनोबल केही उच्च पारेको थियो । त्यहाँ नेपालले च्याम्पियनसिपमा भाग लिने यमन र साउदी अरेवियासँग मैत्रीपूर्ण खेल खेलेको थियो । त्यसमा पनि दुवै टिमसँग नेपाली टिम पराजित भएको थियो ।

पराजयको मुख्य कारण सानो गल्तीले भएको र त्यसलाई सुधार गर्न सकिने भएकाले पनि च्याम्पियनसिपमा राम्रो गर्न सकिने कुरामा नेपाली टिम आशावादी थियो । मैत्रीपूर्ण खेलले खेलाडीको मनोबलसमेत उच्च पारेको थियो । अर्को मैत्रीपूर्ण खेलमा नेपालले च्याम्पियनसिपमा सहभागी नभएको मलेसियालाई बराबरीमा रोकेको थियो ।

खेलाडी पनि मैत्रीपूर्ण खेलमा गरेका गल्ती नदोहरिने वाचा गर्दै उच्च मनोबल बोकेर सिंगापुरतर्फ लागेका थिए । यु-१७ टिम अहिलेसम्मकै उत्कृष्ट मानिएकाले च्याम्पियनसिपमा बलियो दाबेदारी प्रस्तुत हुने अनुमान पनि थियो । नेपाली टिम पहिलो खेलमा जापानविरुद्ध उत्रिएको थियो, तर उक्त खेलमै नेपालले तीतो अनुभव बटुल्यो । त्यसमा नेपालले शून्यका विरुद्ध ६ गोलको ठूलो अन्तरको पराजयको सामना गऱ्यो । नेपाली टिमले जापानका लागि जुन रणनीति बुनेको थियो, त्यो सबै भताभुङ्ग भयो । पहिलो हाफसम्म २ गोलले पछि परे पनि तीन चौथाई समयसम्म नेपालले तीन खेलमध्येकै उत्कृष्ट प्रदर्शन गरेको थियो ।

अघिल्ला दुई गोल पनि जापानी टिमको ठूलो प्रयासले नभई नेपाली खेलाडीको गल्तीका कारण भएका थिए । उक्त खेलमा नेपाली खेलाडी शारीरिक रूपमा साँच्चिकै फिट नरहेको पुष्टि भयो । जापानले ९० मिनेटनै एउटै गतिमा फुटबल खेल्यो । नेपाली खेलाडीहरूले पछिल्लो एक चौथाइ समयमा केही गर्न सकेनन् ।

खेलपछि जापानी प्रशिक्षक हिरोसी जोफुकुले भनेका थिए- 'हामीले नेपाललाई थकायौं र सजिलै खेल्यौं ।' उनले नेपाली खेलाडीको प्रदर्शनको प्रशंसासमेत गरे । प्राविधिक रूपमा नेपाली खेलाडीले पनि नराम्रो खेलेका होइनन् । शारीरिक फिटनेस, मानसिक दबाब तथा पर्याप्त अनुभवको कमी पनि नेपाली टिमको पराजयको मुख्य कारण बन्यो ।

जापानलाई बराबरीमा रोक्न सफल सिंगापुरसँगको खेलमा नेपालले कुनै दबाब महसुस गरेन । जापान तथा दक्षिण कोरिया विश्वकप खेल्ने राष्ट्र भएकाले पनि नेपाली टिमको मनोबल घटेको थियो । जापान राम्रो टिम थियो तर पनि नेपाल छ गोलले पछि पर्ने टिम थिएन ।

सोही समूहमा पनि नेपाल बाहेक अरूले जापानसँग प्रतिस्पर्धात्मक नतिजा निकालेका थिए । पहिलो खेलमै ठूलो अन्तरको पराजयले सिंगापुरमा रहेका नेपाली दर्शकलाई समेत निराश तुल्याएको थियो । उनीहरू अन्तर्राष्ट्रियस्तरमा नेपालको प्रदर्शन कहिले सुध्रिने होला भनेर एक-आपसमा प्रश्न गर्दै मलीन अनुहार लगाएर जलान बेसार रंगशालाबाट बाहिरिएका थिए ।

बाँकी दुई खेलमा पनि यस्तै हुने हो कि भन्ने पिरलोले धेरैलाई सताएको थियो । कोरियासँग हारे पनि सिंगापुरलाई हराउनुपर्छ भन्नेहरूको संख्या पनि कम थिएन । आयोजक सिंगापुरविरुद्धको खेलमा पनि तुलनात्मकरूपमा नेपाली समर्थकको उपस्थिति उलेख्य थियो ।

जित्न नसके पनि पछिल्ला दुई खेलको नतिजाले भने नेपाली दर्शकलाई राहत मिलेको थियो । 'जापानसँगको हारले नरमाइलो लाग्यो,' गोर्खा पुलिसमा कार्यरत शुक्रराज लिम्बुले भने, 'ठूलो अन्तरको हार भएर होला त्यस्तो लागेको तर कोरिया तथा सिंगापुरसँगको नतिजाबाट म सन्तुष्ट छु ।' समर्थकहरूले नेपाली टिमबाट ठूलो आशा भने राखेका थिएनन् । खराब प्रदर्शन गरेर नेपाली टिम स्वदेश नफर्किओस् भन्ने सबैको मनमा थियो ।

गोर्खा पुलिसमै कार्यरत ज्ञानोदय लिम्बुले त खेलाडीको खुबै प्रशंसा गरे । 'जापान र कोरियासँग खेल्नु भनेको चानचुने कुरा होइन,' उनले भने, 'हामीले खेलाडी मात्र होइन देशको पनि तुलना गर्नुपर्छ । हामीसँग उनीहरूले पाउने सुविधा छैन । यो स्थितिमा जापान र कोरियासँगको नतिजामा चित्त दुखाउने ठाउँ छैन ।'

## खेलमा व्यस्त चिकित्सा विज्ञानका विद्यार्थी

राजु घिसिङ

धरान- परिक्रमा विद्यार्थी परिवारले अधिराज्यव्यापी अन्तर मेडिकल कलेज खेलकुद सेप्टेम्बर १ देखि ८ तारिखसम्म धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (बीपीकेआईएचएस) मा आयोजना गऱ्यो । परिक्रमाका मधुकर बस्नेत भन्छन्- 'चिकित्सा विज्ञानका विद्यार्थीहरूबीच चिनजान, भ्रातृत्व एवं मित्रताका निम्ति यो खेलकुद प्रतियोगिता आयोजना गरिएको हो ।'


चिकित्सा विज्ञानका विद्यार्थीहरूले दैनिक आठ घन्टा कक्षामै बिताउँछन् । परीक्षाका बेला १८ देखि २४ घन्टासम्म नै पढ्छन् उनीहरू । समान्य समयमा भने ४ देखि ९ घन्टासम्म । 'तर फुर्सद भयो कि खेलमा व्यस्त हुन्छौं,'- बीडीएस चौथो वर्षका विद्यार्थी जाङ्बु शेर्पाले भने । सोलुखुम्बुस्थित जुनबेसीका शेर्पा कलिलै उमेरदेखि अब्बल दर्जाका भलिबल खेलाडीमा गनिन्थे । आईएस्सी पढ्दाताका कलेज क्याप्टेन शेर्पाकै उत्कृष्ट प्रदर्शनले बीपीकेआईएचएसले यस पटकको भलिबल प्रतियोगिता जित्यो ।

यस पटकको प्रतियोगितामा महिला तथा पुरुष बास्केटबल, भलिबल, क्रिकेट र फुटबल खेल समावेश गरिएका थिए । चिकित्सा विज्ञानका खेलाडीहरू बिहानैदेखि राति १० बजेसम्म कृत्रिम प्रकाशमा खेल्न व्यस्त देखिन्थे । प्रतियोगितामा बीपीकेआईएचएस, इन्स्टिच्युट अफ मेडिसिन महाराजगन्ज, नेपालगन्ज मेडिकल कलेज नेपालगन्ज, काठमाडौं युनिभर्सिटी मेडिकल कलेज धुलिखेल, जानकी मेडिकल कलेज जनकपुर, नेसनल मेडिकल कलेज वीरगन्ज, युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवा तथा मणिपाल कलेज अफ मेडिकल साइन्सेज पोखराका तीन सय दस जना विद्यार्थी सहभागी थिए ।

क्रिकेटबाहेक सबै खेलको उपाधि धरानको बीपीकेआईएचएसले जित्यो । क्रिकेटमा फाइनलमा भैरहवासँग पराजित भएकाले बीपीकेआईएचएसले प्रतियोगिताको सबै उपाधि 'क्लिन स्विप' गर्न सकेन । फुटबलमा धरानको वर्चस्व रह्यो । उसले सर्वाधिक गोलकर्ता लोकेन्द्रबहादुर सापकोटा (१२ गोल) को दुई तथा संगम रायमाझीको एक गोलको सहयोगमा फाइनलमा मणिपाललाई सहजै ३-० गोलले पराजित गरेको थियो । सेमिफाइनलमा मणिपालले वीरगन्जलाई ३-२ तथा धरानले भैरहवालाई ८-० गोल अन्तरले पराजित गरेको थियो । धरानकै कुमुद लिम्बुले बेस्ट प्लेयरको पुरस्कार हात पारेका थिए ।

महिला बास्केटबलतर्फ दुई टिमको मात्र सहभागिता थियो । एक पक्षीय खेलमा धरानले धुलिखेललाई ३०-१० स्कोरले पराजित गऱ्यो । धरानका निम्ति खुस्बु अधिकारीले १० स्कोर गरेकी थिइन् भने पराजित टिमका सबै स्कोर मेलिना डंगोलले गरेकी थिइन् । पुरुष बास्केटबलको संघर्षपूर्ण फाइनलमा धरानले धुलिखेलमाथि ४०-३८ स्कोरको जित दर्ता गऱ्यो । मस्ट भ्याल्युएबल प्लेयर पुजन पन्त एक्लैले २१ स्कोरको योगदान गरेपनि धुलिखेलको पराजय टार्न सकेनन् ।

भलिबलको फाइनलमा धरान र भैरहवाबीच प्रतिस्पर्धा भएको थियो । रोमाञ्चक पाँच सेटको फाइनलमा धरान २५-१४, २२-२५, २३-२५, २५-२३ र १५-१२ ले विजयी भएको थियो । फाइनलको म्यान अफ द म्याच धरानका जाङ्बु शेर्पा घोषित



भए भने भैरहवाका हरिश पीकेले बेस्ट प्लेयरको पुरस्कार हात पारे ।

क्रिकेटको उपाधिबाट भने धरान वञ्चित रह्यो । भैरहवाले फाइनलमा आठ विकेटको जित हासिल गर्दै धरानको सबै प्रतियोगिता जित्ने प्रयास असफल तुल्याएको थियो । टस जित्दै ब्याटिङ प्रारम्भ गरेको धरान विपक्षीको धारिलो बलिङसामु मात्र ७३ रनमा समेटिएको थियो । प्रत्युत्तरमा ७४ रनको विजयी लक्ष्य भैरहवाले १२ ओभरमै दुई विकेटको नोक्सानमा पार गरेको थियो । क्रिकेटमा धरानका विष्मय दासले म्यान अफ द सिरिजको पुरस्कार प्राप्त गरे भने सोही टिमका सप्तर्षी घोष बेस्ट बलर तथा भैरहवाका सन्दीप जकहरिया बेस्ट ब्याट्सम्यान घोषित भए ।

## जुनियर पायोनियर च्याम्पियन



राजु घिसिङ

धरान– शुक्रबार सम्पन्न दोस्रो विष्णु मेमोरियल पूर्वाञ्चल च्याम्पियनसिप बास्केटबल प्रतियोगिताको उपाधि जुनियर पायोनियर स्कुलले जितेको छ । फाइनलमा जुनियर पायोनियरले पब्लिक हाईस्कुललाई ४९-२८ स्कोरले पराजित गर्दै उपाधि जितेको हो ।

पहिलो र दोस्रो क्वार्टरमा कडा चुनौती दिए पनि पब्लिक अन्तिम दुई क्वार्टरमा जुनियर पायोनियरको उत्कृष्ट प्रदर्शनीसामु निरीह बनेको थियो । पहिलो क्वार्टरमा ८, दोस्रोमा ५ स्कोर मात्र गरे पनि त्यसपछि उत्कृष्ट प्रदर्शन गरेको जुनियर पायोनियरले तेस्रो र चौथो क्वार्टरमा समान १८/१८ स्कोर गरेको थियो ।

अन्तिम दुई क्वार्टरमा कमजोर खेल प्रदर्शन गरेको पब्लिकले पहिलो क्वार्टरमा ६, दोस्रोमा ५, तेस्रोमा ८ तथा चौथो क्वार्टरमा ९ स्कोर गरेको थियो । पब्लिकका निम्ति अशोक राईले सर्वाधिक १५ स्कोर गरेका थिए ।

प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी र हाईएस्ट स्कोरर घोषित मशाल राईले जुनियर पायोनियरका तर्फबाट सर्वाधिक १५ स्कोर गरेका थिए । प्रतियोगितामा कार्मेल हाई स्कुललाई पारजित गर्दै डिपो मा.वि.ले तेस्रो स्थान हासिल गऱ्यो । धरान बास्केटबल संघद्वारा आयोजित उक्त प्रतियोगितामा लिग कम नकआउटका आधारमा १० विद्यालयले प्रतिस्पर्धा गरेका थिए ।

## सहिदको नाममा फुटबल

शिव शर्मा

पोखरा– एक वर्षको लामो सुस्ततापछि पोखरेलीहरूले पोखरा रंगशालामा दुई हप्ते फुटबल प्रतियोगिताको मज्जा लिने मौका पाए । आहा गोल्डकप सम्पन्न भएपछि यति ठूलो फुटबल प्रतियोगिता रंगशालामा आयोजना हुन सकेको थिएन । त्यही रिक्ततालाई चिर्न मोफसलको फुटबलमा ख्याति कमाएको सहारा क्लब जुर्मुरायो । जनआन्दोलन भाग-२ का सहिद भीमसेन दाहालको स्मृतिमा कास्की जिल्लास्तरीय अन्तरमाध्यमिक विद्यालयस्तरीय सहिद भीमसेन दाहाल स्मृति कप फुटबल प्रतियोगिता आयोजना गरिएको हो ।

भदौ ११ गते प्रारम्भ भएको उक्त प्रतियोगिता गत शनिबार पोखरा रंगशालामा सम्पन्न भएको थियो । कडा प्रतिस्पर्धाबीच सम्पन्न फाइनल खेलमा बालकल्याण स्कुलले प्रतियोगिताको उपाधि चुमेको छ ।

कास्की मोडलाइज्ड एकेडेमीलाई शून्यका विरुद्ध दुई गोलले पछाडि पार्दै बालकल्याण्डले उपाधि चुमेको हो । खेलको ५० औं मिनेटमा सुदीप गुरुङले अर्को गोल थपेपछि बालकल्याणको टिम विजय भएको थियो । आफ्नो टिम विजय भएपछि प्रतिक्रिया दिँदै टिम क्याप्टेन रविन गुरुङले भने– 'टिम र कोचको मेहनतले नै हामीलाई यहाँ पुऱ्याएको हो ।'

प्रतियोगितामा कास्की मोर्डनाइज्डका नवराज गुरुङ सर्वाधिक गोलकर्ता घोषित भए । उनले खेल अवधिभर ११ गोल गरेका थिए । प्रतियोगितामा बालकल्याणका दीपेन्द्र गुरुङ उत्कृष्ट खेलाडी घोषित भए । त्यस्तै उत्कृष्ट मार्च पासको उपाधि चिल्ड्रेन एकेडमीले तथा फेयर प्लेको उपाधि रेन्वो एकेडमीले हात पारेको छ ।

कास्की जिल्लामा यतिका टिम सहभागी भएर फुटबल प्रतियोगिता आयोजना भएको यो पहिलो अवसर हो । प्रतियोगितामा ५२ टिमको सहभागिता थियो । खेल समापनका अवसरमा श्रीलंकामा हालै सम्पन्न सागमा भलिबल प्रतिस्पर्धामा पोखराका तर्फबाट प्रतिनिधित्व गरी कांस्य पदक विजेता तीन खेलाडी सम्मानित भए । सम्मानित हुनेहरूमा अनिल गुरुङ, विसन गौचन तथा विजय गुरुङ छन् । प्रतियोगितामा बढदो सहभागिताबाट हौसिएका सहारा क्लबका अध्यक्ष विक्रम थकालीले यो प्रतियोगितालाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।



# डोपिङबाट फर्किइन् मारियन



गत जून महिनामा मूत्र परीक्षण गर्दा शक्तिवर्धक औषधी सेवन गरेको प्रमाणित भएपछि विश्वकै महानतम महिला धाविका मारियन जोन्स दुई वर्षको प्रतिबन्धमा परेकी थिइन् तर पछिल्लो पटक सोही मूत्र पुनर्परीक्षण गर्दा उनी दोषमुक्त भइन् ।

मारियनको एकै पटक लिइएको मूत्रमा देखिएको फरक-फरक नतिजाले खेलाडीको भविष्यमा खेलबाड गर्ने प्रवृत्तिप्रति प्रश्नचिह्न लगाएको मात्र नभै वैज्ञानिक परीक्षणलाई अझ व्यवस्थित बनाउनुपर्ने नजिर खडा भएको छ ।

शक्तिवर्धक औषधीको सेवन गरेर प्रतियोगितामा सफलता पाउने चलन व्यापक हुन थालेपछि यस्ता कार्यहरूलाई निस्तेज पार्न सन् २००३ मा पहिलो पटक ‘वर्ल्ड एन्टी डोपिङ एजेन्सी’ (वाडा) को स्थापना गरेर सोही संस्थामार्फत् शंकास्पद खेलाडीहरूको परीक्षण थालिएको थियो तर मारियनको एकै पटक लिएको मूत्रको पहिलो परीक्षणमा शक्तिवर्धक औषधी सेवन गरेको प्रमाणित हुनु र सोही मूत्रलाई केही समयपछि पुन: परीक्षण गर्दा शक्तिवर्धक औषधीको मात्रा फेला नपर्नुले वैज्ञानिकहरूको विश्वसनीयतामै शंका उत्पन्न भएको हो ।


उक्त प्रसङ्गले मारियनको मूत्रको नमुनालाई साटफेर गरेका कारण यस्तो किसिमको नतिजा आएको शंका पनि सिर्जना भएको छ । फ्रेन्च एथलेटिक्स फेडेरेसनका चिकित्सक ज्याकुस प्रुभोस्ट भन्छन्- ‘यदि मूत्र परीक्षणको नमुना थोरै मात्रामा संकलन गरियो भने केही सातामै उक्त मूत्रमा रहेको ईपीओ (ब्यान्डेड ब्लड बुस्टर) को मात्रा हराउँदै जान्छ ।’ तर बेलायती एन्टी डोपिङका पूर्व प्रमुख माइकल भेरोकेनका अनुसार लस एन्जलसस्थित ल्याबोरेटोरी विश्वकै उत्कृष्ट परीक्षण केन्द्र हो ।

त्यसैले उनीहरूबाट त्यस्तो किसिमको गल्ती हुने सम्भावना ज्यादै कम छ । फेरि यो विश्वकै उत्कृष्ट धाविकाको खेल जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएका कारण यसमा कुनै किसिमको हेलचेक्र्याइँ हुने सम्भावना हुँदैन, तर वाडाले मारियनको पक्षमा गरेको पछिल्लो फैसलाले उनलाई ठूलो राहत दिएको छ । सन् २००० मा सिड्नीमा आयोजना भएको ओलम्पिक प्रतियोगितामा ५ स्वर्ण पदक जितेकी मारियनसमक्ष अब आफ्नो पुरानो गौरवलाई फर्काउनुपर्ने चुनौती छ । मूत्र परीक्षणको नतिजा नकारात्मक देखिएपछि मारियनले आगामी प्रतियोगिताका लागि प्रशिक्षणको तयारी थालिसकेकी छिन् ।

डोपिङ्ग परीक्षणबाट फर्किएपछि मारियनको नजर आगामी महिना संघाईमा आयोजना हुने ग्रान्ड पिक्स एथलेटिक्समा छ । यदि उक्त प्रतियोगितामा सफलता पाइन् भने मारियनले आफू निर्दोष रहेको कुरालाई प्रमाणित गर्न थप बल प्राप्त गर्नेछिन् ।

# ५ प्रश्न

**अन्जन केसी, राष्ट्रिय फुटबल टिमका रक्षक । ओभरल्यापमा गएर अचुक क्रस गर्ने खुबीका कारण राष्ट्रिय टिमका महत्त्वपूर्ण सदस्यका रूपमा रहेका केसीसँग गरिएको पाँच प्रश्न :**



**खेलजीवन कसरी अघि बढिरहेको छ ?**

आरोह-अवरोहका साथ बितिरहेको छ, तर अझ बढी परिश्रम गर्नुपर्ने अवश्यकता देखेको छु । अहिले क्लबको प्रशिक्षण पनि राम्रो छ । त्यसै कारण मलाई विश्वास छ कि म आफ्नो कमजोरीलाई सुधार गर्दै राष्ट्रिय टिमको महत्त्वपूर्ण सदस्य बन्नेछु ।

**नेपाली फुटबलको भविष्य कस्तो देख्नुभएको छ ?**

पछिल्लो समयमा हामीले राम्रो खेल्दै आएका छौं, तर दुर्भाग्य भन्नुपर्छ, हाम्रो रिजल्ट त्यति राम्रो हुन सकेन । यसले केही निराशा पनि छ । मलाई लाग्छ, हामीले खेलअनुसारको नतिजा प्राप्त गरे यसले सबैमा उत्साह थप्नेछ र हाम्रो भविष्य पनि सुन्दर बन्नेछ ।

**तपाईं होटल म्यानेजमेन्टको विद्यार्थी पनि हुनुहुन्छ । फुटबल र आफूले अध्ययन गरेको विषयमा एक छान्नुपर्‍यो भने के गर्नुहुन्छ ?**

अहिलेसम्म मैले दुवै कुरामा समन्वय गर्दै आएको छु । म फुटबल खेल्ने र पढ्ने दुवै कुरामा ध्यान दिन्छु । फुटबल खेल्ने उमेर पूरा भएपछि पढ्ने उमेर पनि सकिन्छ । त्यसपछि आफ्नो पढाइलाई उपयोग गर्ने सोचाइमा छु ।


**फुटबल खेल्न कसले प्रेरित गर्‍यो ?**


मेरो घर जावलाखेल फुटबल मैदाननजिकै छ । सानैदेखि स्कुलबाट घर जाँदा आफूभन्दा माथिल्लो उमेरकाले त्यहाँ फुटबल खेलेको देख्दा रहर लाग्न थाल्यो । मेरो प्रेरणाको स्रोत भने पनि म खेलाडी हुनुको कारण भने पनि त्यही मैदान र मेरो घरवरपरको वातावरण नै हो ।

**भविष्यका बारेमा के सोच्नुभएको छ ?**

अहिलेसम्म फुटबलकै बारेमा सोचेको छु । त्यसपछि अन्य क्यारियरका कुरा सोच्नेछु । पारिवारिक विषयमा सोध्नुभएको हो भने भर्खर २१ वर्ष मात्र भएका कारण घरजम गर्ने कुरा अहिलेसम्म सोचेको छैन । यो कुनै निश्चित नभएको विषय भनिए पनि मेरो योजना भने अबको पाँच वर्षपछि मात्र त्यतातिर सोच्ने छ ।

# फरक सफलता समान खुसी





**हिमेश बज्राचार्य**

वर्षको अन्तिम तथा चौथो ग्रान्ड स्लाम यूएस ओपनको पनि टुंगो लागेको छ । पुरुष एकल उपाधि फेरि एकपल्ट स्वीस खेलाडी रोजर फेडेररले जितेका छन् भने महिलातर्फ रूसी सुन्दरी मारिया सारापोभाले दोस्रो पटक ग्रान्ड स्लाममा हात पारिन् । जितले दुवै खेलाडीको खुसीले आकाश छोएको छ तर दुवैको सफलतामा भिन्नता छ- धेरै अर्थमा ।

सारापोभा सुन्दरी थिइन् । उनलाई पनि अन्तर्राष्ट्रिय टेनिसमा आफ्नो भाग्य चम्काउन अमेरिका छिरेका अर्की रूसी खेलाडीका रूपमा हेरिएको थियो । अचेल अन्तर्राष्ट्रिय टेनिसमा रूसी खेलाडीहरूको बिगबिगी छ, त्यो पनि नामको पछाडि ‘ओभा’ झुन्डिएकाहरूको । सारापोभा पनि त्यही हूलकी थिइन् । सन् २००४ मा सारापोभाले विम्बल्डन जितेर देखाइन् र माथिल्लो दर्जाको टेनिस खेल्न सक्षम रहेको सिद्ध गरिन् । त्यसयताका दिन भने उनका लागि खासै सुखद रहेनन् । उनको खेलमा एउटा प्रवृति झुन्डियो, औसत खेलाडी, डब्लूटीएका प्रतियोगिताको सेमिफाइनससम्म पुग्ने र ओझेलमा पर्ने । यसपटकको यूएस ओपनमा त्यस्तो प्रवृत्ति सच्याउन आवश्यक थियो ।

नभन्दै बेल्जियमकी जस्टिन हेनिन हार्डेनविरुद्धको फाइनलमा१९ वर्षीया सारापोभाले सुदृढ खेल प्रदर्शन गरिन् । उनको प्रदर्शनमा पर्याप्त परिपक्वता देखियो र जितको अन्तर थियो– ६-४ र ६-४ । ‘दुई वर्षअघि पहिलोपल्ट मैले ग्रान्ड स्लाममा सफलताको स्वाद चाखेकी थिएँ र फेरि दोस्रोपल्ट यसलाई आत्मसात् गरें,’ सारापोभाले भनिन् ।

उनले थपिन्– ‘मभित्र ग्रान्ड स्लाम जित्ने क्षमता बाँकी छ । विम्बल्डन जितेयता मेरो टेनिस समाप्त भएको थिएन, मैले त्यसलाई सिद्ध गरेर देखाएकी छु । ठूलो सफलताका लागि मैले सानै उमेरदेखि आफूलाई अभ्यस्त राखेकी थिएँ ।’ टेनिस जीवनकै लागि रूस छोडेर अमेरिकाको फ्लोरिडामा बरालिएकी सारापोभाको जीवनमा यूएस ओपनले नयाँ आयाम थपेको छ ।

रोजर फेडेररको जित भने धेरै अर्थमा फरक छ । लामो समयदेखि एटीपी वरियताको शीर्ष स्थानमा रहेका फेडेररले अन्तर्राष्ट्रिय टेनिसमा आफ्नो आधिपत्य कायम राख्दै आएका छन् । कुनै समय पुरुष टेनिसमा ब्योन बर्ग, जोन म्याकनरो, जिम्मी कोनर्स, इभान लेन्डल अथवा पिट साम्प्रासको दबदबा थियो । यसै क्रममा अर्को नाम थपिएको छ, रोजर फेडेरर ।

यूएस ओपनको सफलता त्यसकै अर्को कडी मात्र हो, अहिले कुनै खेलाडी राम्रोसँग जमेका छन् भने ती फेडेरर मात्र हुन् । फाइनलमा उनले अमेरिकी खेलाडी लेयटन हेविटलाई ६-२, ४-६, ७-५ तथा ६-१ ले हराए । यूएस ओपन लगातार तेस्रो वर्ष जितेर उनले ह्याट्रिक गरेका छन् । विम्बल्डनमा पनि उनले ह्याट्रिक गरिसकेका छन् । उनले यो वर्षका चारवटै ग्रान्ड स्लामको फाइनल यात्रा गरेका छन् । तर फ्रेन्च ओपनमा मात्रै उनी हारे । सफलताको प्रवृति फरक रहे पनि फेडेररको खुसी सारापोभाको भन्दा कम छैन । ‘फाइनल मात्र किन ? पूरा प्रतियोगितालाई नै फर्केर हेर्ने हो भने पछिल्ला दुई सातामा मैले उत्कृष्ट टेनिस खेलें । मैले यो जितका लागि मेहनत गरेको छु त्यसैले सफलताको स्वाद मीठो छ,’ उनले भने ।



# कान्तिपुर गाथा

किशोर नेपाल

कान्तिपुरमा खुसीले शिखर छोएको छ अहिले । साउन बिर्साउने गरी परेको भदौरे झरी भर्खर सकिएको छ । सहर सफा र सिनित्त देखिएको छ । दर्जनौं बेरोजगार बाढीले बगाएका बस्ती र ती बस्तीबाट बगेका पीडितहरूको नाममा चन्दा उठाउन थालेका छन् । चन्दा सबैले उठाउँछन् । यता पहुँच पुगेका सात दलका नेताहरू पनि दसैंको नाममा चन्दा उठाउँदै छन् । उता भर्खर भित्रिएका माओवादीहरू पनि जनसेनाको नाममा चन्दा उठाउँदै छन । चन्दा उठाउने दौडमा माओवादीहरूले ठमेल बजारमा टहलिरहेका एक जना पत्रकारसँग पनि चन्दा मागेछन् । धर्मसंकटमा परेका पत्रकार भन्दै थिए– चन्दा नदिऊ मार्लान् भन्ने डर, दिऊ आफ्नो खल्ती टकटकिने डर । टकटकिएको खल्ती त फेरि पनि भरिन सक्छ तर ज्यान गएपछि त गैहाल्यो । फेरि फर्किएर आउला भन्ने कुरा भएन । डरैडरको संसारबाट उम्किएर आएका पत्रकार भन्दै थिए– ओहो ! यो त अति नै भयो । माओवादी पनि कस्ता । चोरले पनि दस घरमा एक घर छाडेर चोर्छ । लाखौं कमाउने लयर र करोडौंमा खेल्ने इन्जिनियर छोड्ने । कोही नभेटेर पत्रकारसँग चन्दा माग्ने हो त ?

हो त, अति नै भएको छ । यी माओवादीहरू पनि कति हेपाहा भएका । अर्थमन्त्री डा. रामशरण महतले अवैधानिक आर्थिक गतिविधि गर्नेलाई कारबाही गर्ने धम्की दिँदादिँदै सडक विभागले सडक सुधार दस्तुर उठाउन धादिङको नौबीसे र चितवनको मुग्लिन बजारमा राखेको ढाट बन्दै गर्नुपर्ने अवस्था सिर्जना गरिदिएका छन । यी ढाटहरूको पुनर्सञ्चालनका लागि अर्थ मन्त्री बडो चिन्तित हुनुभएको छ । हेप्नु त हेप्नु, यति धेरै पनि हेप्नु ! आखिर यो कुनै गैरसरकारी संस्था त होइन नि ! सार्वभौमसत्तासम्पन्न नेपाली जनताको नेपाल सरकार पो हो त यो ! आज मुग्लिनमा कर उठाउन रोकेको छ, भोलि परासीमा मालपोत उठाउन ठप्प गरिदिएको छ । ढुकुटीमा पैसा छैन । जन-आन्दोलनका पीडितहरू त आफ्नो हक र अधिकारको माग गर्न आए-आए, धन-आन्दोलनका नायकहरू पनि क्षतिपूर्तिको माग गर्दै आउन थालेपछि सरकारले के गर्ने ? बसले मान्छे किच्छ, भीडले बस जलाउँछ, सरकार क्षतिपूर्ति दिन तम्सिन्छ । गुन्डाले चालक मार्छ, चालकले हड्ताल गर्छन्, क्षतिपूर्ति सरकारले दिनुपर्छ । सबै छुल्याहा, फटाहा, चोर र डाकाले गरेका अपराधबापत क्षतिपूर्ति भुक्तान गर्दै जाने यो सरकार जनताको कसरी भयो ? सरकारका सदस्यहरू सोच्दैछन्, गरिब जागिरदार कर्मचारीलाई दसैं पेस्की कसरी ख्वाउने हो, पत्तो छैन । क्षतिपूर्ति तिरेको तिर्‍यै छ । डिफल्टरहरूसँग पैसा असुल्न थाले अदालतले रोक्ने, व्यापारीसँग कर मागौं साथीभाइले छेक्ने । यसरी पनि कसरी चल्छ नेपाल सरकार ?

तर नेपाल सरकार चलेको छ । चलेको मात्रै छैन, दौडेको छ । अहिले भर्खर जगिङ गरेर आयो । अब बाबा रामदेवको आह्वानमा लौकाको जुस पिउँदैछ ।

# फुर्सदको कुराकानी



*भगवान् भण्डारी, युवापुस्ताका लोकप्रिय लोकदोहोरी गायक । जन्म २०३३ साल, रत्नपुर, स्याङ्जा । खैरेनीमा गेट, फूलमा भमरा, वनमा काँढा छ, कोठी गालैमा, त्यो मन कस्तो छ, राइफल भिरेर, बिग्रियो चाल पनि, गयौ धोका दिएर आदि चर्चित लोकदोहोरी गीतका गायक भण्डारीको स्वर गाउँदेखि सहर सबैतिरका श्रोतामाझ कर्णप्रिय छ । ठूलो संघर्षपछि आज उनले लोकदोहोरी गायनको क्षेत्रमा आफ्नो अलग प्रभाव छाड्न सफलता प्राप्त गरेका छन् । सरल एवं सरस शब्दको प्रयोग गर्ने गायक भण्डारी गीत मात्र गाउँदैनन्, आफैं गीतको लय र शब्द संकलनसमेत गर्छन् ।*

**तपाईंलाई चिनाउने र बढी आम्दानी गराउने गीत कुन हो ?**

खैरनीमा गेटले मलाई लोकदोहोरीको फाँटमा भगवान् भण्डारी भनेर चिनाउने काम गर्‍यो । त्यस्तै वनमा काँडा छ एल्बम १ लाख ९० हजारको हाराहारीमा बिक्री भयो ।

**सुरुमा त एल्बमहरू नचलेर तपाईं विदेश जानुभयो नि ?**

मैले सुरुमा निकालेको तीनवटा एल्बम चलेनन् । आर्थिक समस्या भएर पैसा कमाउन भनेर दुबई गएको थिएँ ।

**विदेश गएको मान्छे तीन महिना नपुग्दै फर्कनुभयो ?**

विदेश जाने बेलामा मैले मेरो चौथो एल्बम 'खैरेनीमा गेट' बजारमा पठाएर गएको थिएँ । जुन गीतले छोटो समयमै चर्चा पायो । त्यसपछि देशमै केही गर्नुपर्छ भनेर म स्वदेश फर्किएँ ।

**त्यो एल्बमले यति चर्चा पाउने कुरामा आशावादी हुनुहुन्थ्यो ?**

आफूले लगाएको बाली सप्रिएला भन्ने आशा त जसलाई पनि हुन्छ । यसभन्दा अघिका एल्बमहरूले मलाई निराश बनाए पनि यसबाट केही अपेक्षा राखेको थिए । तर मैले सोचेभन्दा पनि बढी सफलता पाएँ ।

**अब विदेश जानुहुन्छ ?**

(हाँस्दै) जान्नँ, 'खैरेनीमा गेट' एल्बमले विदेश जाने बाटो बन्द गरिदियो । संघर्षबाट भाग्नु हुँदैन, सफलता एक दिन अवश्य मिल्छ भन्ने पाठ मैले सिकेको छु ।

**तपाईंको वनमा काँडा छ एल्बमले धेरै आम्दानी गरायो भन्छन् नि, कति कमाउनुभयो ?**

आर्थिक हिसाबले बढी कमाएको एल्बम यही हो । यसबाट मैले १५ लाख कमाएँ ।

**मनग्गे कमाइ भएको छ दोहोरीबाट ?**

खान-लाउन राम्रै छ । कमाउनलाई श्रोताको माया कमाइयो, हामी कलाकारहरूका लागि यो नै ठूलो कुरा हो ।

**राजधानीमा घर बनाउने हैसियतमा पुग्नुभएको छ ?**

घर बनाउने हैसियत छ, तर त्योभन्दा पनि म आफ्नो कलाको घर निर्माणमा लागेको छु ।

**स्टेजमा उभिएर गीत गाएको कति लिनुहुन्छ ?**

नेपालको हकमा १० हजार, विदेशमा ५० हजारदेखि १ लाखसम्म ।

**समग्रमा भगवान् भण्डारी को हो ?**

आफ्नो मूल्याङ्कन आफैंले गर्न त गाह्रो छ । म एक सामान्य लोकगायक हुँ ।

**अहिले धेरै लोकगीत कोठे गीत भएका छन् नि ?**

गाउँले परिवेश खोज्न गाउँमै जानुपर्छ भन्ने मान्यतामा म छैन । सिर्जना भन्ने कुरा आत्माबाट प्रस्फुटित हुने कुरा हो । गाउँघर नडुल्दैमा सबै गीत कोठे गीत हुन्छन् भन्न मिल्दैन । कलाकारहरूको भावनामा पनि त्यो परिवेश हुनसक्छ ।

**लोकगीत गाउँमा मात्रै सुनिने गीत हो भनिन्छ नि ?**

पहिले त्यस्तो थियो होला, तर अहिले लोकगीत सर्वव्यापी भएको छ । अहिले सहरमा पनि लोकगीत नै बढी चलेको छ । लोकगीत लोकले सुन्ने गीत हो । त्यसैले यो एक क्षेत्रमा मात्र सीमित छैन ।

**तपाईं त चलचित्रमा हिरो बन्ने हल्ला थियो नि ?**

नारायण पुरीले भन्नुभएको थियो, तर ममा आत्मविश्वास नभएर आँट्न सकिनँ ।

**हेन्डसम हुनुहुन्छ, युवतीहरू पछि लाग्छन् होला हैन ?**


गीत मन पराएर गीतको पछि लागे होलान्, मान्छेको पछिचाहिँ कोही लाग्दैनन् र लागेका पनि छैनन् ।

**तपाईंको परिवारमा गाउने तपाईं मात्र हो ?**

हैन, श्रीमती पनि अलि-अलि गाउँछिन् । भाइ खेम भण्डारी त गायककै रूपमा चिनिएका छन् ।

–शिव शर्मा

# झरीमा झलक दिखलाजा



**साप्ताहिक समाचार**

काठमाडौं– डिजे प्रवेश हिन्दी रिमिक्स 'झलक दिखलाजा..' बजाउँदै थिए । साँझको सात जतिबजेको थियो । अनायासै सिमसिमे पानी पर्न थाल्यो । गीत बजिरहेकै थियो । डिजे रुममा रहेका साउन्ड सिस्टममा पानी नपर्ने उपाय लगाइयो । नाच्नेहरू भने पानी परे पनि रोकिएका थिएनन् । अतिथिका रूपमा निम्त्याइएका गायक बाबु बोगटी भने ओत लाग्दै भन्दै थिए– 'म त झरीमा नाच्दिनँ ।' बाबु बोगटी ननाचे पनि महेन्द्र पुलिस क्लबका अन्य सदस्यहरू भने भिजेरै भए नाचिरहे ।

हरेक वर्ष महेन्द्र पुलिस हेल्थ क्लबका सदस्यहरूलाई दसैंअगावै मनोरञ्जन प्रदान गर्न उक्त क्लबका सञ्चालक सुवास अधिकारीले पौडी पोखरीछेउ डान्स पार्टी 'गेटटुगेदर'को आयोजना गर्ने गरेका छन् । त्यसैलाई निरन्तरता दिँदै शुक्रबार साँझ आयोजित पार्टीमा भने क्लबका तीन सयजति सदस्यका अतिरिक्त दुई सयजति आमन्त्रित सहभागी थिए । पिउने, पिलाउने क्रमसँगै राति एक बजेसम्म चलेको पार्टीमा हिन्दी तथा नेपाली रिमिक्सहरू धेरै पटक बजाइयो । गायक ओमविक्रम विष्ट, यशकुमार आदि पनि पार्टीमा सहभागी थिए ।

# सुपर मोडल हन्टको छनौट पूरा

**रोजिन शाक्य**



लक्स सुपर मोडल हन्टको प्रारम्भिक छनौट प्रक्रिया पूरा भएको छ । १८ देखि २४ वर्ष उमेर समूहका युवतीहरूबीचको उक्त प्रतिस्पर्धाका लागि गत भदौ १० गते विराटनगर र भदौ १७ गते पोखरामा प्रारम्भिक छनौट कार्य सम्पन्न गरी दुवै स्थानबाट ५-५ जना युवती छानिएका थिए ।

यसै क्रममा आवेदन दिएका ८४ जना युवतीमध्येबाट गत साता र्‍याडिसन होटलमा सुन्दरता, शारीरिक बनावट, आत्मविश्वास, व्यक्तित्व, उचाइँ तथा बौद्धिकताका आधारमा राजधानीबाट १० जना युवती छनौट भएका छन् ।

सोनु पौडेल, दीपा शाक्य, आइसा गिरी, रोशनी श्रेष्ठ, अर्चना तामाङ, स्वर्णिमा राजभण्डारी, क्याल्साङ लामा, कल्पना शाही, एलिना थापा तथा कृतिका थापाले राजधानीबाट प्रतिनिधित्व गर्दै सुपर मोडल हन्टमा प्रवेश पाएका छन् । विराटनगर, पोखरा तथा राजधानीबाट छनौट गरिएका सहभागीहरूलाई सौन्दर्य, व्यक्तित्व विकास एवं बौद्धिकतासम्बन्धी पाँच दिने बन्द प्रशिक्षणपछि असौज ६ गते सोल्टी क्राउन प्लाजामा सम्पन्न हुने अन्तिम प्रतिस्पर्धामा उतारिने छ ।

लक्स सुपर मोडल हन्टको उपाधि सहित विजेताले नगद ५० हजार रुपैयाँ, फस्ट रनरअपले २५ हजार तथा सेकेन्ड रनरअपले १५ हजार रुपैयाँ पुरस्कार स्वरूप प्राप्त गर्नेछन् ।








**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**